## परिच्छेद-१

### १.१ विषय परिचयः

सामान्य जनजीवनको भाषा, धर्म, रीतिरिवाज, संस्कार,चाडपर्व, भेषभूषा आस्था, विश्वास, जीवनशैली आदि नै संस्कृति हो । नेपाल भौगोलिक एवम् जातीय विविधताले सम्पन्न मुलुक हो । जातीय विविधतामा भाषिक, धार्मिक एवम् सांस्कृतिक विविधता यसको परिचय हो । नेपालमा विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिहरूमा स्वभाविक रूपमा आ-आफ्नै मौलिक लोकसंस्कृतिको प्रचलन भएको देखिन्छ । नेपालका विभिन्न जातजातिमध्ये सोलखुम्बु क्षेत्र मूल थलो भई नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्दै आएका शेर्पा जातिलाई खासगरी हिमाली, सोझा, इमान्दार, र लगनशील एवम् सहासी जातिको रूपमा चिनिन्छ । शेर्पाहरूको आफ्नै भाषा, धर्म, लिपि, सांस्कृतिक परम्परा तथा विश्वास रहेको छ तापनि नेपालको विभिन्न क्षेत्रमा छरिएर रहेका शेर्पाहरूको भाषा, लवज, तथा चालचलनमा केही फरकपन देखिन्छ । दोलखा जिल्लाको गौरीशङ्कर हिमालको काखमा मनोरम, धार्मिक एवम् पर्यटकीय टाकुरा हनुमन्तेको फेदीमा रहेको जुँगु र काब्रे क्षेत्रमा रहेका शेर्पा जातिहरूको ऐतिहासिक पृष्ठभूमि लगायत आफ्नै मौलिक, सांस्कृतिक परम्परा, चालचलन, रीतिरिवाज, चाडपर्व, उत्सव, भेषभूषा तथा विश्वास रहेको छ । यस क्षेत्रमा शेर्पाहरूको घनत्व अत्यन्त न्युन अर्थात २० घर मात्र रहेको छ भने जन्म, मृत्यु, विवाह, धार्मिक कार्य, भाषा, कला, नैतिकता, जीवनशैली सम्बन्धी आफ्नै मौलिक परम्परा रहेको छ । लोकसंस्कृतिको परिभाषा दिने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्नै मत अघि सारेका छन् ।

प्रसिद्ध रुसी साहित्यकार म्याक्सिम गोर्कीले भनेका छन्- “संस्कृति मानिसको दोस्रो प्रकृति हो अर्थात् समाजद्वारा निर्मित स्वभाव हो” (श्रेष्ठ, २०६० :ख) । बेलायतका प्रसिद्ध विद्वान् इ.वि. टायलरले भनेका छन्- “मानवको सम्पूर्ण उपलब्धि नै संस्कृति हो किनभने संस्कृति भन्नु नै मानवले समाजको सदस्यको रूपमा उपार्जित ज्ञान, आस्था र विश्वास, कला, नीति र नैतिकता, चालचलन र अन्य सम्पूर्ण ग्राह्य बानी बेहोराहरू हुन्” (श्रेष्ठ, २०६०: ख) ।

विजय चालिसेले डोटेली लोकसंकृति र साहित्यमा भनेका छन्- “हामी सहजै भन्न सक्छौ संस्कृतिको कुनै एकपक्ष मात्र नभएर मानिसको समाज, व्यक्ति र राष्ट्रसँगका सम्पूर्ण कियाकलाप, उसको सामाजिक वनावट, जीवनपद्धति आदि सम्पूर्ण कुराहरू लोकसंस्कृतिका आधारहरू हुन् र लोकसंस्कृति कुनै एक निश्चित समयको देन र सिर्जना नभएर युगको देन हो । (चालिसे, २०३९:१४) ।

यसरी लोकसंस्कृतिले सामान्य जनमानसको परम्परा, मूल्य, मान्यता, एवम् बौद्धिक, मानसिक र आत्मिक उन्नतिसँग सम्बन्धित जीवनशैलीलाई प्रष्ट पार्दछ ।

### १.२ समस्याकथन :

नेपाली लोकसंस्कृति अन्तर्गत दोलखा जिल्लाको जुँगु र काब्रे क्षेत्रका शेर्पाहरूको जातीय परम्परा, रीतिरिवाज, चालचलन, चाडपर्व तथा भेषभूषा तथा संस्कार गीतको अध्ययन गर्दा निम्नलिखित समस्यालाई केन्द्रबिन्दु बनाइएको छ ।

(क) जुँगु र काब्रे क्षेत्रका शेर्पा जातिको मौलिक संस्कार, चालचलन, रीतिरिवाज, चाडपर्व उत्सव तथा संस्कार गीत आदि के कस्ता छन् ?
(ख) उक्त क्षेत्रका शेर्पाहरूमा प्रचलित संस्कृति र संस्कार गीतको स्वरूप कस्तो छ ?
(ग) दोलखाको जुँगु तथा काब्रे र अन्य क्षेत्रका शेर्पाहरूमा प्रचलित संस्कृति र संस्कार गीतमा के-कस्ता समानता र असमानता छन् ?

## १.३ शोधको उद्देश्य :

उपर्युक्त समस्या कथनमा मुख्य उद्देश्य निम्न प्रकारको रहेको छ।

(क) दोलखाको जुँगु र काब्रे क्षेत्रका शेर्पाहरूमा प्रचलित परम्परा, संस्कृति, चालचलन, रीतिरिवाज, चाडपर्व, जीवनशैली आदिको अध्ययन, विश्लेषण गरी चिनारी गराउनु।
(ख) उक्त क्षेत्रका शेर्पाहरूमा प्रचलित संस्कारको व्याख्या र विश्लेषण गर्नु।
(ग) दोलखाको जुँगु र काब्रे र अन्य क्षेत्रका शेर्पाहरूमा प्रचलित संस्कृतिमा पइने समानता र असमानताको विश्लेषण गर्नु।

## १.४ पूर्वकार्यको समीक्षाः

शेर्पा लोकसंस्कृतिको सम्बन्धमा विभिन्न विद्वान्हरूले थुप्रै अध्ययन, अनुसन्धान तथा विश्लेषण गरेका छन् । डोरबहादुर विष्टले "सबैजातका फूलबारी"(२०३०:११०)मा 'नेपालको उत्तरी भागमा एक छेउदेखि अर्को छेउसम्म फैलिएको हिमचुलीहरूको काख-कन्दरामा स-साना बस्ती बसाएर युगौँदेखि बसिआएका हामी हिमाली जातका मानिसहरूको आफ्नै विशेषता छ । भिन्ना भिन्नै खोला र उपत्यकामा बसेका र आवतजावतका कठिनाइले गर्दा सम्बन्ध टाढा भई भाषा र चालचलनमा सानोतिनो भिन्नता भए तापनि हामी सबैको आर्थिक र साँस्कृतिक पृष्ठभूमि एउटै र भाषाको मूल पनि एउटै तिब्बती भाषा हो । धर्म हाम्रो महायान बुद्ध धर्मको लामा धर्म हो ।' भनेका छन् । त्यस्तै 'हिमाली जातिमध्ये सोलुखुम्बुमा बस्नेहरूलाई शेर्पा भन्ने चलन छ' (:११४) भनेका छन् । तर शेर्पा जातिका बारेमा अरु कुनै कुरा उल्लेख भएको देखिँदैन ।

शेर्पा संस्कृतिको सम्बन्धमा पूर्वी नेपालको शेर्पा समुदायको अन्वेषण तथा विश्लेषण गर्ने बौद्ध धर्मगुरु टाक्थोवा शेर्पा गेशेस सङ्ग्र्यस तेन्जिन भन्छन्- 'शेर्पाहरू महायान कुल गोत्रका व्यक्ति अर्थात् आफूभन्दा अरुलाई ठूलो मान्ने बुद्धको अनुयायी भएका हुनाले अभिमुक्ति र दस कुशल मूल लगायत बोधिसत्त्वका शिक्षा अनुकूल हुने खालका आचरण अपनाउँछन् ।' ( मोलाः२०५०: ११) त्यस्तै नेपाल पत्रकार महासङ्घ दोलखाले 'खोतल खातल' (२०५७) नामक पुस्तकमा दोलखाको भौतिक, राजनैतिक, आर्थिक, साँस्कृतिक आदि पक्षको चर्चा गरेको देखिन्छ । दावा शेर्पा(सलका)ले 'शेर्पाभाषा एक अध्ययन'(२०५८)मा शेर्पा भाषा र संस्कृतिको बारेमा व्या( ख्या गरेको देखिन्छ ।

तेजप्रकास श्रेष्ठले 'नेपाली लोकसंस्कृति केही सम्पदा केही परम्परा'(२०६०:क)मा 'लोकसंस्कृति जीवनशैली हो, परम्परागत विश्वास र आस्था हो, जातीय संस्कार हो र मानवीय

दैनन्दिनी व्यवहार हो' भनेका छन् भने 'सोलुखुम्बुको गुम्बाहरू र दुम्जीपूजा'(:१६), 'शेर्पाजातिका केही चालचलन'(:९३), 'शेर्पाबिहे शेर्पालीशैली'(:९७),को समेत व्याख्या गरेको देखिन्छ । फुरी शेर्पा(पिनासा)ले 'शेर्पा रीतिथिति र भाषा शिक्षा'(२०६२)मा शेर्पा भाषा तथा व्याकरण, चालचलन, रीतिस्थिति, संस्कार आदिको वर्णन गरेका छन् ।

यसरी विभिन्न समयमा विभिन्न विद्वान् तथा लेखक, सङ्घसंस्था आदिले शेर्पाहरूको बारेमा अध्ययन एवम् विश्लेषण गरी आ-आफ्ना विचार राख्नुका साथै शेर्पा लोकसंस्कृतिको बारेमा चर्चा गरेको देखिन्छ तापनि दोलखाको जुँगु र काब्रे क्षेत्रका शेर्पाहरूको बारेमा कुनै चासो लिइएको देखिँदैन । तसर्थ यो मेरो 'दोलखा जिल्लाको जुँगु र काब्रे क्षेत्रमा प्रचलित शेर्पा लोकसंस्कृति र संस्कार गीतको अध्ययन ' नामक पहिलो शोध हुनेछ ।

## १.५ शाधकार्यको औचित्यः

दोलखा जिल्लाको जुँगु र काब्रे क्षेत्रका शेर्पाहरूको जातीय संस्कार, चालचलन, रीतिरिवाज, चाडपर्व, भाषा, धर्म, विश्वास आदि सम्बन्धी गतिविधिका बारेमा जानकारी राख्न खोज्नेलाई यो कार्यले लाभ पुऱ्याउने छ । यसबाट नेपाली लोकसंस्कृतिको क्षेत्रमा अध्ययन गर्न सघाउ पुग्नेछ, साथै दोलखा जिल्लाको जुँगु र काब्रे क्षेत्रको शेर्पा संस्कृतिको संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याउनु नै यसको महत्त्व र औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कनः

नेपाली शेर्पा जातिहरूको लोकसंस्कृतिको क्षेत्र व्यापक भए तापनि यस शोधपत्रमा दोलखा जिल्ला अन्तर्गत रहेको जुँगु र काब्रे क्षेत्रमा प्रचलित शेर्पा संस्कृति र संस्कार गीतको मात्र अध्ययन तथा विश्लेषण गरिएको छ । यही नै यो शोधकार्यको सीमाङ्कन रहेको छ ।

## १.७ सामग्री सङ्कलन :

प्रस्तुत शोध अध्ययनका लागि सामग्री सङ्कलन गर्दा क्षेत्रीय, स्थलगत अध्ययनका साथै पुस्तकालयलाई आधार बनाइएको छ । सामग्री सङ्कलनमा सहजता ल्याउनका लागि सम्बन्धित क्षेत्रमा गई त्यस ठाउँका स्थानीय बासिन्दाहरूको प्रत्यक्ष सहभागिताका आधारमा अवलोकन, भेटवार्ता आदिद्वारा शेर्पाहरूको मौलिक परम्परा एवम् संस्कारको अध्ययन गर्ने काम गरिएको छ । शेर्पा लोकसंस्कृति सम्बन्धी विशेषज्ञ तथा विद्वान्का भनाइलाई समेत उद्धृत गरिएको छ ।

## १.८ शोध विधिः

प्रस्तुत शोधकार्यमा विश्लेषणात्मक र तुलनात्मक विधि अपनाइने छ ।

## १.९ शोधकार्यको रूपरेखाः

प्रस्तुत शोधकार्यलाई व्यवस्थित एवम् स-ुसङ्गठित बनाउन निम्नानुसार परिच्छेदमा विभाजन गरिएको छ ।

१. पहिलो परिच्छेदः शोध परिचय ।

२. दोस्रो परिच्छेद :लोकसंस्कृतिको सैद्धान्तिक अध्ययन ।

३. तेस्रो परिच्छेद : दोलखाको जुँगु र काब्रे क्षेत्रमा प्रचलित शेर्पा संस्कृति र संस्कार गीतको अध्ययन र विश्लेषण ।

४. चौथो परिच्छेदः दोलखाका अन्य ठाउँमा बसोबास गर्ने शेर्पा संस्कृतिको तुलनात्मक अध्ययन ।

५. पाचौँ परिच्छेद : उपसंहार ।

सन्दर्भ सामग्री ।

# परिच्छेद- २

## लोकसंस्कृतिको सैद्धान्तिक अध्ययनः

## २.१ परिचयः

लोकसंस्कृति “लोक र संस्कृति”को समासबाट बनेको शब्द हो । यसको अर्थ हो लोकको संस्कृति । संस्कृत वाङ्मयमा लोक शब्दको प्रयोग खास गरी दुई अर्थमा भएको पाइन्छ, (१) स्थानका रूपमा (२) सामान्य जनताका रूपमा । स्थानवाची शब्दका रूपमा स्वर्गलोक, मर्त्यलोक जस्ता शब्द प्रचलित छन् । जन शब्दको अर्थ पनि सामान्य जनता हो । जनसाहित्य, जनपक्षीय, जनवादी आदि शब्दहरुमा जन शब्दको प्रयोग भएको पाइन्छ । जहाँ जनको अर्थ संस्कृत भाषामा सर्वसाधारण जनता र औधोगिक समाजमा श्रमिक वर्गका रूपमा प्रयोग हुने गर्दछ । यसकारण जन भन्दा लोक शब्द नै लोकसंस्कृतिका लागि उपयुक्त छ र लोक शब्द कै प्रयोग बढी मात्रामा भएको पाइन्छ ।

अङ्ग्रेजी भाषामा (फोक) को  सामान्य अर्थ ग्रामीण, असंस्कृत र अशिक्षित जाति हो भने (फोकलोर) को अर्थ ग्रामीण समाजको ज्ञान अर्थात् असंस्कृत जातिहरूको ज्ञान हो । त्यसैले अंग्रेजी भाषाको (फोक) को समानार्थी शब्दको रूपमा  लोक शब्दको प्रयोग गरिएको पाइन्छ । यसैकारण लोकलाई कतिले अशिक्षित, अपठित तथा असभ्य जनसमुदाय पनि भनेका छन् । तर संस्कृतबाट आएको लोक शब्दले सामान्य जनसमुदायलाई नै सङ्केत गरेको छ । लोक शब्दले गाउँ वा शहर केही नछुट्टाई दुवैलाई समेटेको छ । यसले कुनै भू-भागमा अघिदेखि बसोबास गर्दै आएका सबै प्रकारका जनसमुदायलाई समेटेको छ । अंग्रेजी भाषाको (फोकलोर) अन्तरगत लोकव्यवहार, लोकरीति, लोकधर्म, लोककला, लोकसाहित्य, लोकगीत, लोककथा, लोकनाटक, लोककाव्य, उखानटुक्का, पहेली आदि पर्दछन् । यसकारण फोकलोरलाई लोकसाहित्य, लोकवार्ता नभनेर लोकसंस्कृति भन्नुपर्छ भन्ने केही विद्वान्हरूको प्रबल आग्रह छ । भारतीय विद्वान् कृष्णदेव उपाध्यायले फोकलोरका लागि लोकसंस्कृतिको प्रयोग गर्नुपर्छ भनी जोडदार वकालत गरेका छन् । नेपाली विद्वान्हरू सत्यमोहन जोसी, धर्मराज थापा, कालीभक्त पन्त आदि विद्वान्हरूले पनि फोकलोरको समानार्थी शब्दका रूपमा लोकसंस्कृति शब्द नै मन पराएको पाइन्छ ।

## २.२ संस्कृतिको परिभाषाः

मानवले आफ्नो जीवनयापन गर्नका लागि निर्माण गरेको भौतिक वस्तु तथा अभौतिक मूल्य मान्यताहरूको समग्रता नै संस्कृति हो । यसैलाई लोकले आफ्नो पुरानो पुस्ताबाट प्राप्त गरेको र नयाँ पुस्तालाई हस्तान्तरण गरिरहेको हुन्छ । यसको वर्तमानमा विशेष भूमिका रहन्छ र आफ्नो पहिचान यिनै माध्यमबाट दिन्छ, यिनै माध्यमबाट ऊ चिनिन्छ र अरुलाई चिनाउँछ । सामान्य अर्थमा धर्म रीतिरिवाज, संस्कार, चाडपर्व आदिलाई नै संस्कृति भनिन्छ भने बृहत अर्थात प्राकृतिक वस्तुदेखि बाहेकका ती सम्पूर्ण वस्तुहरू संस्कृति नै हुन् जसलाई मानवले मानव भएको कारणले निर्माण र विकास गरेका हुन्छन् । संस्कृतिलाई सामान्यतया निम्न दुई भागमा विभाजित गरिन्छ ।

क) भौतिक संस्कृति :- भौतिक वस्तु जस्तै-साधन, घर, हतियार, मन्दिर आदि ।
ख) अभौतिक संस्कृतिः- अभौतिक वस्तु जस्तै- चाडर्पव, संस्कार, विश्वास, आस्था,मूल्य मान्यता आदि ।

संस्कृति मानवको जीवनशैली हो, परम्परागत विश्वास र आस्था हो । यो जातीय संस्कार र दैनन्दिनी व्यवहार हो । यसरी लोकसंस्कृतिले मानव समाजको व्यापक बौद्धिक एवम् मानसिक क्षमतालाई उद्घाटन गरिरहेको हुन्छ । संस्कृति एवं लोकसंस्कृतिका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले परिभाषा दिएको पाइन्छ । जसमध्ये केही प्रमुख विद्वान्हरूले दिएको परिभाषा यसप्रकार छ ।

कर्णाली लोकसंस्कृतिका लेखक प्रदीप रिमाल भन्छन्-"लोक गीत लोकसंस्कृतिको महत्त्वपूर्ण अङ्ग हो । लोक गीतका भाका र भावले जातीय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गाँठो कस्ने काममा ठूलो मद्दत पुऱ्याउन सक्छन् । प्राचीन अनार्यहरूले पुस्तौं-पुस्तासम्म सामवेद मुखाग्र पार्दै आए जस्तै लोकसंस्कार गीत पनि पुस्तौं-पुस्तादेखि जनजिब्रोमा झुन्डिँदै आएको हुन्छ"( रिमाल, २०२८ : १) ।

त्यसै गरी 'नेपाली लोक-संस्कृति सङ्गोष्ठी(२०३२)का लेखक तुलसी दिवस भन्छन्- "कुनै देश तथा जातिको राष्ट्रिय जीवनमा लोकसाहित्य तथा संस्कृतिको स्थान अत्याधिक महत्त्वपूर्ण हुन्छ । लोकसंस्कृति केबल मृत-विगत अभिमुख संस्कृति होइन, त्यो आजपर्यन्त समाजमा प्रचलित जीवित सामाजिक संस्कृतिको आन्तरिक जीवनधारा पनि हो"(२०३२ :ख) ।

त्यसै गरी कुलचन्द्र कोइराला 'नेपाली सांस्कृतिक जात्रापर्व(२०५२)मा भन्छन्,- "धार्मिक भावना, धार्मिक आचरण र धार्मिक संस्कारबाट नै संस्कृतिको मौलिक धरातल खडा हुन्छ र त्यसमा संस्कृतिको परिगणना गर्दा पनि हिन्दु संस्कृति, मुस्लिम संस्कृति, ईसाइ संस्कृति जस्तै अन्य लोकधर्म मान्ने जातिहरूको पनि धार्मिक मान्यताको आधारमा संस्कृतिको गणना गर्न सकिन्छ" ( २०५२ : ज) ।

सोही पुस्तकमा कुलचन्द्र कोइराला भन्छन्- "संस्कृति भनेको मान्छेले पालना गर्नुपर्ने नियम, सदाचार पालना गर्दा विकसित भएको समाज जसमा समानता, एकता, भातृता आदि गुणको विकास हुन्छ र काँधमा काँध मिलाएर समाज अघि बढ्छ । यसरी विकसित भएको संस्कृति नै उच्च र स्थायी संस्कृति हो जसलाई धर्म भनिएका नियमले टेवा दिएर अगाडि बढाउँछ" ( २०५२ : ट) ।

त्यसै गरी विश्वनाथ भट्टराईले 'लोकसाहित्य टिपन टापन'(२०६४)मा लोकसंस्कृतिको परिभाषा यसरी दिएका छन्, "आदिम कालदेखि मानव समाजमा श्रुति परम्परा र वाचिक परम्परामा अविछिन्न रूपमा संरक्षित र प्रवाहित हुँदै आएको विविधतापूर्ण जातीय सामाजिक लोकजीवनको आदर्श, मान्यता, संस्कार, परम्परा, अनुभूति, रीतिरिवाज आदि मानव जीवनसँग सम्बन्धि सबै विषयलाई एकत्र आत्मसात गर्नु र अनेकतामा जातीय एकताको वरण गर्नु नै नेपाली लोकसंस्कृतिको पहिचान हो" (२०६४ : १६) ।

डोटेली लोकसंस्कृति र साहित्य(२०३९) का लेखक विजय चालिसे भन्छन्-"हामी सहजै भन्न सक्छौं संस्कृतिको कुनै एक पक्षमात्र नभएर मानिसको समाज, व्यक्ति र राष्ट्रसँगका सम्पूर्ण

क्रियाकलाप, उसको सामाजिक वनावट, जीवनपद्धति आदि सम्पूर्ण कुराहरू लोकसंस्कृतिका आधार हुन् र लोकसंस्कृति कुनै एक निश्चित समयको देन र सिर्जना नभएर युगको देन हो"( २०३९ :१४) ।

त्यसै गरी 'द वर्ल्ड बुक इनसाइक्लोपेडिया' नामक विश्वकोशमा उल्लेख भएको छ- "विस्तृत दृष्टिकोणले हेर्ने हो भने संस्कृतिले सम्पूर्ण मानवीय विशिष्टतम् क्रियाकलाप र मानिसको एक पुस्ताले अर्को पुस्तालाई छोड्दै गएको दैनिक जीवन र विभिन्न क्षेत्रका उपलब्धिलाई जनाउँछ । त्यसैले संस्कृतिमा भाषाको प्रयोग, विवाह, बालकको पालनपोषण, जीविकोपार्जन, शासन व्यवस्था, युद्ध, धार्मिक कार्यहरूमा संलग्नता जस्ता सम्पूर्ण क्रियाकलापहरू सन्निहित हुन्छन् । अतः संस्कृतिको लोकमान्य स्तरलाई नै लोकसंस्कृति भन्न सकिन्छ"(श्रेष्ठ, २०६०: ख) ।

यसरी संस्कृति र लोकसंस्कृतिका बारेमा विभिन्न परिभाषाहरू देखापर्दछन् । समग्रमा भन्दा संस्कृतिमा बौद्धिक, मानसिक र आत्मिक उन्नतिसँग सम्बन्धित मानिसको जीवन शैलीलाई लिन सकिन्छ । जुन समाजमा उन्नत संस्कृति पाइन्छ । त्यसै समाजमा मानवता बाँचेको हुन्छ, राष्ट्रियता हाँसेको हुन्छ । यस सन्दर्भमा हाम्रो देश सौभाग्यशाली छ । किनभने हाम्रो देशका पाखापखेरा, खोलानाला, लेकबैंसी, लोकप्रक्रिया, लोकपरम्परा, लोकसम्पदामा लोकसंस्कृति फक्रिएको छ, मौलाएको छ । यही अनेकतामा एकता र एकतामा अनेकता फक्रिएर नेपाली लोकसंस्कृति बनेको छ ।

## २.३ क्षेत्र/प्रकार:

संस्कृति वंशाणुगत प्रक्रिया नभएर मानवको आर्जित अमूल्य निधि हो । संस्कृतिको आकृतिमा अणुदेखि पवर्तसम्म र शून्यदेखि अनन्तसम्मको परिधि समेटिएको हुन्छ । यसै सन्दर्भमा प्रख्यात हिन्दी कवि रामधारी सिंह दिनकरले "संस्कृति के चार अध्याय" नामक पुस्तकमा लेखेका छन्- संस्कृति अन्तरगत वंशागत शिल्प तथ्यहरू, वस्तुहरू, प्राविधिक प्रक्रियााहरू, धारणाहरू, अभ्यासहरू तथा मूल्यहरू समावेश हुन्छन् । संस्कृति जीन्दगीको एक तरिका हो जो शताब्दीयौंदेखि जम्मा भएर समाजमा व्याप्त रहन्छ । जसमा हामी जन्म लिन्छौं, हामी जे जति गर्छौं, त्यसमा हाम्रो संस्कृतिको झलक हुन्छ" (श्रेष्ठ, २०६०: ग) ।

त्यसैले हामी भन्न सक्छौं संस्कृतिको चौघेरामा समाज वा देशमा विद्यामान मठमन्दिर, चैत्य, गढ, मूर्ति, चित्र, हस्तलिखित ग्रन्थ, अभिलेख, रीतिरिवाज, जीवनशैली, रहनसहन, नृत्य, संगीत, नाटक,खानपान, आचरण, बोलीचाली, धर्मकर्म, आस्था, विश्वास, चालचलन, भेषभूषा, चाडपर्व, गाउँघर, ऐतिहासिक स्थल, भग्नावशेष प्राकृतिक मनोहर स्थल आदि मानव जीवनसँग सम्बन्धित एवं मानव व्यवहारमा समाविष्ट सम्पूर्ण विषयवस्तु अटाएको हुन्छ । यसमध्ये जातीय चालचलन, रीतिरिवाज, बोलीवचन, धर्मकर्म, चाडपर्व, खानपान, आस्था, विश्वास जस्ता विष ायवस्तु संस्कृतिका आन्तरिक तत्त्व मानिन्छन् । जसलाई हामी परम्पराका रूपमा निरन्तर ग्रहण गरिरहेका हुन्छौं । त्यसै गरी मूर्ति, कोत, किल्ला, गढ, चित्र, अभिलेख, धार्मिक एवम् ऐतिहासिक स्थल, भग्नावशेष आदि संस्कृतिका बाह्य तत्त्व हुन्, जसलाई हामी संस्कृतिको सम्पदा वा लोकसम्पदा भन्न सक्छौं । यो हाम्रो सभ्यताको परिचायक पनि हो । यसरी संस्कृतिको प्रकार र यसले समेटेको क्षेत्रको पहिचान र अध्ययन गर्न सकिन्छ ।

## २.४ विशेषताः

संस्कृति मानव जीवनको संस्कारगत गुण हो । नेपाल बहुजातिहरूको बसोबास भएको मुलुक हो । प्रत्येक जातजातिको आ-आफ्नो मौलिक संस्कार रहेको छ । त्यही संस्कारले उसलाई अरुभन्दा भिन्न रूपमा परिचत गराएको छ । विभिन्न जातिहरूमा देखिने फरक फरक संस्कारको आ-आफ्नो विशेषता रहेको छ ।

दोलखाको जुँगु र कात्रे क्षेत्रका शेर्पाहरूको संस्कृति तथा संस्कार गीतले यस क्षेत्रमा बसोबास गर्ने अन्य जातजातिको भन्दा पृथक पहिचान दिन्छ । त्यसै गरी दोलखा जिल्लाका अन्य क्षेत्रमा बस्ने शेर्पाहरूको भन्दा फरक मौलिक पहिचान पनि दिन्छ । स-साना बस्ती र थोरै जनसङ्ख्या भएर पनि यहाँ विभिन्न थरका शेर्पाहरू रहेको छन् । त्यसै गरी भौगोलिक एवं वातावरणीय दृष्टिले पृथक भएर पनि आफ्नो मौलिक पहिचान यहाँका शेर्पाहरूमा कायम रहेको छ । सम्बन्धित क्षेत्रका अन्य जातजातिको तुलनामा यहाँका शेर्पाहरू बढी सोझा र इमान्दार छन् । शैक्षिक र आर्थिक रूपमा पनि तुलनात्मक रूपमा कमजोर देखिँदैन । त्यसै गरी दोलखाका अन्य क्षेत्रमा बस्ने शेर्पाहरूको पनि क्षेत्रगत र समूहगत आधारमा अ-आफ्नो छुट्टै पहिचान रहेको छ । जन्म, मृत्यु, विवाह आदि संस्कार र चाडपर्व तथा उत्सवहरू मनाउने प्रचलनमा समेत आ-आफ्नो पृथक पहिचान रहेका देखिन्छ । यसरी दोलखाको जुँगु र कात्रे तथा अन्य क्षेत्रका शेर्पाहरूको सांस्कृतिक विशेषताका बारेमा अध्ययन गर्न सकिन्छ ।

दिनानु दिन हाम्रो लोकसंस्कृतिको मौलिकता ह्रास हुँदै जानु आजको चिन्ताको विषय बन्न पुगेको परिप्रेक्ष्यमा एकातिर हामीले आफ्नो संस्कृतिको खोजबिन, संरक्षण र सम्बर्द्धन गर्नु छ भने अर्कोतिर आजको वैज्ञानिक प्रगतिलाई पनि आत्मसात गर्दै अगाडि बढ्नु परेको छ । आफ्नो मौलिक मान्यता, परम्परा र धारणा अनुसार आफ्नो संस्कृतिलाई जिउँदो राख्नु झन अपरिहार्य देखिन्छ ।

## दोलखाको जुँगु र काब्रे क्षेत्रमा प्रचलित शेर्पा संस्कृति र संस्कार गीतको अध्ययन र विश्लेषण:

### ३.१ विषय प्रवेश:

दोलखा जिल्लाको मध्य उत्तरी भेगमा पर्ने जुँगु र काब्रे गाविस भ्रूण्डै ३५०० मी. देखि ८०० मी. उचाइमा पर्ने तामाकोशीको किनारसम्म फैलिएको छ । भू-वनोट, हावापानी, आदिमा विविधता पाइए जस्तै यस क्षेत्रमा बसोबास गर्ने समुदायमा पनि सामाजिक एवम् जातीय विविधता पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिमध्ये शेर्पा पनि एक हो । करिब ११०० घरधुरी तथा ६००० जनसङ्ख्या भएको जुँगु गाविसको वडा नं.-९ हुक्पा टोलमा १० घरधुरी र ७५ मात्र जनसंख्या शेर्पाहरूको रहेको छ भने १४०० जति घरधुरी र ९००० जति जनसङ्ख्या भएको काब्रे गाविसको वडा नं.-५ ठूलो वन टोलमा १० घरधुरी र ७० मात्र जनसङ्ख्या शेर्पाहरूको रहेको देखिन्छ । (स्रोत : भिलेज प्रोफाइल गाविस कार्यलय जुँगु र काब्रे) हरेक जातजातिको आ-आफ्नो मौलिकता, परम्परा, संस्कृति, चालचलन, रीतिरिवाज, धर्म, विश्वास, आस्था, चाडपर्व जीवनशैली र सम्पदा आदि रहेका हुन्छन् र तिनैले उसलाई अरुसामु परिचित पनि गराउँछ । प्रत्येक जातजातिको परिचयको त्यो समग्रतालाई नै वास्तवमा संस्कृति भनिन्छ ।

संस्कृति वास्तवमा मानवको सम्पूर्ण उपलब्धि हो । जसमा सामान्य जनमानसको परम्परा, मूल्य, मान्यता एवम् बौद्धिक, मानसिक र आत्मिक उन्नतिसँग सम्बन्धित जीवनशैली पर्दछ । संस्कृति मानवले आफ्नो पुरानो पुस्ताबाट प्राप्त गरेको र नयाँ पुस्तालाई हस्तान्तरण गरिरहेको हुन्छ र यसको वर्तमानमा विशेष भूमिका रहन्छ । संस्कृति समयको प्रवाहमा निरन्तर अघि बढिरहने प्रक्रिया हो । सामान्य जनमानसले जन्मेदेखि नमरुन्जेलसम्म अपनाउने जीवनशैलीमा उसले अघिल्लो पुस्ताबाट उपयोगी खालका मूल्य, मान्यता र व्यवहारहरूको अनुसरण गर्दछ भने परिवर्तित सन्दर्भमा विज्ञान र प्रविधिले विकशित गराएको नयाँ-नयाँ मूल्य मान्यता र सिद्धान्तलाई समेत आत्मसात गरेको हुन्छ । संस्कृति अर्न्तगत कुनै पनि जातजातिको आ-आफ्नै किसिमको जन्मसंस्कार, विवाहसंस्कार, मृत्युसंस्कार, धर्मकर्म, चाडपर्व, मेला, उत्सव, आस्था, विश्वास, भाषा, भेषभूषा, संस्कृति, परम्परा, मौलिकता, रीतिरिवाज, जीवनपद्धति, चालचलन तथा सम्पदाहरू हुने गर्दछ । तसर्थ संस्कृतिमा विविधता, बहुरूपता, नित्यता तथा नवीनता जस्ता विशेष गुणहरू हुन्छन् । मानव जीवनको सम्पूर्ण सेरोफेरोमा समेटिएको यो संस्कृतिको दाँजोमा अर्को कुनै पक्ष नहुन सक्छ । यस परिप्रेक्ष्यमा संस्कृतिको अध्ययन तथा विश्लेषण गर्नु कठिन मात्र होइन एक दु:साध्य प्रयास पनि हुन सक्छ । तर यसो भन्दैमा मानव जातिकै परिचायक मानिने संस्कृतिको अध्ययन अनुसन्धानलाई पछाडि धकेल्नु पर्छ भन्ने चाँहि अवश्य होइन । संस्कृतिको वस्तुगत सापेक्षताको आधारमा वैज्ञानिक शोध अनुसान्धान गर्नु आजको टड्कारो आवश्यकता भएको छ । यस्तो विशाल महासागरीय क्षेत्र ओगट्ने संस्कृतिको पूर्ण वैज्ञानिक अध्ययन, अनुसन्धान, वर्गीकरण र विश्लेषण भई नसकेको अवस्थामा सिङ्गो संस्कृतिको अध्ययन र विश्लेषण गर्न कठिन छ । तर पनि यस दोलखाको जुँगु र काब्रे क्षेत्रमा प्रचलित शेर्पा संस्कृति र संस्कार गीतको मोटामोटी रूपमा निम्नानुसार अध्ययन एवं विश्लेषण गरिएको छ ।

## ३.२ शेर्पा जातिको मूल थर एवम् उपथरहरू:

शेर्पाहरूको पाँचवटा मूल थर र झण्डै दुई दर्जन उपथर रहेको देखिन्छ । तसर्थ शेर्पाहरू विभिन्न जातीय समूहमा सङ्गठित छन् भन्न सकिन्छ । शेर्पाहरूको थर उपथरलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**मूलथरहरू:-**

| | |
|---|---|
| १) लामा सरपा | २) मिञग्पा |
| ३) थिम्मिवा | ४) सेरतवा |
| ५) चवा | |

**उपथरहरू:-**

| | |
|---|---|
| १) लामा सरपा | २) लामा गोन्पा |
| ३) गर्जा/गर्चा | ४) खम्बाचे/खम्पाचे |
| ५) पिनासा | ६) गोलेग/गोल्या |
| ७) सलगा/सलका | ८) च्यावा |
| ९) गोपर्मा | १०) टाक्तो/टाग्थो |
| ११) पङ्कर्मा | १२) ह्युल कोङ्मा |
| १३) ल्हाक्सिन्दो | |
| १) क्षुशेरपा | २) पाल्दोर्जे |
| ३) शेरपा | ४) रम्पा |
| ५) स्यन्देवा | ६) नवा |
| ७) ल्हुग्पा | ८) शङ्खुग |
| ९) गोरचा ? | १०) डोम्बा ? |
| ११) पोःया ? | |

उपर्युल्लिखित थर उपथरहरूमध्ये जुँगु क्षेत्रमा लामासरपा, गर्जा, पङ्कर्मा, टाक्तो, सलका, गोपर्मा थरका शेर्पाहरू रहेका छन् भने काब्रे क्षेत्रमा लामासरपा, टाक्तो, खम्पाचे थरका शेर्पाहरू रहेका छन् । तसर्थ सीमित क्षेत्र र सङ्ख्या भए तापनि यस क्षेत्रमा विभिन्न थरका शेर्पाहरू सङ्गठित भई बसेको देखिन्छ ।

## ३.३ लोकसंस्कृतिको वर्गीकरण र विश्लेषण:

### ३.३.१ जातीय चालचलन तथा जीवनशैली:

पूर्वी नेपालको विभिन्न ठाउँबाट व्यापार तथा विभिन्न व्यवसाय गर्ने क्रममा आजभन्दा करिब तीन सय वर्षदेखि दोलखाको जुँगु र काब्रे गाविसको माथिल्लो लेकाली भेग हुक्पा र ठूलो वन क्षेत्रमा शेर्पाहरूले प्रवेश गरेको इतिहास जानकारहरू बताउँछन् । यस भेगमा बसोबास गर्ने शेर्पाहरू सबै एकै समयमा आएको नभई समयको अन्तरालसँगै थपिँदै छिमेकी भएर रहेको कुरा स्थानीय बासिन्दाहरू बताउछन् ।

यस क्षेत्रका शेर्पाहरूको चालचलन तथा जीवनशैलीको अध्ययन गर्दा नेपाली शेर्पाहरूको उद्गम स्थल मानिने सोलुखुम्बु क्षेत्रका क्षेर्पा समुदायसँग धेरै जसो मिल्दो जुल्दो देखिन्छ । यस क्षेत्रका शेर्पाहरू अन्यत्रका जस्तै धर्मका कट्टर छन् । धर्म सम्प्रदायको आधारमा उनीहरूको सामाजिक दिनचर्या चलेको छ । यस क्षेत्रका शेर्पाहरू बौद्ध धर्मका कट्टर भएकाले यो जातिमा लामाको प्रमुख भूमिका रहेको देखिन्छ । लामाको आदर गर्नु र उसको आज्ञा पालना गर्नुलाई यहाँका शेर्पाहरू ईश्वरको आदर र आज्ञा पालना गरेको मान्दछन् । लामाहरूमा पनि क्रम अनुसार औतारी लामा (रिम्पोछे)लाई बढी प्रमुखता दिन्छन् । गुम्बा र लामाको दर्शन गर्न जाँदा कहिल्यै खाली हात जानु हुँदैन । साथमा खादाग(सेतो कपडाको एक प्रकारको स्कार्फ जस्तो जो फूलमालाको विकल्पमा प्रयोग गरिने) र केही भेटी(रुपैयाँ पैसा र फलफूल)लगेर चढाउँछन् । शीरमा भएको टोपी वा रुमाल झिकी श्रद्धापूर्वक निहुरिएर दर्शन गर्छन् र मर्यादित एवम् अनुशासित भई बोलचाल एवम् व्यवहार गर्छन ।

यहाँका शेर्पाहरू अतिथि सत्कारमा विशेष महत्त्व राख्छन् । पाहुनाहरू घरमा आउँदा आफ्नो गच्छे अनुसार बैठक कक्षमा वा कोठामा गलैंचा राडी, गुन्द्री आदिमा श्रद्धापूर्वक सम्मान गर्दै बसाउँछन् । अनि छ्याङ(जाँड) वा सुच्या(दूध, नौनी र नुन राखी बनाइएको चिया) विशेष प्रकारको कयु(कप प्लेट)मा राखेर दिन्छन् । यसरी सत्कार गरिँदा दुई हातले समाई केही झुकेर सर्वप्रथम घरमुली वा प्रमुख पाहुनालाई श्रद्धापूर्वक दिइन्छ । त्यसपछि क्रमश सबैलाई दिइन्छ । छ्याङद्वारा सत्कार गरिँदा कयुको मुखमा तीन ठाउँ सातु पिठो वा घिउँको करकेन (चाँद) राखिदिने गर्दछन् । यसैक्रमले छ्याँङ वा सुच्या थपीथपी पिलाइन्छ ।

यहाँका शेर्पाहरू आफू-आफूमा कुरा गर्दा गराउँदा वा लिँदा वा दिँदा 'थुचे' भन्दछन् । 'थुचेको' अर्थ धन्यवाद भन्ने हुन्छ । यो अन्य जातिमा कमै प्रयोगमा आउने तर शेर्पा जातिमा अनिवार्य रूपमा चलिआएको मौलिक परम्परा हो । यहाँका शेर्पाहरू आफ्नो गच्छे अनुसार घरमा प्रयोगका भाँडाकुँडा, घरायसी सरसामान आदिलाई व्यवस्थित ढङ्गले सजाएर राख्ने गर्दछन् । यस समुदायमा नारी पुरुषको समान महत्त्व रहेको हुन्छ । विवाहित परिवारमा पत्नीले बढी सत्कार पाएको हुन्छ र पत्नीको बोलबाला केही बढी भएको देखिन्छ तापनि आपसी समझदारीमा सम्पूर्ण कार्य हुने गर्दछ । हिन्दु नारीले झैँ प्रत्येक विहान पतिलाई ढोग्नु पर्ने र साँझमा गोडा मिच्नु पर्ने प्रचलन यहाँको शेर्पाहरूमा देखिँदैन बरु आवश्यकता अनुसार पत्नीले पतिलाई वा पतिले पत्नीलाई आवश्यक सहयोग गर्ने परम्परा रहेको छ । साथै पतिबाट पत्नीले हरेक प्रकारको सुविधा पाइरहेका हुन्छन् । जस्तै पति पत्नीको बीचमा एउटा मात्र भारी छ, वा काम छ, भने पतिले बोक्ने वा गर्ने परम्परा रहेको देखिन्छ । अन्य घरयासी कामकाजहरू घरका सदस्यहरू बीच आपसी सरसल्लाहका आधारमा सम्पन्न गरिन्छ तापनि छोरीबेटी र सासुले अलि बढी जिम्मेवारी लिनुपर्छ । बुहारीले मात्र सबै काम गर्नुपर्छ भन्ने हुँदैन । शेर्पा नारीहरू आङ्गी, होङ्जी (स्माम्जर) लगाउँछन् । विवाहित नारीले आङ्गी माथि अगाडिपट्टि कम्मरमुनि दोङ्टिल/पङ्देन र पछाडिपट्टि कम्मरमुनि ग्याप्टिल लगाउँछन् । निधारमा रातो टीका लगाउँने चलन हुँदैन भने सुन वा चाँदीका गर गहनाका रूपमा कानमा ढुङ्ग्री, बेरुवा, सिरबन्दी, गलामा कण्ठमाला, झिः तथा मुगाको  माला चाँदीको गेन्जेन आदि लगाउँने गर्छन । यहाँका शेर्पा नारीहरू बलिया र सहासी, इमान्दार एवम् मिहिनेती स्वभावका छन् ।

शेर्पाहरूले बक्खु(ऊनी वा अन्य बाक्लो कपडाको माथिदेखि खुट्टासम्म पुग्ने लामो लुगा) लगाउने चलन रहेको छ । बक्खु लगाउदा प्राय जसो दाहिने बहुलामा हात नघुसारी त्यसै छोड्न

मन पराउछन् । तर हिजो आज पुरुषहरूले सधैं बक्खु लगाउने चलन रहेको देखिँदैन । उनीहरू विवाह, विशेष चाडपर्व तथा उत्सवहरूमा मात्र आफ्नो मौलिक पोशाक बक्खु लगाउने गर्दछन् ।

बौद्ध धर्मावलम्बी भएकाले शेर्पाहरू मारकाट गर्न रुचाउँदैनन् तर अरुले काटेको वा मारेको राँगा, खशी, भेडा, कुखुरा आदिको मासु खान्छन् । अरुले काटेको मासु पनि काटेको २४ घण्टा पछि मात्र खाने गर्दछन् । काटमार गर्न नरुचाए पनि मृत्यु संस्कार बाहेकका सामाजिक कार्य एवम् चाडपर्व तथा उत्सवहरूमा मासु आवश्यक मानिन्छ । शेर्पाहरूले चुलोमा मासु पकाउछन् तर पोलेमा अनिष्ट हुन्छ भन्ने विश्वास भएकोले त्यसो गर्दैनन् ।

यस क्षेत्रका शेर्पाहरूमा मागी विवाह, प्रेम विवाह, चोरी विवाह गर्ने चलन छ भने जारी विवाहको चलन देखिँदैन । समग्र नेपाली शेर्पा जातिमा जस्तै यस क्षेत्रका शेर्पाहरूमा पनि मामाचेला फुपूचेलाबीच विवाह हुँदैन । यहाँका शेर्पा समुदायमा मामाचेला फुपूचेलाबीच विवाह गर्नु जघन्य सामाजिक अपराध एवम् निन्दनीय कार्य मानिन्छ भने धर्मका दृष्टिमा पाप हो । यहाँको शेर्पा परम्परामा मामाको छोरालाई ३ पुस्तासम्म मामा र मामाको छोरीलाई ३ पुस्तासम्म छ्यामा पर्दछ । तर स्मरणीय के छ भने बलराम आचार्य, मधुसुधन पाण्डेय, तेजप्रकाश श्रेष्ठ लगायतद्वारा लेखिएका विभिन्न पुस्तकहरूमा शेर्पा जातिमा मामाचेला फुपूचेलाबीच विवाह गर्ने प्रचलन छ, भनी लेखिएको देखिन्छ तर कुन क्षेत्रका कस्ता शेर्पाहरूको संस्कार भन्ने उल्लेख छैन । त्यस बारेमा यहाँका शेर्पाहरूलाई प्रश्न गर्दा त्यस्ता कुरा विलकूल गलत भएको बताउँछन् । तसर्थ त्यसको यथार्थताका लागि अध्ययनमा पूर्णता हुन बाँकी रहेको कुरा पनि स्पष्ट देखिन्छ । यस क्षेत्रका शेर्पाहरूमा देवर भाउजूको बीचमा भने विवाह हुँदा कुनै बाधा नपर्ने देखिन्छ । तापनि हाल त्यस्तो विवाहमा उत्साह देखिँदैन । यस समुदायमा पतिको मृत्युका कारण वा पति त्यागेर दोस्रो विवाह गर्ने नारीहरूलाई समाजले पुनः विवाह(टीकाटालो) गराई  सामाजिक मान्यता दिने प्रचलन छ । जसका कारण नारीहरूले एकल जीवन जीउन बा( ध्य हुनु पर्दैन भने पुरुष समान अधिकार पनि प्राप्त गर्दछन् ।

शेर्पा युवायुवतीहरू आपसमा पवित्र मायाप्रीति गर्न स्वतन्त्र छन् । यसै क्रममा विवाह पूर्व नै युवती गर्भवती भए वा आमा बनेमा पनि सामाजिक रूपमा विवाह गर्नुपर्दछ । शेर्पाहरूको ज्वाइँलाई ससुराली घरमा आवश्यक स्वागत सत्कार र मानसम्मान गर्दै छोरीलाई सरह कामकाजमा खटाउँने तथा अह्राउने र जिम्मेवारी दिने चलन हुन्छ । यहाँका शेर्पाहरू धार्मिक रूपमा कट्टर हुन्छन् । बौद्ध धर्मावलम्बी भएकाले सबैले 'ओम् मनि पद्मे हुँ' को मन्त्र जप्ने गर्दछन् । यस्तो चलन युवायुवतीमा भन्दा बृद्धबृद्धामा बढी देखिन्छ । शेर्पा समुदायको चालचलन, रीतिरिवाज, संस्कार, आदिमा आफ्नै परम्परा कायम छ । यहाँ दोलखाको जुँगु र काब्रे क्षेत्रका शेर्पाहरूको चालचलन तथा संस्कार गीतको मात्र छोटो चर्चा गरिएको छ । शेर्पा समुदायको जन्मदेखि मरणसम्मको संस्कारमा पनि आफ्नै किसिमको विशेषता रहेको देखिन्छ भने बानीबेहोरा र चालचलनमा पनि प्रशस्त विविधता देखिन्छ ।

### ३.३.२  जन्म संस्कारः( न्वारान)

अन्य जातीय समुदायमा जस्तै शेर्पा समुदायको पनि आफ्नो छुट्टै जन्म संस्कार रहेको हुन्छ । जन्म संस्कारमा नवजात शिशुको न्वारान गर्ने परम्परा यस क्षेत्रका शेर्पाहरूमा आफ्नै खालको रहेको छ । न्वारान गर्ने कार्यलाई शेर्पाहरू 'ठु' गर्ने भन्दछन्, 'ठु' गर्नुको अर्थ चोखिनु वा चोख्याउने भन्ने हुन्छ, ठु जन्म र मृत्यु दुबै संस्कारमा गरिन्छ । सामान्यतया बच्चा जन्मिएको ३

देखि ९ दिन भित्रमा न्वारान गर्ने चलन यहाँ देखिन्छ । लामा गुरुद्वारा धार्मिक मन्त्र जप गरी 'ठु' गरिन्छ । 'ठु' गर्दा बिहानै पाठपूजा साङ्धूप गरी घर कोठा स्वच्छ पार्नु पर्छ भने नानी र आमाले नुहाएर शुद्ध भई लामाबाट 'ठु' पानी(गहुँत)ले ३ पटक मुख पखाल्नु पर्छ र अलिकति खाएर पानी शीरमा र शरीरमा छर्कनु पर्दछ र नानीलाई सामान्य नुहाइदिने र मुखमा थोरै खान दिनु पर्दछ । त्यसपछि विशेषत घरमा भएका सबैले 'ठु' अलिअलि खाने र शीरमा छर्केर वा लेप गरेर चोखिनु चोख्याउनु  पर्दछ । चामल वा अन्न एक मुठी र पैसा (सिक्का) एउटा खादागको टुप्पोमा पोको पारेर लामाले टसी गरेर दैलोको दाँयाँ र बाँयाँ घिउको करक्यान लगाएर झुन्ड्याउनु पर्छ । यसो गर्दा छोरा भए, दायाँ र छोरी भए बायाँपट्टि झुन्ड्याउनु पर्छ । घर आँगनमा सल्ला वा गोब्रे सल्लाको लिङ्गो फुर्को(४/५ वटा हाँगा भएको)मा खादाग बाँधी ठड्याउनु पर्छ । लामाद्वारा जन्मको साइत र बार हेरी नवजात शिशुको नाम राख्ने गरिन्छ भने त्यही नामलाई लामाले तीन पटक बोलाउने गर्दछ र आमाले हजुर भनी बोलिदिएपछि बच्चाको नाम पक्का हुन्छ । यस अवसरमा आफन्तजन र नजिकका छिमेकीहरूलाई समेत निम्तो गरिन्छ र निम्तो मान्न आएकाहरूलाई आफ्नो गच्छे अनुसार चिया, छ्याङ लगायतको भोज खुवाइन्छ भने निम्तालुहरूले नवजात शिशुको जीवन सफलता र आमा बाबुको इच्छा पूरा होस् भन्ने हार्दिक कामनाका साथ बाबु आमालाई खादाग लगाई दिई स्वइच्छाले केही नगद समेत दिने गर्दछन् । यसरी नयाँ शिशु जन्मेको उपलक्ष्यमा दिइने नगद उपहारलाई गोदार भन्ने गरिन्छ । त्यसपछि खानपानका साथ केही गीत गाउने  र नाँचगान गरी रमाइलो समेत गर्ने गर्दछन् र न्वारान पूरा हुन्छ ।

न्वारानको बेला गाउँने गीतको एउटा नमूना निम्न प्रकार रहेको छ ।

ला याँ डो सि वा आ ला आ सौँ  
अे रे लुङ पी फु ला ला नि  
ङि मा ला चिक् ताङ् स्यासौँ  
ला याँ डो सि वा आ ला आ सौँ  
ङि मि ज्य जी ने ला ला नि  
कि पी ला यु ला स्यासौँ

(स्रोत : फुर्नाम्गेल शेर्पा वर्ष-५६, जुँगु-९, दोलखा)

न्वारानको बेलामा गाइने गीत भनेको बच्चाको स्वास्थ्य लाभ तथा उन्नति प्रगति र दीर्घायुको कामना गरी गाइने मङ्गल गीत हो । शेर्पा भाषामा गाइएको यस गीतको मूल भाव हाम्रो गाउँमा फेरि एउटा नयाँ घाम उदाएको छ । यो घाम सुखीको गाउँमा उदाएको छ । त्यो सधैं आनान्दित र दीर्घायु रहोस् भन्ने हो । न्वारान कार्यक्रममा उपस्थित पाहुनाहरूले गाउने यो गीतमा बध्यबादन र नाँच भने हुँदैन ।

## ३.३.३ विवाह संस्कारः

नेपाल विभिन्न जातजाति र जनजातिले बसोबास गरेको साझा मुलुक हो । प्रत्येक जनजातिमा आ-आफ्नै प्रकारका रीतिरिवाज, व्यवहार एवम् मौलिक संस्कार छन् । यहाँ प्रचलित विभिन्न संस्कार वा संस्कृतिको साझा नाम नै नेपाली संस्कृति हो । बाहुन, क्षेत्री, मगर, थारू, तामाङ, गुरुङ, राई, यादव, शेर्पा आदि विभिन्न जातजाति मिलेर बनेको नेपाली समाजका प्रत्येक

जातजातिमा जन्मदेखि मृत्युसम्म गरिने मूल व्यवहार प्रायः एकै रहेको देखिन्छ । जन्म, न्वारान, विवाह र दाहसंस्कार जस्ता संस्कारहरू सबै जातीय समुदाय तथा समाजमा प्रचलित छन् । तर ती संस्कारहरू आ-आफ्नै प्रकार र शैली अनुसार सम्पन्न गरिन्छन् ।

मनव जीवनमा विवाह संस्कार मानव सभ्यतको विकसित रूप हो । हिन्दु संस्कृतिमा विवाह कार्यलाई अति महत्त्वपूर्ण सांस्कृतिक कार्य मानिन्छ । यसै गरी हाम्रो नेपाली समाजमा बौद्ध, मुसलमान वा जुनसुकै धर्मका अनुयायीले पनि विवाह संस्कारलाई सर्बोपरी मानेका छन् । प्रत्येक समुदाय र जातजातिले आ-आफ्नै रीतिरिवज र परम्परा अनुसार विवाह संस्कार सम्पन्न गर्न रुचाउँछन् । त्यस्तै यहाँका शेर्पा समुदायको पनि आफ्नै रीतिरिवाज र परम्परा अनुसार विवाह संस्कार सम्पन्न गरिन्छ । यहाँ दोलखाको जुँगु र काब्रे क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदायको विवाह संस्कारको बारेमा चर्चा गरिएको छ ।

यस क्षेत्रका शेर्पा समुदायमा पनि अन्य ठाउँका शेर्पाहरूको जस्तै विवाहका प्रकार र विवाहका लागि बधू खोज्नेदेखि अन्माउने, दुलही फर्कने र दाइजो दिने कार्यसम्मको विभिन्न चरणहरू सम्पन्न गर्नु पर्दछ । जसलाई शेर्पा भाषा वा बोलीमा विभिन्न नामकरण गरिन्छ । यसलाई निम्नानुसार चर्चा गरिएको छ :

## (क) टिछ्याङ :

अन्यत्रका झैँ यहाँका शेर्पा समुदायमा पनि सबभन्दा पहिले टि-छ्याङ (सोधनी जाँड)बाट विवाह प्रक्रिया सुरु गरिन्छ । केटा पक्षको घरबाट केटा सहित २/४ जना ठूलाबडा तथा मान्यजनहरू मात्र पोङ (काठको चौँठी) भरि मिठो छ्याङ/रक्सी लिएर  केटाको घरमा विवाहको प्रस्ताव राख्न (सोध्न) जाने गर्दछन् । सौगात स्वरूप लैजाने छ्याङको पोङमा एउटा खादाग शुभ सङ्केत स्वरूप बाँधिन्छ । यसरी पहिलोपटक दिइने टि-छ्याङ घरमा नै पुऱ्याउनु पर्छ भन्ने बा(ध्यता भने हुँदैन् । विभिन्न सन्दर्भमा विभिन्न धार्मिक, सामाजिक कार्यमा जमघट भएको बेला वा भेटघाट हुँदा पनि 'टि-छ्याङ' दिन सकिन्छ । यसरी दिइने 'टि-छ्याङ' प्रस्ताव मात्र भएकोले सगुन खाई ओरी परिचयबाट कुराकानी सुरु गरिन्छ । 'टि-छ्याङ' खाँदैमा छोरी दिनै पर्छ भन्ने बाध्यता भने हुँदैन । तर आफ्नो छोरी कुनै शर्तमा र अवस्थामा पनि दिन नसक्ने सोच भए 'टि-छ्याङ' ग्रहण नगर्न पनि सक्छ र फिर्ता गरिनु पर्ने हुन सक्छ । यो पहिलो चरणमा कुरा मिलेमा विवाहको दोस्रो चरणका लागि बाटो खुल्छ । छोरी दिने पक्का भए पछि बौद्ध परम्परा अनुसार लामालाई वर र बधूका खाम र लोर्ता हेर्न लगाइन्छ र खाम र लोर्ता मिलेमा मात्रै विवाहको प्रक्रिया पक्का रूपमा अघि बढाइन्छ र दोस्रो छ्याङ वा देम्छ्याङ/देम्ज्याङ पुऱ्याइन्छ ।

## (ख) देम्छ्याङः

विवाहको दोस्रो वा अर्को विधि देम्छ्याङ हो । विवाहको कुरा निधो भएपछि देम्छ्याङ विधिमा केटातर्फबाट केटीको घरमा छ्याङ, फेमार, खादा लानुपर्छ । यो बेला कम्तीमा एक टिन र एक पोङ रक्सी, एक कोले (५/६ किलो) फेमार र केटीको घरगाउँलेको सङ्ख्या अनुसार खादा लैजानु पर्दछ । रक्सी र फेमार भने केटीतर्फबाट यति उति ल्याउनु पर्छ भनी तोकेर माग गरेमा सोही बमोजिम लैजानु पर्ने हुन्छ । तर परम्परा अनुसार तथा आपसी समझदारीमा नै यो कार्य सम्पन्न गरिन्छ । देम्छ्याङमा केटा र केटीको प्रथम टीकाटालो गरिन्छ वा केटा र केटी पूर्ण

रूपमा एक अर्काको स्वामित्वमा आइसकेको भन्ने हुन्छ र सम्बन्ध पक्का भएको मानिन्छ वा लोग्ने स्वास्नी भएको मानिन्छ । त्यसैले देम्छ्याङ पछि केटा वा केटीले अरुसँग बिहे गर्न पाइँदैन । यदि केटीले अरुसँग विहे गरेमा वा पोइला गएमा नयाँ केटाले पूरानो केटालाई जारी खर्च वा 'फिज्याल' तिर्नुपर्दछ । देम्छ्याङ सकिएपछि शेर्पा समाजमा केटालाई भावी ससुरलीमा आउँन, जान र बस्न खुला हुन्छ र केटीसँग बस्ने अधिकार पनि हुन्छ । यस सर्न्दभमा केटी गर्भवती भएमा विवाह कार्यलाई जतिसक्दो चाँडो सम्पन्न गर्नु पर्दछ । विवाह विधि सम्पन्न नहुँदै बच्चा जन्मेमा त्यस्तो बच्चालाई नाँउन/नाँगुन(अवैध बच्चा) भनिन्छ । तर जन्मिसकेका त्यस्ता बच्चालाई समाजले स्वीकार गरेकै हुन्छ । त्यसपछि पनि केटा र केटीको विवाह कार्यलाई औपचारिक रूपमा पूरा गरी सामाजिक मान्यता प्रदान गर्नुपर्दछ । शेर्पा समुदायमा स्वास्नी पोइला गएमा वा परपुरुषसँग यौनसम्बन्ध कायमा गरेको चाल पाएमा लोग्नेले नयाँ पुरुषबाट जारी 'फिज्याल' तिराउँन पाउँने अधिकार हुन्छ भने लोग्नेले अर्को आइमाईसँग यौन सम्बन्ध राखेको थाहा पाएमा स्वास्नीले पनि ती नयाँ आइमाईलाई 'फिज्याल' तिराउने अधिकार हुन्छ । देम्छ्याङ चरण सम्पन्न हुनु भनेको विवाह हुनु भन्ने नै हुन्छ । तापनि त्यसपछिका चरणहरू पूरा हुँदा मात्र विवाह सकिन्छ । यसपछि छ्याइ/छ्याङ फे विधि पूरा गर्नुपर्छ ।

## (ग) छ्याइ/छ्याङ फे बुझाउनेः

देम्छ्याङ कार्य सम्पन्न भएपछि छ्याइ अर्थात छ्याङ फे(जाँड बनाउने अन्न) पुऱ्याउने कार्य गरिन्छ । यस क्रममा जन्तीलाई खुवाउने जाँड पकाउनका लागि तीन मुरी कोदो र ५ पाथी मकै(यावी) लगिन्छ । त्यसका लागि पनि छ्याइ ल्याउँदा हुन्छ कि हुन्न ? अथवा कहिले ल्याउँ भनी छ्याङपोङ सहित एक दुई जना मानिसलाई सोधनीमा पठाउनु पर्दछ । केटीपक्षबाट ल्याए हुन्छ भनेपछि एक टिन, एक पोङ रक्सी र एक कोल्य फेमार र खादाग पनि पुऱ्याइन्छ । यस क्रममा बेहुलीका बाबुआमा, मान्यजनहरू सबैलाई चाँदीले मोडेको फुरुमा छ्याङ वा रक्सी हालेर चमर्ग्यन, मारग्यान/कर्ग्यन (पिठोको वा घ्युको चाँद) लगाई खुवाउनु पर्छ र शुभकार्यको सूचक स्वरूप खादा लगाई दिनुपर्छ । हिजोआज छ्याइ वा छ्याङफे स्वरूप अन्नको सट्टामा आपसी समझदारी अनुसार पैसा नै हिसाब गरी दिने चलन पनि रहेको देखिन्छ । छ्याइ बुझाइ सकेपछि विवाहको लगन कहिले छ भन्ने हेरी विवाहको समय वा दिन निश्चित गरिन्छ । यस समयमा पनि छलफलका क्रममा छ्याङ खाने चलन हुन्छ, जसलाई च्याछ्याङ वा पेछ्याङ भनिन्छ । पेछ्याङमा पहिला निर्णय भए अनुसारको विवाह सम्पन्न गर्नका लागि लामाले चिः ( जोखाना) हेरी निकालेको साइत अनुसारको तिथि मिति र समयमा यति सम्म जन्ती लिएर रीत अनुसारको फेमार खादाग र यतिसम्म  छ्याङ, रक्सी लिएर बेहुली लिन आउनु होला भनी निधो गरिन्छ । त्यसरी निर्णय गरी सकेपछि बेहुलाको तर्फबाट आफ्ना नजिकका नाता, कुलकुटुम्ब, इष्टमित्र, छरछिमेकी सबैलाई निम्तो दिइन्छ । हाल यसका लागि निमन्त्रणा कार्डको प्रयोग गर्ने चलन पनि रहेको देखिन्छ । तर बेहुली तर्फले चाँहि सम्बन्धित सबैलाई देन्छ्याङ (निम्तोको जाँड) दिँदै हाम्री फलानी छोरीको विहे फलाना ठाउँको फलानाको छोरासँग हुने भएकाले हार्दिक निमन्त्रणा छ भन्दै निम्तो गरिन्छ ।

## (घ) बेहुली लिन जानेः

पूर्व निर्धारित कार्यक्रम अनुसार निश्चित लगनमा बेहुला तर्फबाट दुलहीको घरमा जन्ती लगिन्छ । जन्ती जानु पूर्व अघिल्लो बेलुका नै शेर्पाहरूको धार्मिक सामाजिक परम्परा दुवै जान्ने एकजना लामालाई अनिवार्य रूपमा बोलाइन्छ । लामाबाट बौद्ध परम्परा अनुसार साङ सेर्केम

गरी सगुन राखी कुल पूजा गरी सिमेभूमे पुजेर ग्रह शान्तिको अपेक्षा गर्दै जन्ती जाने बिहानी प्रहरमा शुभकामना पूजा सम्पन्न गरिन्छ । यस क्रममा घरगाउँका तथा टाढाटाढाका निम्तालु आफन्तहरू पनि जम्मा हुन्छन् र चियापान, छ्याङ तथा भोज खाने गर्दछन् । यस क्रममा बेहुलाको ग्रह शुभ हुने गरी दर(ध्वजा) ल्हदुङ(देवभाला)मा बाँदिन्छ । भालामा दरनाङ (पाँच किसिमको ध्वजा) टाँगेको खोर्लो (भवचक्र चित्र) टाँगी शुद्ध नौनी घ्युको टीका लगाइन्छ । खोर्लो सांसरिक चित्राङ्कित थाङ्का हो । यो शुभ विवाह आदि कार्यमा अशुभ ग्रह दशा निवारणका लागि प्रयोग गर्ने चलन छ । यो विवाहको अघि-अघि लिएर जाने गरिन्छ । लगन अनुसार बिहानीको पहिलो प्रहर वा बिहानी भएपछि बेहुलालाई शेर्पा परम्परा अनुसार पहिऱ्याइन्छ र खोर्लो साइत गरिन्छ । यस क्रममा लामाले धार्मिक मन्त्र पाठ गर्दै छ्याङ सगुन साङ सेरक्यम गरी साइत भएको दिशामा बेहुलीको घरतिर मुख फर्काएर खोर्लो उठाई राखिन्छ । खोर्लो साइत गर्दा बेहुलालाई पहिऱ्याएर सँगै ल्याइन्छ भने जन्ती जान जम्मा भएका मानिसहरू शुभमङ्गलका परम्परागत शेर्पा गीतहरू गाउँदै शेर्पा बाजागाजा (बुक्स्याल, गेलिङ आदि ) बजाउँदै याक वा चौँरीको पुच्छर(चमर) तथा तरबार हल्लाई नाँच्दै खोर्लो राख्ने ठाउँसम्म पुग्छन् । खोर्लो साइत गर्दा बेहुलाको परम्परागत पोसाक तथा बाजागाजा लगायतका सबै सामानहरू खोर्लोसँगै राखिन्छ । शेर्पा बेहुलाको परम्परागत पोसाक गेसर राजा लडाईंमा जाँदाको युद्ध भेष जस्तो हुनु पर्दछ तर पछि शाक्यमुनिका धार्मिक नेता जेचन टग्पा ग्याल्छेनको वंश अधिपति छग्न दोर्जेलाई मङ्गोल युवराज गोदनले मङ्गोलकै भेष पहिऱ्याई पोन्पोमेग्लुङ्ग(उपाधि) दिएको र पछि शाक्यमा नै परलोक भएको हुँदा त्यसैको अनुसारण गर्दै भोटका मानिसहरूले पनि विवाह गर्दा मङ्गोलियन पोसाक पहिरिने गरेको पाइन्छ । शेर्पाहरूले पनि त्यस बेलादेखि नै बेहुला बेहुली दुवैको मूल पहिरन मङ्गोलहरूको खान्दानी पोसाकलाई नै कायम गरी प्रयोग गर्दै आएको पाइन्छ । जुन यसप्रकारको हुन्छ । तल झल्लरवाल एवम् माथि शीरमा रातो फुर्का भएको मङ्गोलियन टोपी, आङमा रातो पहेँलो बुट्टेदार बक्खु, बक्खुभित्र सेतो तोथुङ,(कमीज) तलतिर रातो गुदुई (पायजामा) साँहिली औँलामा रत्न जडित औँठी, गर्धनबाट तल सिउरिएको पाँच ध्वजायुक्त धदर(माला), सेतो, पहेँलो र रातो तीनरङ्गे दर दायाँ बायाँ कुममाथिबाट काखीमुनि बाँधी कम्मरसम्म झुन्ड्याएर लगाइन्छ । हातमा शुद्धजल भरिएको धूप वा फूलको थुङ्गा आदि राखिएको पुम्पा (कलस) हुने गर्दछ ।

जन्ती जाने दिन उपस्थित भएकामध्ये विवाह विधिमा आवश्यक सहयोगका लागि शेर्पा परम्पराको अधिक्तम् ज्ञान राख्ने र कला भएकाहरूमध्येका केहीलाई यिटो गरी खादाद्वारा सम्मान गरेर विवाह सम्पन्न नहुन्जेलका लागि आवश्यक भूमिका निर्वाह गरी दिन बेहुलाको घरबाट अनुरोध गरिन्छ । यसमा बुक्स्याल(झ्याम्टा) गेलिङ आदि बजाउने, चमर, तरबार बोकी नाँच्ने, घरका अतिथि सम्मान गर्ने, छ्याङ रक्सी बनाउने तथा बाँड्ने र खाना पकाउनेदेखि विशेष सहयोग गर्ने सबैलाई त्यसरी अनुरोध गरिन्छ ।

सम्पूर्ण उपस्थित आफन्तजन लगायतलाई बिहान सबेरै चिया, सुच्या, छ्याङ, रक्सी, खाना खुवाई सकेपछि खोर्लोको साथमा राखेको बेहुलाको पोसाक ल्याई पहिऱ्याइन्छ । साथै बाजा, चमर र तरबार ल्याई जिम्मेवारी पाएका व्यक्तिहरूद्वारा आवश्यक वीरताको नाँच, कला देखाउछन् र महिला तथा पुरुषहरूको संयुक्त टोलीले लामबद्ध भएर प्रस्थानको शुभमङ्गलको गीत गाउँछन् भने लामाले सबै जन्तीलाई टीका लगाइदिएर प्रस्थानका लागि अन्तिम साङ सेरक्यम सगुन गरे पश्चात खोर्लो समातेर बाटो देखाउँदछ । यस क्रममा बिहेमा आएका सबैले खादा लगाइ दिई बेहुलालाई शुभकामना दिने गरिन्छ र उपलब्ध भएमा दमाईहरूको पञ्चैबाजालाई सबैभन्दा अघि लगाई बन्दुकको बडाँइसँगै जन्ती प्रस्थान गर्दछ । बेहुलीको घर

पुग्नु अघावै बाटोमा आफन्त जनहरूले चिया, छ्याङ, रक्सीको सगुन र खाजाको व्यवस्था गर्ने गर्दछ । लामाले साङ् सेरक्येम गरेपछि सबैले सगुन तथा खाजा खाई जन्ती अघि बढ्दछ । बेहुलीको घरमा पुग्नेबेलामा बन्दुक पड्काएर सङ्केत गरिन्छ र बेहुलीपट्टिबाट पनि बन्दुक पड्काएर तयारी पूरा भएकोले जन्तीलाई आउन सङ्केत गर्दछ । उता बेहुलीको घरमा पनि जन्ती आउने अघिल्लो दिन ग्रहशान्ती स्वरूप पाठपूजा तथा साङधूप गरी जन्ती आउने दिन साङ सेरकेम गरिन्छ । बेहुलीको घरमा पुग्दा बेहुलीपक्षबाट धूप बालेर सुर्छ्याङ (सगुन) राखी स्वागत गर्दछ । त्यसपछि बेहुला पक्षको लामाले छ्याङ छेद् गरेर बेहुला लगायत सबै जन्तीलाई अभिषेक गर्छ वा छर्कन्छ । भ्याए सम्मका जन्तीहरूले सगुन छ्याङ, रक्सी, चिया आदि लिन्छन् । यसबेला मूलत केटी पक्षका मान्छेहरू शेर्पा परम्परा अनुसारको सङ्गीतात्मक लयमा गीत गाउँछन् र लाम लागेर हल्का नाँच्छन् । उता बेहुला पक्षका मानिसहरू पनि सङ्गीतात्मक लयमा गीत गाउँदै नाँच्दै आएका हुन्छन् । त्यसपछि बेहुलीपक्षले व्यवस्था गरेको छ्याङ्रा( विहेघर)मा गएर बस्छन् । जन्ती जाँदा बेहुलीको घरमा पुग्ने बेलासम्म बुक्स्याल बजाउदै चमर, तरबार लिएर नाँच्ने गरिन्छ । बेहुलीको घर पुगेपछि भने केही वरसम्म बेहुली पक्षकाहरूले बुक्स्याल बजाउँदै तरबार र चमर लिई नाँच्दै लिन आउने गर्दछन् । यतिबेला बेहुलातर्फको बाजा बन्द गरिन्छ र दुबैपक्षका मिसिएर एकै ठाउँमा नाँच्दै घर आँगनमा पुग्छन् ।

छ्याङ्रा(बिहेघर) वा मन्डपमा रातीको समयमा बेहुला तथा जन्ती बस्नका लागि आवश्यक व्यवस्था मिलाइएको हुन्छ । छ्याङ्रामा छ्योद्सम(पूजामन्डप) बनाई कोन्छेग च्यिदुस( गुरु पद्मसंभवका पूजामण्डला) लयायतका द्रव्यद्वारा सजाइको हुन्छ । त्यस किल्खोर मण्डपको अगाडि बेहुला बेहुली बस्ने ठाउँ बनाइएको हुन्छ भने दायाँबायाँ लगायतको ठाउँमा जन्तीहरू बस्नका लागि गलैंचा आदि बिच्छाइएको हुन्छ । केही छिनको आरामपछि बेहुली पक्षका मुख्य मानिसहरू शपछी(अनुचर) सहित आएर बेहुलाका आफन्तहरूसित राम्रो शेर्पा पहिरनका साथ हातमा मीठो छ्याङ लिई विनम्रतासाथ लामालाई अभिवादन गरी परिचय गर्ने चलन छ । यस क्रममा बेहुली पक्षकाले तपाइँहरू टाढादेखि आउनु भएकाले कष्ट भयो होला हाम्रो सत्कार स्वीकार गर्नुहोस् भन्ने भावको गीतहरू गाउदै छ्याङ दिइन्छ । त्यसपछि खानाको समय भएमा जन्तीलाई खाना(भोज) खुवाइन्छ र बेहुली पक्षका घर गाउँलेलाई पनि खाना खुवाइन्छ । यदि खाना खाने समय नभएमा आपसी सल्लाह गरी विवाह विधि अघि बढाइन्छ ।

बेहुला अन्माउँदा गाउने संस्कार गीतको नमूना यस प्रकार छन् ।

खाङ् बा सम्पी दुङ् मा
क ज्यु रोम्पी थु च्ये
थिङ साङ न वा कि पो
फमा जाङ्पी थु च्ये ,ए होक् ए होक् ।

फमा जङ्पी पु हीं
नवा ल्ह ला कें स्यो
यु इ पुम्पी खा ला
रिकु सो ना ग्याँ स्यो, ए होक् ए होक् ।

(स्रोतः-दाडोमा शेर्पा, वर्ष-३३, जुँगु-९,दोलखा)

बेहुला अन्माउने क्रममा शुभ साइतको लागि बिहेमा आएका नारी पुरुषहरूले यस प्रकारका गीत गाउछन् । यस गीतको मूल भाव जसरी घरको इज्जत भनेको छानो हो र त्यसलाई थामहरूले  थेगेको हन्छ त्यसै गरी यस धर्तीमा जन्मी हुर्की बेहुला बन्दाको खुशी र आनान्दमा कर्तव्यनिष्ठ बाबुआमाको देन छ । कुल घरानका  छोरा हौ, उच्च विचार लिएर राम्रो कर्म गर्नुपर्छ र समृद्ध बन्नुपर्छ भन्ने हो । स्मरणीय के छ भने शेर्पाहरूको बिहेमा रत्यौली गाउने र नाँच्ने चलन भने हुँदैन ।

बेहुलीको घरमा पुग्दा गाइने गीतको नमूना निम्न प्रकार रहेको छ ।

स्यार् की  मि याँ जोम् सुँ
नुप् की मि याँ जोम् सुँ
जोँ बा ट सी खा ला
छे ला पार् च्या मा ताँ -२

(स्रोतः-दाडोमा शेर्पा, वर्ष-३३, जुँगु-९,दोलखा)

केटा र केटी दुवै पक्षले पालो गरेर गाउने यस गीतको मूल भाव शुभ कार्यका लागि चारैतिरका आफन्तहरू जमघट भएका छौं कसैले नराम्रो व्यवहार र झैझगडा तथा रिसराग नगरौं र कसैमा दुःखबिमार नहोस् भन्ने हो ।

## (ङ)  कर्छ्याङ (मक्पादेन्सी) र चिः बुलुः

परिचय गर्न आएका माइतीपक्ष फर्किएको केही समयपछि बेहुला र बेहुलाका बाबुआमा लगायतका मुख्य मान्छेहरू आफूहरूले ल्याएको फेमार, रक्सीको (टिन-१) र पोङ, माङपी केका ( बेहुलाको कोसेली ) लिएर मक्पा देन्सी (दुलाहा चिनाउने कार्य) गर्न जान्छन् । यसबेला माइती पक्षले एउटा ठेकी/बाल्टीमा मिठो छ्याङ सगुन स्वरूप राखेर पुरोहित लामाको अगाडि राखिन्छ र लामाले मन्त्रोच्चारण गरी छेसी गर्दछ र जन्ती लगायत सबैमा छ्याङ छर्केर अभिषेक गरिन्छ । यता बेहुलीको आमाबाबु तथा मान्यजनहरूलाई राखेर मक्पी केका फेमार खादा सहित आमाबाबुको अगाडि राखिन्छ र स्योर्के गीत (यिटु) गाउँदै सम्मान गर्दै रक्सी (कोसेली) खान दिइन्छ र सँगै खादा पनि चढाइन्छ । यो कार्य शेर्पा लयको गीत सङ्गीतको रमाइलो वातावरणमा माइती पक्षका वरिष्ठ मान्यजनदेखि क्रमशः सबैमा गरिन्छ र बाँकी रहेको कोसेली (रक्सी) पनि जिम्मा लगाइन्छ । माइती पक्षले ठेकीमा राखेको सिल्छ्याङ(सगुन) बेहुलापक्षका मुख्य मान्छे लगायत सबैलाई खुवाइन्छ र बेहुलाले बेहुलीको बाबुआमा लगायत मान्यजन सबैको दुबैहात क्रमश दाहिने र देब्रे दुई हात लगाएर लिई हत्केलाको पछाडिको भाग उचालेर ढोग्दै आफू बेहुला भएको परिचय व्यक्त गर्दछ । यो कार्य समाप्त भएपछि जन्तीहरू आफ्नै ठाउँ( छयाङा)मा गएर बस्छन् र खाना नखाएको भए खाना खुवाइन्छ ।

यसपछि जन्ती पक्षकाहरू आराम गर्ने तथा नाचँगानमा रमाउने गर्दछन् । भने बेहुलीको घरमा चाँहि निम्तालु आफन्तहरूबाट सराय(यु) उठाउने कार्यक्रम बडो सङ्गीतात्मक एवम् उत्साहजनक रूपमा हुने गर्दछ । यसमा आफन्तहरूबाट बेहुली तथा बाबु आमालाई खादाले स्वागत गर्दै आफ्नो इच्छा र गच्छे अनुसार रुपैयाँ पैसा दिइन्छ भने दुलहीलाई कर्ता(गर्दुवा दान) गर्ने काम पनि यस क्रममा सम्पन्न हुन्छ । यस बेला बेहुलीका आफन्तबाट सहयोगका लागि स्वागत गर्दै छ्याङ  दिने र गीत गाउने तथा नाँचगान गर्ने गर्दछन् र रातभर जसो रमाइलोसँग

यो कार्य चलिरहन्छ र बाहिरको नाँचगानमा पनि दोहोरी सहित रमाइलो सहभागिता हुन्छ । सराय(यु) उठाउने समयमा दुलही पहिरिएर बस्नुपर्छ र जसले पैसा राख्छ वा गर्दुवा गर्छ उसलाई ढोग्नु पर्छ । कर्ता दिइएको रकम बेहुलीले नै राख्दछ भने सराय दिइएको रकमलाई टिपोट गरिन्छ र पछि त्यो आफन्तको घरमा विवाह हुँदा दोब्बर दिनुपर्ने चलन हुन्छ । यदि आफूले पहिला नै सराय राखेका भए त्यस आफन्तबाट दोब्बर लिने गर्दछन् । पहिला पहिला दोब्बर बनाएर दिएको रकम फर्काउनु पर्दैनथ्यो भने हाल आफ्नो बराबरको रकम कटाई बाँकीलाई फेरि नयाँ सरायको रूपमा गणना गर्ने चलन छ । जुन पछि फर्काउनु पर्छ । यो विधि केवल रकम सङ्कलन गर्न नभई सराय भए पछि आफन्तहरूलाई  विवाहमा आउन अनिवार्य विषय हुने दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

बेहुला ढोगभेट गर्न जाँदा गाउने गीतको नमूना यस प्रकार रहेको छ ।

कर्मु तुङ गी ठि ला
टिन्ज्यँ फमा ज्यु सुँ
तुङ्गी च्योक्ची खा ला
ङुलगी च्योक्ची ग्यप्सुँ

ङुलगी च्योक्ची खा ला
कयु कर्सा दिकी
कयु नङ्गी छेच्याङ
टिन्ज्य फमा सेताङँ ।

(स्रोत : दाडोमा शेर्पा, वर्ष-३३, जुँगु-९,दोलखा)

बेहुला पक्षकाले गाउँने यस गीतको मूल भाव सम्मानित दुलहीका बाबुआमालाई अमूल्य वस्तुले सजाइएको मञ्चमा राखी हार्दिक स्वागत गर्दछौं । कृपया यो हाम्रो सगुन ग्रहण गर्नुहोस् भन्ने हो ।

त्यसै गरी बेहुलीको घरमा पैसा उठाउँदा गाउने गीतको उदाहरण निम्न प्रकारका छन् ।

सुङ् स्यु वी टु याँ ला
छ्याङ् ती छेताङ् स्यु वी टु याँ ला
चउइ लमी छेताङ स्यु वी टु याँ ला
चउइ लमी मा छे  स्यु वी टु याँ ला
सि याँ छेक्यु मि दु स्यु वी टु याँ ला

सुङ् स्यु वी टु याँ ला
सेर् ला सेर् की गोङ् वे स्यु वी टु याँ ला
ङुल ला ङुल की गोङ वे स्यु वी टु याँ ला
टङ् गा पासाङ गेली स्यु वी टु याँ ला
गोङ् ला छे क्यु मि दु स्यु वी टु याँ ला

(स्रोत :पाल्दे शेर्पा, वर्ष-५५, काब्रे-५ ठूलोवन, दोलखा)

सराय उठाउने जिम्मेवारी पाएका मिमहरूले गाउने यस गीतको मूल भाव आदरणीय लामागुरु ज्यू छ्याङ सगुन अभिषेक गरी यो हाम्रो पैसा उठाउने कार्यको थालनी गरी दिनुहोस्।

सबै सामानको आफ्नै भाउ भए जस्तै उपस्थित ठूलाबडाको पनि आ-आफ्नो स्तर छ। त्यो स्तर अनुसार पैसा राख्नु हुन अनुरोध छ भन्ने हो।

## (च) ग्याँकुतु (टीकाटाला) विधिः

पूर्व निर्धारित लगन अनुसार बेहुला बेहुलीको बीचमा सिंदुर टीका गर्ने कार्यलाई ग्याँकुतु( टीकाटाला) भनिन्छ। टीकाटालाको लागि यता दुलाहालाई पहिऱ्याएर बुक्स्याल, गेलिङ आदि बजाई बेहुलीघरमा लगिन्छ भने उता बेहुली पक्ष पनि लामागुरु, बाबुआमा लगायत मान्यजनहरू पाङक्तिबद्ध भएर अगाडि ठेकी वा बाल्टीमा मीठो छ्याङ घिउको कर्केन सहित राखी तयारी अवस्थामा बस्छन् र त्यसको ठीक अगाडि बेहुला बेहुली बस्ने ठाउँको व्यवस्था गरिएको हुन्छ। बेहुला बेहुली बस्ने ठाउँमा लामाले जपपूजा गरी शुद्ध चामलको रेखीमा युङ्टुङ (स्वस्तिक चिन्ह) बनाउँछ। जहाँ बेहुलालाई पलेटीमा बसाइन्छ। त्यसपछि दुलहीलाई परम्परागत पोशाकमा सिँगारेर ल्याई दुलाहाको बाँयाँतर्फ बसाइन्छ। बेहुलाले घरदेखि ओडेर आएको छाता ओड्ने गर्दछ भने बेहुली पनि छाता ओडेर बस्छे। बेहुला बेहुली दुबैलाई आवश्यक कार्य गर्न एक/एक जना सहयोगी केटा र केटी पारेमको व्यवस्था गर्नु पर्दछ।

ग्याँकुतुको बेला दुलाहतर्फबाट लामा वा एक जना मोला गर्न जान्नेलाई खादा दिएर मोला गर्न अनुरोध गरिन्छ र उसले मोला सुनाउछ। खादा पहिला दुलहीका बाबुआमालाई संयुक्त रूपमा लगाई दिएपछि दुलाहा दुलहीलाई लगाइन्छ। त्यसपछि दुलहीपट्टिको लामा वा मोला जान्नेले मोला सुनाउँछ। जसमा फलानो ठाउँका ठूलाबडाका कुमार छोरा फलानोलाई फलानो ठाउँकी ठूलाबडाकी कुमारी छोरी फलानो चाँहि सामाजिक परम्पराको विधि अनुसार चढाएको कुरा जाहेर गर्दछ। हो कि होइन भनी प्रश्न गर्दा दुबै पक्षकाले हो भनी जवाफ दिएपछि आकाश, पातल जहाँ पुगे पनि यी दुबै एक अर्काको हुन्छ र होइन भन्न वा अलग हुन खोजेमा यो बाचाले समाउनेछ भनी वचनबद्धता गराइन्छ।

लामाले आवश्यक पूजा विधि पूरा गरेर दुलाहा दुलहीलाई फुरु (काठमा चाँदीले मोडेको कचौरा) मा राखी प्रसाद स्वरूप छ्याङ खुवाइन्छ र लामाको बाहुलीबाट शुद्ध नौनी घिउको कर्केन(टीका) टासी मोलम गर्दै शीरमा ३ ठाउँमा लगाइदिन्छ। त्यसपछि बेहुलाले सिन्दुर छेसी गरेर तीन पटक बेहुलीको शीरमा लगाइदिन्छ। यस शुभमङ्गल कार्यमा बन्दुक पड्काई हर्क बढाइँ गरिन्छ। शेर्पिनीहरूले यस दिन बाहेक अरु दिनमा निधारमा टीका लगाउने गर्दैनन। जन्तीहरू आफ्नो रीत अनुसारको शुभकार्य सम्पन्न भएको र दुलहीलाई सुखसँग राख्छौं माइतीहरू दुःखमन नगर्नुहोस् सृष्टि थाम्न हामीले यसो गर्नै पर्छ भनी गीत गाउँदै नाँच्छन भने माइती पक्षकाहरूले पनि हाम्री छोरी जन्माई हुर्काई ठूलो बनाएर तपाइँहरूको जिम्मा लगाएका छौं। "पाले पुण्य मारे हत्या" भने झैं कष्ठ नदिनुहोला। छोरी तिमीलाई अरूको जिम्मा लगाएर पठाउँदा हाम्रो मन त रोएको छ तर यस्तै चलन छ त्यसैले नरोऊ मन नदुखाऊ फेरि छिट्टै फर्केर आउनु भन्ने जस्ता भावका गीतहरू सङ्गीतात्मक रूपमा बडो भावुक रूपमा गाउँदै नाँच्ने गर्दछन्। विवाहको यस क्षण केही कारुणिक हुने गर्दछ र दुलही र माइती पक्षकाहरूबाट रोएर वेदना पोख्ने काम पनि हुन्छ। दुबैले लामासँग आशिष लिएपछि फुरुमा भएको छ्याङ

दुलाहाले लामादेखि केटी पट्टिका मान्यजनलाई र दुलहीले केटापट्टिका मान्यजनलाई खुवाउँदै हात लिएर शीरमा राखी ढोग गर्दै आशिष लिनुपर्दछ । यसै बेलादेखि कुलकुटुम्ब सबैसँग फुरु चलेको पनि मानिन्छ । ग्याँकुतु कार्य समाप्त भएको उपलक्ष्यमा शेर्पा शेर्पिनीहरू मीठा र विशेष भाव बोकेका गीत गाएर सेरुगेकु नाँच नाँच्दछन् । यसमा शेर्पा बोलीमा एकै स्वरमा गीत गाएर हातेमालो गरेर अगाडि, पछाडि, ठाडो तथा झुकेर कहिले फनफनी घुमेर मौलिक शेर्पा नाँच गर्दछन् । यसमा बूढाबूढीदेखि युवायुवतीसम्म रहेका हुन्छन् भने नाँचमा विशेष गरी महिलाहरू सहभागी हुने गर्दछन् ।

टीकाटालो गर्दाको गीतको एउटा नमूना यस्तो रहेको छ ।

हि सु च उइ ल म
हि सु च उइ पुम्पा
पुम्पी न डी दु र्ची
सेम्पा खाङ् ला डुप्सुङ -२

तेम् डी हि ना डे सोँ
किँ कु हि ना छ्वो सोँ
किँ कु छ्वो उइ मि ला
छे ला पा र्च्य माँ तोँ - २ (स्रोत : लमी शेर्पा, वर्ष-७२, जुँगु- ९, दोलखा)

दुलाहा पक्षकाले गाउने यस गीतको मूल भाव अदरणीय धर्मगुरु लामा ज्यूको पुम्पा( कलश)को अमृत जल प्राप्त हुँदा यो सुखद अवसर प्राप्त भएको छ र शुभकार्य सम्पन्न भएको छ । दुलाहा दुलही तथा उत्साहका साथ जमघट भएका मान्छेहरू सबै सुखी र दीर्घायु रहुन् भन्ने हो ।

## (छ) खोलु निकाल्ने :

छ्याङामा लामाले राती शुभमङ्गल एवम् स्वस्ती शान्ति पूजा गर्ने गर्दछ । साइत हेरी उज्यालो हुने बेला वा बिहानी भएपछि सेरिङम (छ्याङ सगुन) मागेर पूजा विधि पूरा गरेर बेहुला पहिऱ्याएर खोलुको साइत गरी बाहिर निकाली जन्ती फर्किएर जानेतर्फ फर्काएर राख्नुपर्दछ । यस बेला बुक्स्याल, गेलिङ आदि बजाई तरबार चमर नाँच सहित जिम्मेवार मान्छे तथा जन्ती खोलु राख्ने ठाउँसम्म आउँछन् । तरबार, चमर, बेहुलाको पोसाक बुक्स्याल सबै सामग्री खोलुसँगै बेहुलाको छाता ओडाएर राखिन्छ र छ्याङामा फर्कन्छन् ।

## (ज) डेन (सत्कार भोज) कार्यक्रमः

उज्यालो भएपछि जन्तीलाई दुलही पक्षबाट उज्यालो भयो उठ्नुहोस् भनी लङ्छ्याङ ल्याएर खुवाउने गरिन्छ । लङ्छयाङ खाएपछि दुलहीको गाउँलेले डेन खुवाउने गर्दछन् । यो शेर्पाहरूको एउटा राम्रो परम्परा मानिन्छ । डेन पनि व्यक्तिगत र सामुहिक गरी दुई प्रकारले खुवाइन्छ । डेनमा हल्का तथा मीठो शेर्पा परिकारका खाजाका साथै इच्छानुसार, चिया, छ्याङ, रक्सी सबै जन्तीलाई नबिराई खुवाइन्छ । यस क्रममा स्योर्क्य वा यिटो गीतद्वारा लामादेखि

वरिष्ठताका आधारमा सबैलाई स्वागत सत्कार गरिन्छ गाउँले जति सबै मिलेर सामूहिक भोज खुवाउने उक्त घरमा गीत गाई नाँचगान गरी रमाइलो गर्छन् ।

### (झ) नम तोङ्कु (बेहुली पठाउने):

डेन कार्यक्रम सम्पन्न भएपछि जन्ती तथा गाउँले सबैलाई बिहानीको खाना खुवाइन्छ र एकसरो छ्याङ पनि खुवाइन्छ । त्यसपछि नम तोङ्कु अर्थात दुलही अन्माउने प्रक्रिया सुरु हुन्छ । यस बेला छ्याङामा बसेका जन्तीहरूले दुलाहालाई पहिऱ्याई आसन गराएपछि बुक्स्याल, गेलिङ आदि बजाउँदै तरबार, चमरको कलात्मक नृत्यका साथ दुलहीको घरमा माग राख्न जान्छन् । केही समयको गीत र नाँच पश्चात दुलही पहिरेर अघिअघि तामाको झ्याँगा, गाग्री आदिका साथ छ्याङामा ल्याइन्छ र दुलाहासँग बसाइन्छ । लामाले पूजाको मन्त्र जप गरेपछि अन्तिम टीकाटालो गरिन्छ । त्यसपछि दुलही अघिअघि र दुलाहा पछि-पछि हिड्दै दुलहीका बाबुआमा लगायतका सम्मानित मान्यजनहरूलाई विदाइको ढोग गर्दछन् । जन्ती पक्षकाले दुलही पक्षका लामा, बाबुआमा लगायतका मान्यजनलाई यिटु गर्दै छ्याङ खुवाउछन् । बाहिर खोर्लो निकाली राखेको नजिकमा साङ, धूप बालेर आमा लगायतका माइती पक्षका मान्यजनहरू छोरीलाई सगुन दिन र शुभयात्राको कामनाका लागि बस्दछन् । विदाइको गीत, बाजागाजा, स्येरुगेकु नाँच तथा सिली नाँचका साथ दुलही अन्माएपछि जन्ती अघि बढ्दछ । बेहुला बेहुलीलाई खादा दिन बाँकी आफन्त भए अन्तिम अवसरमा पनि लाइदिन्छन् । आमाको सगुन लामाले छेसी गरेपछि अभिषेक गर्दै प्रसाद ग्रहण गर्दछ अनि दुलही र दुलाहलाई खुवाइन्छ भने खादा पनि लगाइदिन्छन् । घरको सह नजाओस् भनी एक/दुई वटा खादाग माइतीले झिकिराख्ने चलन छ भने जन्तीमध्येका एक दुई जनालाई छ्याङ/जन्ती फि भनी तानेर फर्काएर ल्याई टन्न मीठो मीठो रक्सी खुवाई पठाउने चलन छ । माइतीपक्षका युवायुवतीहरूले ख्यालठट्टा गर्दै जन्तीलाई फुको पिठो हान्ने चलन छ । यसलाई शेर्पाहरू चम्पी खादाग भन्ने गर्दछन् । यसो गर्नुको अर्थ शुभकामना व्यक्त गर्नु नै हो । त्यसपछि जन्ती दुलही लिई फर्कन्छन् । फर्कदा बेहुलाले बोकेको पुम्पा बेहुलीले बोक्नुपर्छ र बाटामा तर्नुपर्ने प्रत्येक खोलाबाट अलिकति पानी उठाएर पुम्पामा हाल्नु पर्छ ।

बेहुली अन्माउदा गाइने गीतको उदाहरण निम्न अनुसार रहेका छन् ।

माइती :दोङ्बु कि रि होक् ला
रि मि मैँ दो मे त-२
तँ दा आ मी पु मु
मि कि ओङ्ला मे त -२

माइतीका नारीहरूले गाउने यस गीतको मूल भाव जसरी ठूलो रुखको आडमा उम्रिएका कलिला मुनाले कुनै हुरीबतास, असिना, पानी र चर्को घामको पिडा भोगेको हुँदैन त्यस्तै हाम्री छोरीले पनि कुनै दुःख कष्ठ भोगेको छैन त्यसैले दुःख नदिनु होला भन्ने हो ।

जन्ती : ल ची गेम्नी मो डो
लाप् चा सो नी डो हीँ-२
पु मि छे ची रिङ् सी
फ मा ट ल ज्याल हीँ -२

फमा टला ज्यु ने
पु मु स्र्योसुँ मा सुँङ-२
पु मी छे ची  रिँङ सीँ
फमा याङ् याङ् ज्याल हीँ-२

(स्रोतः- दाडोमा शेर्पा, वर्ष-३३, जुँगु-९,दोलखा)

जन्ती पक्षका नारीहरूले गाउने यस गीतको मूल भाव सँधैका लागि डाँडा काटी जाँदैनौ । स-साना विरुवाको जगेर्ना गरे झैँ रेखदेख गर्छौँ । तपाइँ माइतीहरू चिन्ता नगर्नूस् । छोरी मात्र सुखी र दीर्घायु भई भने मातापिताको दर्शनमा फेरिफेरि आउनेछिन् भन्ने हो ।

## (ञ) टसियाङ :(बेहुलाको घरमा स्वाागत)कार्यक्रम :

जन्ती दुलाहाको घरमा पुग्नुपूर्व स्वागत स्वरूप सगुन छ्याङको व्यवस्था गरेको हुन्छ । यसलाई सुर्छ्याङ भनिन्छ । घरको आँगनमा गलैंचा राखी दुलाहा, दुलही र लामा लगायत मुख्य व्यक्तिलाई बस्ने ठाउँको व्यवस्था गरिन्छ भने आसन अगाडि च्योक्चीमा छ्याङको सगुन, धूप, फूलको थुङ्गा आदिको व्यवस्था हुन्छ । जन्ती आइपुग्दा बन्दुक पड्काइन्छ, झ्याम्टा बजाइन्छ र नाँचगान गर्दै सिली नाँच गर्दै सफलताको गीत गाउँछन् । लामाले सुर्छ्याङ छेसी गरेर प्रसाद स्वरूप ग्रहण गर्दछ र सबैलाई खुवाइन्छ । यो दुलही ल्याउने कार्यमा दुलाहा र जन्तीको सफलताका लागि सम्मान गर्दै र सिमेभूमे तथा कुलदेवता खुसी पार्न गरिन्छ । घरमा आएपछि मोलासहित फेरि एकपटक अन्तिम टीकाटाला गरिन्छ । त्यसपछि भ्याम्टा बजाउँदै सिली नाँच्दै तीन पटक घर परिक्रमा गरेर दुलही भित्र्याइन्छ । जन्तीहरू घरमा बस्न व्यवस्था गरिएको ठाउँमा बस्छन् र उनीहरूलाई खाना (भोज) खुवाइन्छ । बेहुलीले आफ्नो पहिरन फेर्छे । त्यसपछि सिल्छ्याङ खुवाइन्छ । केही समय आराम गरेपछि आँगनमा रमाइलो नाँचगान सुरु हुन्छ भने, घरमा निम्तो मान्न आएका आफन्तहरूबाट लर्के(सराय) उठाउने कार्य सुरु हून्छ । बेहुलीको घरमा उठाइने सरायलाई यु र बेहुलाको घरमा उठाउने सरायलाई लर्के भनिन्छ । यो क्रम नसकिएसम्म रात भरजसो चलिरहन्छ । यसका लागि एउटा थालमा केही चामल, पैसा र खादा राखी थापिन्छ र लर्के उठाउन गीत गाउँन सिपालु २ जना जति व्यक्तिलाई छ्याङ याङजी (स्वागत) गरी खादा लगाई दिएर अनुरोध गरिन्छ । त्यसरी गीत गाउन छानिएको व्यक्तिलाई मिम भनिन्छ । ठूलो ठेकी वा बाल्टीमा छ्याङ राखी बाल्टीको मुखमा ३ ठाउँ नौनी घिउको टीका राखिन्छ । लर्के लामाबाट सुरु गरी मान्यजन तथा निम्तालु सबैमा क्रमश उठाइन्छ । त्यसका लागि मिम (गीतकारहरू)ले भावपूर्ण गीत गाएर पालो आएकाहरूलाई सम्बोधन गर्दछन् र मीठो छ्याङ खुवाइन्छ । छ्याङले नभए मीठो रक्सी दिइन्छ । सराय (लर्के) राख्नेले आफ्नो तर्फबाट लर्के हाले वापत हो भन्दै छ्याङ बाँड्ने गर्दछन् । पुरानो सराय भए त्यसको दोब्बर नभए आफ्नो गच्छे र इच्छानुसार सहयोग गर्दछन् जो टिपोट गरिन्छ र पछि दोब्बर तिर्नुपर्छ । त्यसपछि बिहानी भएपछि टाढाका पाहुनापातहरूलाई टन्न खाना तथा छ्याङ खुवाइ विदाइ गरिन्छ । यता दुलहीले माइतबाट कोसेली स्वरूप ल्याएको कोसेली (फेमार, मासु र रक्सी) नमी केका (दुलहीको कोसेली) पनि सकेसम्म सबैलाई खुवाइन्छ । यसका लागि वीरताको नाँच ( सिली) नाँच्न र बुक्स्याल बजाउँनका लागि खादा लगाई अनुरोध गरिएका व्यक्तिहरूले स्यालाक्पा चाहियो भन्दै सिली नाँच निकाल्दछन् । अन्त्यमा विवाह कार्यमा विभिन्न जिम्मेवारी निर्वाह गर्न अनुरोध गरिएका सबैलाई सहयोगका लागि धन्यवाद (थुचे) भन्दै यिटु गरेर रक्सी खुवाइन्छ र खादा लगाइदिएर विदाइ गरिन्छ ।

बेहुलाको घरमा सराय उठाँउदा गाउँने गीतको उदाहरण निम्नानुसार रहेको छ ।

ला ल म फेप् न फेप् सुँ ला केसाँ ला
त ल छिम्नी फेप् सुँ सेँ बाँ, छो ला त ल छिम्नी फेप् सुँ सेँ बाँ
ला त ल सेरकी लिङस्या ला केँ साँ ला
छ्याक ला ङुलकी स्येज्याँ सेँ बाँ, छो ला छ्याक ला ङुलकी स्येज्याँ सेँ बाँ

ला छ्याङ ती छेताङ छेताङ ला केँ साँ ला
चउइ लमी छेताङ सेँ बाँ, छो ला चउइ लमी छेताङ सेँ बाँ
ला चउइ लमी माछे ला केँ साँ ला
सि याँ छेक्यु मि दु सेँ बाँ, छो ला सि याँ छेक्यु मि दु सेँ बाँ

(स्रोत :फुर्नाम्गेल शेर्पा, वर्ष-५५, जुँगु-९, दोलखा)

बेहुलाको घरमा सराय(लर्के) उठाउन गीत गाउन तोकिएका मिमहरूले गाउने यस गीतको मूल भाव सुन चाँदी लगायतका बहुमूल्य वस्तुले निर्मित जिनकाँटी कसेको घोडामा हातमा चाँदीको फुरु सहित पाल्नु भएको लामा गुरु ज्यू यो सगुन छ्याङ अभिषेक गरी सहयोग गरिदिनुहोस् र हाम्रो सराय उठाउने शुभकार्य सुरु गरिदिनुहोस् । गुरुले सुरु नगरे त अरू कसैले गर्दैनन् भन्ने हो ।

## (ट) कर्मल्वकु :(दुरान फिर्नु)

सामान्यतया बेहुली भित्र्याएको तीन दिनपछि बेहुली बेहुला सहित माइत फर्कने कार्यलाई कर्मल्वकु (दुरान फिर्नु) भनिन्छ । माइतीको बाबुआमाको र छोरीको मन सन्तुष्टिका लागि र माइती घरबाट नयाँ घर जाँदा कुनै नराम्रो दिन दशा ग्रह परेमा अनुचित हुने हुँदा ग्रह मन्छाउन पनि कर्मल्वकु कार्य गरिन्छ । कर्मल्वकुको अवसरमा पनि बेहुलाको घरबाट कम्तीमा एक कोला फेमार, एक टिन एक पोङ रक्सी र ५ पाथी चामल सहितको कोसेली लिएर जानु पर्दछ । माइत पुगेपछि पुनः माइतीका आफन्त र गाउँले जम्मा भई बेहुलीको कर्मल्वकुको कोसेली खाने खुवाउने गर्दछन् । छ्याङ खान आएका आफन्तहरूले बेहुला बेहुलीलाई खादाग लगाई सौगात गर्दै केही दक्षिणा दिने गर्दछन् । केही दिन पश्चात बेहुला वा दुबै घर फर्कन सक्छ वा छोरी माइतै बस्दा ज्वाइँलाई पनि कामकाजमा छोरीसँगै रहन आग्रह गर्न सक्दछ ।

## (ठ) लरो तोङ्कु :(दाइजो पठाउनु)

यहाँका शेर्पा समुदायमा ग्याँकुतु अर्थात विवाहको समयमा दुलहीलाई जन्तीले दक्षिणा दिए पनि बाबुआमाबाट दाइजो दिने प्रचलन हुँदैन । दाइजो दिने विधिलाई लरो तोङ्कु भनिन्छ । यो विधि छोरीले सन्तान जन्माएर घरजम पक्का भएपछि सामान्यतया तीन वर्ष बितेपछि सम्पन्न गरिन्छ । यो विधिमा पनि कम्तिमा एक कोल्य फेमार, एक टिन रक्सी र अन्य मीठा कोसेलीहरू ल्याउनु पर्दछ । तर माइती, मान्यजन धेरै भएमा र माग भएमा प्रत्येक माइती, बाबुआमा, जेठा बा-आमा, काकाकाकी, भिन्नो भएका दाजुभाइ, हजुर बा-आमा, मामामाइजु सबैलाई एक-एक कोल्य (चक्ला) फेमार र भने बमोजिम रक्सी लैजानु पर्दछ । बाबुआमाबाट आफ्नो गच्छे अनुसार सुन, चाँदीका गहँना र तामा, काँसो आदिका सामान, चौपाय लगायत

लत्ता कपडा र नगद आदि एकमुष्ठ गरी दिने चलन छ भने सबै कोसेली पाएका मान्यजनले पनि आफ्नो गच्छे र इच्छानुसार नगद तथा जिन्सी चौपाय आदि दाइजो स्वरूप पठाउँछन् र हरेक घर गाउलेले पनि धेरथोर नगद जिन्सी आदि दिन्छन् र सबैले दिएको नगद जिन्सी एकमुष्ठ बनाई टिपोट गर्ने गर्दछन् । यदि केटा पक्षले हेला गरेमा, अर्को स्वास्नी ल्याएमा टिपोटमा उल्लेख गरे बमोजिमको सबै नगद जिन्सी तथा अन्य वस्तु नियमानुसार छोरीलाई वा पत्नीलाई फिर्ता गर्नु पर्ने हुन्छ । स्वास्नीलाई धपाएर दाइजो खाइमासी गर्न पाइँदैन ।

दाइजो दिँदा गाउने गीतको नमूना यस प्रकार छन् ।

ला याँ डो सि वा ला आ आ सोँ
छ्यु ति ताङस्या ङोन् बु ला नि
यर काङ ला ङन् बी गि हीँ
ला याँ डो सि वा ला आ आ सोँ
पु मी छे टो जाङ् बु ला नि
फमा ला जङ् बी के हीँ

ला याँ डो सि वा ला आ आ सोँ
फमा जाङ् पी पु मु ला नि
तो लु ला जोप रु रे रे
ला याँ डो सि वा ला आ आ सोँ
फ मी छे ची रिँ सीँ ला नि
साङ बु ला सेर की ङ्याक्ता

(स्रोत : फुर्नाम्गेल शेर्पा, वर्ष-५५, जुँगु-९,दोलखा)

दाइजोको बेलामा माइतीले गाउने यस गीतको मूल भाव हिमालको पवित्र जलबाट बनेको विशाल सागरको पानी निलो देखिए झैँ कुलघरान र खान्दनकी छोरी भएकीले जिउडाल, रूपरङ्ग र व्यवहार उत्तम छ त्यसैले बुद्धिमान र ज्ञानी छौ । माइतीले अहिले जति दिएको छ चित्त बुझाऊ । माइती दिर्घायु रहे फेरि पनि पाउने छौ भन्ने हो ।

त्यसै गरी विवाहको विभिन्न अवसरमा गाइने यिटो/स्योर्के(स्वागत) गीतको एउटा नमूना  निम्न अनुसार रहेको छ ।

छ्यो ग्या गर पेन्छे पो ला का ठेँन् छे
पे माँ ज्यूँ नेँ कु ला देँ डो मे त्ह दाँ ल्हो
नुप् सैँम् बी खा ने ज्यु उर् गैँन रिम्पो छे ला
दो जी छ्येपा पुल

(स्रोत : फुर्नाम्गेल शेर्पा, वर्ष-५५, जुँगु-९,दोलखा)

पाहुनाको स्वागत सत्कारमा गाइने यो स्वागत वा प्रार्थना गीतको मूल भाव भरतवर्षमा उत्पन्न भई भोटमा जाग्नुभएका भगवान बुद्ध जो सर्वव्यापी हुनुहुन्छ र लोककल्याणमा व्यस्त भएकाले अहोरात्र आराम नलिनुहुने धर्मगुरुलाई यो अमृत अर्पण गर्दछौँ भन्ने हो ।

यसरी शेर्पा परम्परा अनुसार विवाह सम्पन्न गर्दा विभिन्न चरणमा धेरै विधि अपनाउनु पर्ने हुन्छ । पैसा पनि प्रशस्त खर्च हुने हुँदा आर्थिक अवस्था कम्जोर भएका शेर्पाहरूलाई विवाह गर्न केही कठिनाइ हुन्छ तर परम्परालाई भने आत्मसात गरेकै हुन्छन् ।

यहाँका शेर्पा समाजमा विधवा भाउजु स्याहार्ने प्रथा पहिला रहेता पनि हाल लोप हुँदै गएको छ भने जारी विवाहको चलन देखिँदैन र चोरी वा प्रेम विवाह चाँहि फाट्टफुट्ट हुने गरेको देखिन्छ ।

## ३.३.४ मृत्यु संस्कार :

शेर्पा समुदायको जातीय परम्परा अन्तर्गत अर्को महत्त्वपूर्ण मौलिकपन भएको संस्कार मृत्यु संस्कार हो । अन्यत्रका झैँ यस क्षेत्रका शेर्पाहरूको पनि आफ्नै मृत्यु संस्कार रहेको देखिन्छ । जन्म नै मृत्यूको कारण  र जन्म मृत्यु भन्ने कुरा यो सृष्टिको विधान हुँदा हुँदै पनि शेर्पा समुदायमा मृत्युलाई बौद्ध धार्मिक दृष्टिले हेर्ने गरिन्छ । मानव जीवन केवल दुई दिनको लागि हो जसले एकदिन यो संसार त्याग्नै पर्दछ भन्ने बुझी बाँचुन्जेल विशुद्ध धर्माचरण अपनाउन नसके पनि मर्ने बेलामा जगत उद्धारक एक जना लामा गुरु ल्याई मृत्यु शैय्यामा रहेको व्यक्तिलाई उपदेश दिन लगाउनु आवश्यक मानिन्छ । यस क्रममा लामालाई स-सम्मान भोजन गराई खुशी तुल्याउनु पर्ने मान्यता रहेको छ । मृत्यु संस्कारमा निम्न चरणमा निम्न विधि अपनाई कार्यविधि पूरा गरिन्छ ।

### (क) विरामीलाई धर्म उपदेशः

मृत्यु शैय्यामा रहेको विरामी व्यक्ति अर्ध बेहोश अवस्थामा रहेकालाई लामा गुरुले उसलाई यमदूतले समाती सकेकोले अब जानुपर्छ भन्दै अत्यन्त करुणामय भावनाबाट भौतिक सामग्रीले भ्याएको र मनले कल्पना गरे अनुरूपको पूजा मण्डप सजाई मन बैरागका प्रवचनबाट कुरा आरम्भ गरी धार्मिक प्रवचनहरू राम्ररी सुनाउनु पर्दछ । जसले मृत्युको मुखमा पुगेको व्यक्तिको मनोवृत्ति धर्ममा प्रवृत्त गराउने र लामाको त्यो प्रवचन सुन्न साथ शान्ति र मुक्ति मिल्ने परतु थोटोल छेन्मोको पाठ सुनाउनु पर्दछ । यदि मर्न लागेको व्यक्तिको श्वास टुट्न लागेको भएमा भगवान बुद्धको कायमुद्रा, वाणीमुद्रा र चित्तमुद्राको सामग्री आदि हेर्दै आनन्द मिल्ने दृश्यहरू, उसको आँखा अगाडि देखाउनु पर्दछ । त्यसरी नै अमृत, प्रसाद आदि इन्द्रियहरूमा स्पर्श गराउनु पर्दछ । मृत्यु भइसकेको शरीरलाई भने दाँयाँ कुम भुँईतिर र अनुहार उत्तर फर्काई तिघ्रा खप्ट्याई दाँयाँ हात गालामुनि र बाँयाँहात तिघ्रा माथि तेर्स्याएर राख्नु पर्दछ ।

### (ख)  थोटोल पाठ र फोवा उपदेश :

प्राण त्याग गरेपछि शरीरको कोषहरू जीवित छँदै वा आन्तरिक प्राण बाँकी हुँदै फोवा ( जननान्तर पाठ) सुनाइन्छ । लामा शास्त्रमा यो विधि मृतकका लागि अति लाभदायक छ भनिन्छ । किनकि यो कार्य मृतात्मालाई बुद्ध क्षेत्रमा सारेर पठाउने महत्त्वपूर्ण उपदेश हो र यो उचित समयमा हुनु पर्छ भन्ने विश्वास छ । अघि वा पछि सुनाइयो भने त्यो असामयिक हुने र अनर्थ हुनेछ । उचित समयमा हुन सकेमा बुद्धत्व प्राप्त हुने र पाँच महापाप गर्ने पापीले पनि मुक्ति

पाउने विश्वास गरिन्छ । फोवा गरेर केही मोलम(स्तुति) अघि बढाएपछि नाकबाट सेतो र कालो बोधिचित्तका बिन्दु निक्लन्छ भनिन्छ । त्यसपछि मृतकको शवलाई राम्ररी धोएर सफा गरेर सेतो कपडाले बेरेपछि मानिसको नाम्से (विज्ञान) रूपी नृः लेखेको अक्षर लामाले शवमुनि राख्दछ र शव अगाडि नाम्से दीपको रूपमा एउटा ठूलो कुम्बु(दियोमा) घिउले भरिएको चम्किलो दीप बालिन्छ । शवमाथि छाता ओडाई दाँयाँ बाँयाँपट्टि दातर (पञ्चरङ्ग ध्वजायुक्त माला), मुखमण्डलमा ऐना र अगाडिपट्टि विभिन्न खाने पिउने पञ्चकाम गुणका वस्तुहरू पनि राखिन्छ । त्यसपछि अरु लामाहरू बोलाइन्छ र गाउँले तथा आफन्तहरूमा पनि खबर गरिन्छ । मृतकको आत्माले ४९ दिनसम्म अर्को देह प्राप्त नगर्ने वा मर्त्यालोकबाट स्वर्गलोक जाने बीच बाटो( अन्तरिक्ष)मा अल्मलिएर रहन्छ भन्ने विश्वास गरिन्छ । तसर्थ फोवा पछि लामाले परदोइ थोडोल (मरणान्तर शक्तिहरू पाउने पाठ) र परडोइ थोडोल(अन्तरिक्ष/शुन्यताको गौंडा तार्ने पाठ) र परदोइ जिग्क्योवमा(अन्तरिक्षको डरबाट मुक्त गराउने) पाठ गर्नु पर्दछ । यस कार्यले मृतात्मालाई अन्तरिक्षमा परिचित गराउछ भन्ने विश्वास गरिन्छ । अन्य लामाहरू, आफन्तहरू आइपुगेपछि जिन्दग(घरधनी)ले सुर्क्ष्याङ(स्वागत छयाङ)द्वारा स्वागत गर्नु पर्दछ । शव अगाडि क्येम्छ्याङ ( चिया, छ्याङ रक्सी, दूध, दही आदि) तिर्खामा खान भन्दै राख्दछ । मण्डल (चामल, मकै आदिले भरिएको डबका/थाल) र खादा आदि राखिन्छ । समय मिलाई लामागुरु लगायत जम्मा भएका सबैलाई छ्याङ तथा खाना खाजा खुवाउनु पर्दछ । त्यसपछि शवको अगाडि देवमण्डल/पूजामण्डल स्थापना गर्नु पर्दछ । यसमा विभिन्न देव देवताका प्रतिमूर्ति स्वरूप विभिन्न आकार प्रकारमा घिउको टीका राखिएको रङ्गीन खालका आकर्षक तोर्मा (सातु पिठोको कलात्मक वस्तु) तथा धूप, बत्ती, चामल तथा पानी भरिएका तिङ/दिनजर (साना-साना कचौरा) सजाएर राखिन्छ । त्यसपछि सबैलाई सुच्या, छ्याङ आदि खुवाइन्छ । यसलाई छर्छ्याङ पनि भनिन्छ । फोव गरेवापत लामालाई छुट्टै कुयाङ(दक्षिणा) दिनु पर्दछ ।

थोडोल पाठ अन्तर्गत गरिने मोलम(मन्त्र)मध्येको एक दिक्स्याको मोलमको उदाहरण निम्न अनुसारको छ ।

नमो ग्या गर केतु सर्ब तथ गत
बुद्ध श्री फोय केतु दिक्पा थाम्चे
स्याक्पी यो छ्योक्च्यु थुइसुम गी
साङ्गे ताङ च्याङ्च्य ुसेम्पा थाम्चेतला
छ्याकचालो छ्योपा बुल्सिङ दिक्पा स्या
ताङ च्याङ्च्यु सेम्पा थाम्चेतला जेसुङ
हिराङ छ्यो कि खोरलो खोरतु सोल

(स्रोतः-डिम्सङ्गे लामा शेर्पा, वर्ष-२५, काब्रे-५, दोलखा)

त्यसै गरी फोवाको मोलमको उदाहरण निम्नानुसार रहेको छ ।

कुन् साङ थुमे गोन्बो ला सोलओन देप
साप लाङ फोवा खा ला जे पा यन
छ्युगर नम् सिङ दुङल माङ्योम छिग
नाम् सिङ ओमा छाङ्पी कुर तेम्बा
देवा चेन्तु केवार चिन्की लोक

साङ्गे ओपाङ् मिला सोलओन देप ।

(स्रोतः-ङिम्सङ्गे लामा शेर्पा, वर्ष-२५, काब्रे-५, दोलखा)

## (ग) पूजा पाठ आरम्भ गर्ने विधि/चि हेर्नेः

फोवा समाप्त भई देवमण्डल निर्माण गरिसकेपछि चिः (लेखान्त भाग र समयको योग) हेर्ने चलन छ । यसमा मृतकको शवलाई कति दिन वा समयसम्म घरैमा राखी पूजापाठ गर्ने हो वा कति दिनपछि कुन दिशातर्फ दाहसंस्कारका लागि निकाल्ने हो भनी हेरिन्छ । चिःमा मृतकको नाम र लोर्ता(वर्ग)का आधारमा त्यसको एकिन गरिन्छ । जिन्दगले अक्षता(मण्डल) र पहिलो पटक तारेको जाँड राखी लामागुरुलाई पूजापाठ प्रारम्भ गर्न अनुरोध गरिन्छ । त्यसपछि प्रमुख लामा लगायत सबैले पूजा सामग्रीलाई प्रसादमा परिणत गरी पूजा प्रारम्भ गर्दछ । लामाले गर्न सक्ने धेरै किसिमको पूजा मध्ये चिःहेर्दा आवश्यक देखिए बमोजिम पूजा पाठ गर्नुपर्छ । क्षोच्योद( प्रारम्भिक धार्मिक पाठ) पूरा गरेपछि घेग्तोर (पूजामा बिघ्न बाधा पार्ने भूतलाई दिइने भाग) दिइन्छ र देवमण्डल शरणागत र चित्त उत्पन्नबाट पूजा आरम्भ गरी अघि बढाइन्छ । यस क्रममा जिन्दग (मृतकको आफन्त)ले मृतात्मालाई शग्छ्याङ (पश्चाताप स्वरूप दिइने सगुन) लिएर स्यावा (घुँडा र हात टेकी शीर भुइँमा राखी श्रद्धापूर्वक ढोग) गर्न लगाइन्छ । बीच बीचमा चिया छ्याङ र खाजा खुवाइन्छ ।

छोग्र्खार पाठ पूरा भएपछि देवमण्डलमा अर्पण गरेको प्रसाद लामागुरु मृतक एवम् सबैलाई नछुटाई बाँडिन्छ । त्यसपछि साँझको खानापानको व्यवस्था गरिएपछि विभिन्न धार्मिक पाठपूजा गर्दै जिन्दगको आग्रहमा पुन थोडोल पाठ गर्दै मनी मोलम पाठ गरिसकेपछि जिम्छ्याङ (सुत्ने बेला खुवाइने छ्याङ) खुवाइन्छ र सुत्ने व्यवस्था हुन्छ ।

लामाहरू भोलिपल्ट सबेरै उठेर आ-आफूले अनुभव गरेका पाठ/मन्त्रोच्चारण गर्दछन् । अघिल्लो दिनमा गरिएका पूजा पाठलाई दोहोऱ्याउछन् । यो क्रम शव निकाल्ने दिन नआएसम्म दोहोरिन्छ । यस क्रममा जिन्दगले लामागुरु तथा उपस्थित आफन्तजनहरूलाई आवश्यकता अनुसार समय समयमा चिया, छ्याङ, रक्सी, खाजा, खाना दिनु पर्दछ । जिन्दगले मृतात्माको सन्तुष्टिका लागि शव अगाडि पूजाको विधिअनुसार क्येम्छ्याङ भर्नु पर्दछ र स्यावा गर्नु पर्दछ । त्यस्तै श्रद्धाञ्जली दिन एवम् समवेदना प्रकट गर्न आएका आफन्तहरूले पनि आ-आफ्नो घरबाट ल्याएको छ्याङ, रक्सी, दूध आदि जे छ क्येम्छ्याङका रूपमा शवमा अगाडि चढाउनु पर्दछ र बाँकी भएको लामागुरु लगायत सबैलाई पुगेसम्म बाँढी खाने गर्दछन् । आफन्तहरूले क्येम्छ्याङ मात्र नभई फलफूल तथा चकलेट, बिस्कुट आदि पूजा प्रसादका लागि ल्याएर जिन्दाग मार्फत चढाउन दिन्छन् भने बत्ती छ्योमी बाल्न घिउ पनि ल्याउने गर्दछन् । साथै मृतकप्रति खादाग चढाई श्रद्धान्जली व्यक्त गर्दछन् भने इच्छा अनुसार सेम्सो स्वरूप केही नगद पैसा जिन्दागलाई दिई समवेदना प्रकट गरिन्छ । शव निकाल्नु पूर्व घरको पाठपूजा वापत लामा गुरुहरूलाई सक्दो नगद दक्षिणा दिनु पर्दछ ।

## (घ) फुङ्बु देन्दु : (शव निकाल्ने)

निश्चित साइत अनुसार लास निकाल्ने दिन नीलो, पहेलो, सेतो, हरियो, रातो पञ्चरङ्गी ध्वजा बाँस वा निगालोको लिङ्गोमा राखी तयार गर्नुपर्छ । लामाले बिहानैदेखि आवश्यक धर्मिक

पाठ गरेपछि खानपान गरेर ङा(ढ्याङग्रो), तुङ(शङ्ख), गेलिङ, सङदुङ, कङ्लिङ, बुक्स्याल आदि बाजागाजा सहित तामाको झ्याँगामा जन्मपूर्वको आकृतिमा राखिएको शवलाई च्योद्की खेन्पो लामाले तान्त्रिक नृत्य सहित बाटो देखाउने च्योद(डमरु बजाएर) मृतकलाई बाटो देखाउनु पर्दछ । त्यसपछि मार्गदर्शक लामाज्यूले ग्यिङ नृत्य सहित विघ्न बाधा हटाई शवमा बाँधिएको खादागको टुप्पो समाई डोहोऱ्याउनु पर्दछ । मृतकका श्रीमान् वा श्रीमती वा सन्तानहरू, आफन्तहरू आगँनमा अन्तिम श्रद्धाञ्जलीका लागि धूप तथा छ्योमी(दीप) बालेर हातमा खादाग र दूध, छ्याङ, रक्सी आदि अन्तिम सौगात(कयाम्छ्याङ) लिएर बस्दछन् । शव निकाल्दाको यो क्षण र दृश्य अत्यन्त हृदयविदारक एवम् कारुणिक हुने गर्दछ । शव निकालिँदा आँगनमा पङ्क्तिबद्ध आफन्तले शव बोक्ने व्यक्तिलाई छ्याङ दूध आदि खुवाउँछन् र शवमा खादाग ओढाई अन्तिम श्रद्धाञ्जली दिँदै भावुक रूपमा विदाइका शब्दहरू ओकेल्छन् । यस समयमा कोमल भावका जो कोहीको हृदय पग्लन्छ र आँखा रसाउँछ । शव बोक्ने जिम्मा नजिकको ज्वाइँको हुन्छ ज्वाइँ नभए छोराले बोक्नुपर्दछ । शवलाई पिठ्युमा पछाडि फर्काएर  बोकिन्छ । घाट टाढा भए जिम्मेवार व्यक्तिहरूले पालो गर्नुपर्दछ । पूर्व तयारी विभिन्न रङका ध्वजा अघि लगाई लामाले देखाएको बाटो हुँदै शवलाई घाटमा पुऱ्याइन्छ । जहाँ आफन्तजनहरू र छरछिमेकीको पर्याप्त उपस्थिति हुन्छ ।

## (ङ) फुङ्बु सेङगुः (अन्तिम दाहसंस्कार)

शवलाई घाटमा पुऱ्याएपछि मण्डप बनाएर घाटको पूजा विधि सुरु गरिन्छ भने मलामीहरू दाउराको खोजीमा जाने तथा चिता बनाउने गर्छन् । चिताको तल सानो खाडल बनाई अलिकति चामल र पैसा(सिक्का दाहसंस्कारका लागि आवश्यक जमिन खरिद स्वरूप ) राखिन्छ । बौद्ध परम्परा अनुसार चिता तयार गरेपछि चिताको दाँयाबाट तीन पटक परिक्रमा गरी शवलाई उत्तरतिर मुख फर्काएर ठाडोमा राख्नुपर्दछ । त्यसपछि च्योद्का लामाले रोच्योद् ( घाटमा डमरु ) बजाँउदै तान्त्रिक नृत्य सहित चितालाई तीन पटक परिक्रमा गर्नुपर्दछ । अन्य लामाहरू जप पाठ गणचक्र पूजा गर्दछन् । टासीमोलम(मङ्गल प्रार्थना) गर्दछन्, ङोवा गर्दछन् । त्यस क्रममा पाठ पूजाका साथ सतबिज तथा सुगन्धित धूपहरू लगायतका वस्तुहरू(जिङ्सा) चितामा राखिन्छ । घाटमा उपस्थित सम्पूर्ण लामागुरु र मलामीहरू सबैलाई चिया, छ्याङ, पानी, प्रसाद आदि खुवाइन्छ । शव निकाल्दा सँगै केही रकम(लक्पर्चे) पनि निकालिन्छ । उक्त रकमलाई आधा बनाई घाटमा उपस्थित लामाहरूलाई कुयाङ(दक्षिणा) दिइन्छ र बाँकी रहेकोमध्ये पनि आधा जुवाँइहरूलाई दामासाही र आधाचाँहि सम्पूर्ण मलामीहरूलाई दामासाहीले बाँडिदिने चलन रहेको छ । स्मरणीय के छ भने पहिला पहिला मलामीहरूलाई नुन बाँड्नु पर्ने प्रचलन रहेकोमा हाल सजिलोका लागि पैसा नै बाँड्ने गरेको देखिन्छ ।

त्यसपछि अवस्थाअनुसार चिताको आगो शेष बनाउन जुवाइँ लगायतका केही मानिसहरू घाटमा बस्दछन् भने अरु घरतर्फ फर्कन्छन् । घरमा आँगन नजिक पानी र धूप बत्तीको व्यवस्था गरिएको हुन्छ र सबै मलामीहरू हातमुख सफा गरेर धूप खाएर भित्र जान्छन् र छ्याङ खाजा आदि खान्छन् । घाटमा भएकाहरूले शवलाई खरानी बनाँउछन् र फर्कन्छन् । भोलिपल्ट बिहान सबेरै लामा गएर घाटबाट केही अस्तु उठाएर ल्याउँनुपर्छ र पूजा गरेर स-सानो स्तूप आकारको छछ बनाउनुपर्छ र त्यसलाई पछि धार्मिक विधि अनुसार पानीमा सेलाइन्छ वा सफा ठाँउमा ओडारमा लगी राखिन्छ ।

जिङ्सा गर्दाको मोलमको उदाहरण यस प्रकार रहेको छ ।

ओम अमृता कुण्डली हनहन होङ फेद
ओम सोम बब  छ्युतो सर्म धर्म सोम
बब स्युतो हुम तोङबे डिक्त ग्युर ताङबे
ङाङले नमो गुरु बजर टङ्केनी छे दोर्जे
ठोक् चेन से छ्या वर तोङपा क्याप डो
सेम के छेमे स्यि तोन दु ताकने अमृता
सर्वओम मृता कुण्डली हनहन होङ फेट ।

(स्रोतः-ङिम्सङ्गे लामा शेर्पा, वर्ष-२५, काब्रे-५, दोलखा)

## (च) तेन स्योम्सी गर्ने ( मृतकको प्रतिमूर्ति बनाउने ) र दिन्जे पूजा गर्नेः

मृत्युको तेश्रो दिनदेखि वा अन्तिम दाहसंस्कारपछि मृतकको प्रतिरूप(तेन) बनाई एक जना लामाको व्यवस्था गर्नुपर्दछ । तेन राख्नुको अर्थ मृतात्मा शून्यतामा हुने हुँदा अलमलमा पर्ने र कष्ट हुने हुँदा त्यसो नहोस् भनी परदोइ थोडोल सुनाउनु, परिचय गराउनु र सम्झाइ बुझाई गर्नु हो । यो क्रम ४९ दिन अर्थात दिनजे दिन सम्म रहन्छ । सामान्यतया १ देखि ३ हप्तासम्म तेन राख्ने चलन रहेको छ । तेनको लामाले प्रत्येक दिन साँझ बिहान थोडोल पढ्ने र मनि मोलम लगायतका पूजा गर्दै मृतात्मालाई डाकी खान दिने गर्दछ । कोइलामा सातु पिठो पोली बास्ना दिँदा मृतात्माले ग्रहण गर्छ भन्ने मान्यता रहेको छ भने अरु सबैले खाने बेलामा मृतकलाई पनि भाग दिनु पर्दछ । नजिकका आफन्तहरू पनि आई पुजापाठ श्रवण गर्ने, शोकाकुल परिवारलाई समवेदना प्रकट गर्दै सहानुभूति दिने र तेनमा केम्छ्याङ भर्ने/चढाउने गर्दछन् । जिन्दागको इच्छा अनुसार तेन उठाउने समय पूरा भएपछि अर्को विधि सुरु हुन्छ ।

दिन्जे पूजाको बेला पढिने डुवा कुण्डु मोलम (मन्त्र)को केही नमूना निम्नानुसार रहेको छ ।

नमो ग्यागर केतु अर्ग्य बाटा चर्या पानी
धन राजा फोय केतु फव जाङ्बो चे पे
मोलमगी गेल्बे फब ज्यम्बल सिनु ग्युर
पाला छ्याक चालो, चि ङ्य सुङ तङ
छ्यो चु जिक तेने तुसुम स्यापा ङि साङगे
कु दागी मालुई थे दागा थाम्जेला लुई ताङ
ङनी थाङ्बो च्याकी हो साङबो चेपे मोलम
ताब्दागी ग्याल्बा कुन्ला राप्तु छ्याक चालो ।

(स्रोतः-ङिम्सङ्गे लामा शेर्पा, वर्ष-२५, काब्रे-५, दोलखा)

त्यसै गरी च्योद्को मोलमको केही अंश यस प्रकार रहेको छ ।

पल्देन चउइ लम रिम्पोछे
दगी च्युगर पेमी देन्ला ज्यु
कटेन छेन्वे कुङने ज्युसुङ दे

कुसुङ थु की ङोडुप चोल्दु सोल
स्यार दोर्जे रिकी खाँडोमा
दुकी मेमो कार मोला
रोल्मुकी खण्डो बुम्की कोर
चिवरु रुवी गेन चे जी
सिण्डी सोण्डे थे द ग दाग डुप्ची
लेनदेन नङमी थे द ग दाग डुप्ची
सेनचिक फोलेन थे द ग दाग डुप्ची
लामदेन फक्च्या थे द ग दाग डुप्ची
पुम्बा छ्युकु ङोम्बो थे द ग दाग डुप्ची
नाम्‌सिङ छ्योकी ङिङ्‌दु दाग डुप्ची फोः

(स्रोतः-ङिम्‌सङ्‌गे लामा शेर्पा, वर्ष-२५, काब्रे-५, दोलखा)

## (छ) न्यापोर पूजाः

एक, तीन वा पाँच हप्ता वा बिजोर दिन पारी समाप्त गर्ने गरी तेन उठाई न्यापोर पूजा गरिन्छ । न्यपोरको अर्थ आत्मा स्थानान्तरण भन्ने हो । न्यापोर गरिँदा मृतकका निम्ति के कति खर्च र दान दक्षिणा गर्न सक्ने हो त्यो(मोला) पनि सुनाउनु पर्दछ । न्यापोर दिन्जे पूजा गरिँदा यति नै दिनमा गर्नुपर्छ भन्ने छैन तर खास सप्ताहमा चाँहि हुनुपर्दछ । घरमा वा नजिकको गुम्बामा देवमण्डल, पूजामण्डल निर्माण गरी सम्भव भएसम्मको लामागुरुहरूको सहभागिता र आफन्तहरूको आम उपस्थितिमा दिनभर जसो विभिन्न धार्मिक पाठपूजा गरिन्छ । यस क्रममा सबैलाई बिहानीको चिया, खाजादेखि खाना र त्यसपछिको चिया खाजा सम्म खुवाइन्छ । पूजा मण्डलमा जिन्दाग र आफन्तहरूले चढाएको पूजा सामग्री प्रसाद ग्रहण गरेपछि लामा गुरुहरूलाई कुयाङ खादगमा राखेर प्रदान गर्नु पर्छ र ठु(गहुत जल) खाने तथा शीरमा छर्केर जुठो लाग्ने सबैले जुठो चोख्याउने गर्दछन् । स्मरणीय के छ भने शेर्पा समुदायमा यति नै दिन अर्थात हिन्दुहरूको जस्तो तेह्र दिन जुठो लाग्ने भन्ने हुँदैन । यसरी न्यापोर कार्य विधि पूरा गरिन्छ । यस विधिलाई कतै कतै कालो घ्येवा पनि भन्ने चलन छ । सेटु(अन्तिम कार्य) समापन नहोउन्जेल साप्ताहिक रूपमा गरिने यो दिन्जे विधि यसै गरी चलिरहन्छ । जुन सातौं हप्तासम्म रहन सक्छ । यदि परिवारको आर्थिक अवस्था कमजोर छ र परिस्थिति प्रतिकूल भएमा तेन नराखी एक जना लामाको जिम्मामा अन्तिम कार्य नसकुन्जेल प्रत्येक दिन बिहान बेलुका कोइलामा घरको आँगन वा सुरमा सातु पिठो पोलेर बास्ना(खाना) दिनुपर्दछ । लामाको पनि सम्भव नभए परिवारकै व्यक्तिले पनि यसो गर्न सक्छ भने अन्त्यष्टिपछि तुरुन्त अन्तिम कार्य गरी समापन गर्न पनि विकल्प खुला रहन्छ ।

न्यापोर पूजाको बेला पढिने मोलमको केही नमूना निम्नानुसार रहेको छ ।

लम तङ फव चेरेन्जी ओङ ज्युला छ्याक चालो
ते छ्याङ थेर थुची लोङ छ्याकपी सेन थोन दोन
छ्याङ्ने लुइगी छ्योग्ची थर छेउई छिन दिने ओम
सोम च्याङ तोगो बि साङ् गेला फग्बी सेन्दु निला
छेतेङ फुङ खाम के छ्याङ थाम्जे योङ जोक्पा सोन

बी नाम्जे थाग्पार ग्युरवी ला दाक दोनगी थु कि हो
जेर छ्याङ क्यु ताक्पी छे ताङ छे नाम से ग्यु थारगी
डुक खाङ ने क्याप रिम छे ग्युर ।

(स्रोतः-डिम्सङ्गे लामा शेर्पा, वर्ष-२५, काब्रे-५, दोलखा)

## (ज) सिठो/सेटु :(मूल घ्वेवा)

शेर्पा संस्कारमा मृत्युको अन्तिम संस्कारलाई सिठो/सेटु वा कतै कतै घ्येवा कर्मु गर्ने पनि भनिन्छ । यहाँका शेर्पाहरूमा बौद्ध परम्परा अनुसार मृत्यु भएको ३, ५ वा सातौँ हप्तामा समापन हुने गरेर मृतकको लागि क्ये ल्ह(जन्म देवता)निर्माण, मन्त्रयुक्त ठूलो ध्वजा उत्तोलन गर्न, टाढा टाढाका लामागुरुहरूलाई दान दक्षिणा पठाउने जस्ता पुण्य सञ्चय र पापमोचन गर्ने काम सक्दो धेरै लामा गुरुहरू बोलाएर सिठो (शान्त र रुद्रदेव) को मण्डल बनाई क्यारिक( उत्पत्ति क्रम) र जोगरिम (समाद्धिक्रम)को विधि पुगेको पूजा जिन्दागको इच्छा अनुसार र आर्थिक क्षमता अनुसार सयदेखि लाखसम्मको गर्नु पर्दछ । त्यसपछि न्यापोर खेन्पो लामाले मृतात्मालाई धर्मोदेशना अभिसिञ्चना आदि र न्यालुङको उपयुक्त पूजा गरेर बाटो देखाउने सम्मको पूजा गरी मोला गरिन्छ । यस क्रममा मृतात्माको तर्फबाट लामा गुरुलाई जति सक्दो दक्षिणा र सिन्पो(मृतक) अगाडि राखिएका भाँडाकुँडा पनि चढाइन्छ । यो मूल घ्येवा सामान्यतया तीन दिनसम्म चल्दछ । सुरु गर्ने दिन सिटो मण्डल (विभिन्न देवदेवताको स्वरूपमा सातु पिठोद्वारा बनाइएका विभिन्न प्रकारका आकर्षक तोर्मा) स्थापना गरी लामा विधि अनुसार पूजा पाठ सुरु गरिन्छ भने दोस्रो दिन बिहानदेखि बेलुकासम्म विभिन्न धार्मिक पूजा पाठ गरिन्छ र अन्तिम वा तेस्रो दिन आमान्त्रित सम्पूर्ण नाता आफन्त र छिमेकीहरूको पर्याप्त उपस्थिति रहने गर्दछ । लामा गुरुहरू लगायत उपस्थित आफन्तलाई सुरुकै दिनदेखि चिया, छ्याङ, खाजा, खाना बिहान, दिउसो, बेलुका र पूजा विधिमा माग गरेको समयमा पर्याप्त दिने गरिन्छ । अन्तिम दिन चाँहि लोक खुवाउने वा बताउने भनी प्राय आफन्त, छिमेकी र चिनजानका सबैलाई निम्तो गरिएको हुन्छ । आफन्तहरू पनि दिन्जेमा जस्तै प्रसादका लागि कोसेली, छ्योमी(दीप) बाल्ने घिउ लिएर आउछन् । लामाको पूजा विधि चलिरहेको हुन्छ भने आमन्त्रित सबैलाई चिया, छ्याङ तथा विभिन्न परिकारका मिष्ठान्न भोजन गराइन्छ । स्मरणीय के छ भने खानाको परिकारमा मासु हुँदैन । त्यसपछि पूजा  मण्डलमा राखिएको पूजा प्रसाद लामादेखि उपस्थित सबैलाई नछुटाई बाँडिन्छ र अन्तिम धार्मिक पूजा समाप्त भएपछि खादागमा राखेर लामाहरूलाई तह अनुसार दक्षिणा चढाइन्छ । न्यालुङको विधि समाप्त भएपछि सिन्पोको बस्त्र तथा गरगहना 'ठू' छर्केर शुद्ध पारी राख्न लगाइन्छ र लामागुरुहरूलाई उपस्थित भई सहयोग गरिदिएकोमा कृतज्ञता ज्ञापन गर्दै क्येल्छ्याङ खान दिएर विदाई गर्ने चलन रहेको छ ।

यता घर गाउँलेले पनि कुनै एक पटक(छाक)को छ्याङ तथा खाजा खुवाउने गर्दछन् भने छोरी ज्वाइँ जसलाई सुम्बा लाग्ने भएकाले उनीहरूले पनि सुम्बी फे भनेर मृतकका नाममा केही जाँड तथा खाजाको व्यवस्था अनिवार्य रूपमा गर्नु पर्दछ र सबैलाई खुवाउनु पर्छ ।

सेटु गर्दाको विभिन्न पूजा मध्येको एउटा उदाहरण निम्न अनुसार रहेको छ ।

ओम आ हुँ
दोर्जे लोङ फोन कुसुम

थु योन ठिल्की थाम्चे ङ्याम्पा
थोलो स्या ओम बजर अमृता हुँ आ
हिदाम ल्हादो कुइ थाम्चे ङ्याम्पा
थोलो स्या ओम स्वहा ।
ओम खण्डो छ्योकी क्योङ
कु हि थाम्चे ङयाम्पा थोलो स्या ।

(स्रोतः-ङिम्सङ्गे लामा शेर्पा, वर्ष-२५, काब्रे-५, दोलखा)

तिब्बती भाषा र लिपिमा लेखिएको पोस्तोक तथा ग्रन्थ लामा धर्मगुरुहरूले मृत्यु संस्कारमा प्रयोग गर्दछन् । जसरी नेपाली भाषीहरूले संस्कृत सजिलै बुझ्न कठिन हुन्छ त्यस्तै तिब्बती भाषामा लेखिएका मन्त्रको अर्थ पनि शेर्पा भाषीहरूले सजिलै बुझ्न सक्दैनन् र सामान्य लामाहरूले पनि त्यसको भावार्थ बताउन कठिन हुने र गुरुबाट समेत आज्ञा लिनुपर्ने हुन्छ । मृत्यु संस्कारका मन्त्रहरू सामान्य लामाले वाचन गर्छन् तर त्यसको भावार्थ चाँहि आचार्य लामागुरुहरूले मात्र दिने गर्छन् । त्यसैले यहाँ स्थानीय लामाबाट भावार्थ खोलिएको छैन ।

यसरी शेर्पा परम्परा अनुसार मृत्यु संस्कार सम्पन्न गर्दा विभिन्न चरणमा विभिन्न विधिहरू अपनाउनु पर्दछ । अन्य संस्कारमा भन्दा मृत्यु संस्कारमा धेरै पैसा खर्च हुने हुँदा सामान्य अवस्थाका शेर्पाहरूलाई आर्थिक रूपमा निकै कठिनाइ हुने गर्दछ भने त्यही कारणले गर्दा मृत्यु संस्कारको छोटो छरितो विकल्प अँगाल्न पनि पुग्दछन् । तर आफ्नो परम्परालाई भने त्यागेको पाइँदैन ।

### ३.३.५ धर्मकर्म :

सबै शेर्पाजातिको प्रमुख धर्म बौद्ध धर्म हो । यहाँका शेर्पाहरू आफ्नो धर्ममा कट्टर देखिन्छन् । जातीय परम्परा अनुसार बौद्ध धर्ममा अटल विश्वास राख्ने शेर्पाहरूको धर्मगुरु वा पुरोहितलाई लामा भनिन्छ । लामा 'पढी र थरी' गरी दुई प्रकारका हुन्छन् । त्यसमध्ये पढी वा बौद्ध ग्रन्थहरू विधिवत पढेर विद्वान् बनेका लामालाई नै गुरु वा पुरोहितका रूपमा मानिन्छ । लामाहरू गुम्बामा बस्ने गर्दछन् र सँधै पूजापाठमा व्यस्त हुन्छन् । शेर्पाहरूका प्रमुख देवस्थल गुम्बा हो जसलाई शेर्पा भाषामा ल्हाखाङ वा ल्ह्याङाङ भनिन्छ । त्यहाँ बुद्ध भगवानको प्रतिमा प्रतिष्ठापन भएको हुन्छ । लामाहरूले त्यहीँ बौद्ध परम्परा अनुसार पूजा पाठ गर्दछन् ।

गुम्बा पनि व्यक्तिगत तथा गुठीद्वारा सामाजिक रूपमा सञ्चालित हुन्छन् । गुम्बाहरू विशेष रूपमा सिँगारिएको हुन्छ बुद्ध भगवान र ठूलो लामाहरूको मुर्ति ऱ्याक जस्तोमा सजाएर राखिएको हुन्छ भने चित्रहरू भित्तामा चित्रित गरिएको हुन्छ । गुम्बा वरपर सफा सुग्घर राख्नु त झन् गुम्बाको मूल विशेषता नै हो ।

यस क्षेत्रका शेर्पाहरू करिब २ घण्टा टाढा जिरीको गुम्बाबाट आफ्नो धार्मिक कार्य सम्पन्न गर्ने गर्दछन् भने प्रत्येकले आ-आफ्नो घरमा पूजा कोठा बनाई बुद्ध भगवान तथा बरिष्ठ अवतारी लामाहरूको मुर्ति, तस्बिर तथा स-साना थाङ्काहरू सजाएर राखी दैनिक रूपमा चोखो हात मुखले जल, मण्डल चडाउने धूप बाल्ने, पाठपूजा गर्ने, स्यावा (ढोग) गर्ने गर्दछन् । बेलुका छ्योमी (घिउको दियो) बाल्दछन् । औँसी पूर्णिमामा यो कार्य अझ विशेष हुन्छ

। छरछिमेकका अरु जातिले झैँ विभिन्न देवीदेवताका नाममा पशुपंक्षी बली दिने आदि कार्य गर्दैनन् भने प्राणीको हत्या गर्नु पाप सम्झन्छन् ।

आफूले विगतमा विभिन्न समयमा भुलबस धर्म विरोधी कार्य गरेको हुन सक्ने र खेतीपाती गर्दा तथा हिड्डुल गर्दा अन्जानमा कैयौं जीवहरू मारिएकोमा पश्चाताप गर्दै पाप मोचनका लागि नजिकको गुम्बामा ङिउने(उपासना) बस्ने गर्दछन् । त्यस्तै बौद्ध परम्परामा महत्त्वपूर्ण मानिएका नेपालका विभिन्न तीर्थस्थलहरू बौद्ध, स्वयम्भू, लुम्बिनी, नमोबुद्ध लगायत प्रतिष्ठित गुम्बाहरूमा धार्मिक उत्सवको अवसर पारेर तीर्थाटन गर्ने, दर्शन एवम् पाठपूजा गर्ने, छ्योमी(बत्ती) बाल्ने, दान गर्ने आदि जस्ता धार्मिक कार्यहरू गर्ने गर्दछन् । त्यस्तै बौद्ध धर्म परम्परामा आधारित ल्होसार पर्व, मनिरिम्दु पर्व, टुक्पाछेची, सकदका जस्ता पर्व तथा उत्सवहरूलाई धार्मिक दृष्टिले मनाउने गर्दछन् ।

यसरी यस क्षेत्रका शेर्पाहरू आफ्नो जातीय परम्परा अनुसार बौद्ध धर्म संस्कारमा आधारित भई श्रद्धा एवम् विश्वासका साथ धर्मकर्म मान्ने गर्दछन् ।

शेर्पाहरूले खाना खानु अघि गर्ने प्रार्थनाको नमूना यस्तो रहेको छ ।

ओम आँ हुँ
साङ्गे थाम्जे डुक्पी कु दोर्जी
जिम्बी ङोबा हि न कोन्छ्यो
सुमकी चावा ती लामा नामला
छेपा बुल तेम्पा लमी साङ्गे रिम्पोछे
क्योपा लामी दाम छ्योइ
रिन्पो डेन्पा लमी गेदुन रिम्पोछे
क्याप्ने कोन्छ्यो सुमला छेपा बुल ।

(स्रोतः डेण्डी शेर्पा, वर्ष-५५, जुँगु-९, दोलखा)

आफूले खानु पूर्व भगवानलाई सम्झदैं गरिने यो प्रार्थनाको मूल भाव संसारका कल्याणकर्ता भगवान बुद्ध तथा सृष्टिकर्ता, भरण पोषणकर्ता र रक्षक तीनै भगवान र धर्मगुरु लामाज्यूको चरणमा अर्पदैं प्रणाम गर्दछु भन्ने हो ।

### ३.३.६ चाडपर्व तथा उत्सवहरू :

शेर्पाहरू बौद्ध धर्मावलम्बी भएकाले उनीहरू बौद्ध धर्म परम्पराका चाडपर्व तथा उत्सवहरू मनाउने गर्दछन् । यस्ता चाडपर्व  तथा उत्सवहरू पनि शेर्पा जातिलाई चिनाउने मौलिक पहिचान हो । यहाँका शेर्पाहरू पनि आफ्नो जातीय परम्परा अनुसारको चाडपर्व तथा उत्सवहरू मनाउने गर्दछन् । यहाँका शेर्पाहरूले मनाउने चाडपर्व तथा उत्सवहरू पनि अन्यत्रका शेर्पाहरूको जस्तै रहेको देखिन्छ  तापनि केही अन्तर देखिन्छ । शेर्पाहरूको मुख्य चाडपर्व तथा उत्सवहरू निम्नानुसार छन् ।

- ल्होसार :  नयाँ वर्षको चाड । जुन फागुनमा पर्दछ, १५ दिनसम्म मनाइन्छ ।

- मनिरिम्दु :- मङ्सिरमा पर्ने जुन ५ दिनसम्म मनाइने चाड ।
- दुम्जी/डुम्जी : जेठमा पर्ने र उन्नतिका लागि मनाइने चाड ।
- ङिउने : पापबाट मोक्ष पाउन मनाइने चाड ।
- डुक्पा/टुक्पा छेचीः साउनमा मनाइने चाड ।
- यार्च्याङ :- असार साउनमा मनाइने चाड आदि ।

माथि उल्लेख गरिएका विभिन्न समयमा मनाइने विभिन्न चाडपर्व तथा उत्सवहरूका बारेमा यहाँका शेर्पाहरू जानकार छन् । शेर्पाहरूको धार्मिक परम्परा अनुसारको विभिन्न चाडमध्येको ल्होसार सबैभन्दा मुख्य चाड हो । यो चाड १५ दिनसम्म धुमधामसँग मनाइन्छ । यसका बारेमा निम्नानुसार सङ्क्षिप्त चर्चा गरिएको छ ।

**(क) ल्होसार :**

नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने मङ्गोलियन मूलका शेर्पा, तामाङ, गुरुङहरूले मनाउने एक मुख्य पर्वलाई ल्होसार भनिन्छ । यो शेर्पा जातिहरूको मूल पर्व हो । तिब्बती भाषामा 'लो'को अर्थ वर्ष र 'सार'को अर्थ नयाँ भन्ने हुन्छ । तसर्थ 'लोसार' को अर्थ नयाँ वर्ष हुन्छ भने शेर्पा भाषामा 'ल्हो'को अर्थ वर्ष र 'स्यार'को अर्थ उदय वा आरम्भ भन्ने हुन्छ । 'ल्होस्यार' भन्नु नै ल्होसार हो । तसर्थ यो पर्व नयाँ वर्षको सुरुवातसँग सम्बन्धित छ । नयाँ वर्ष आरम्भको उपलक्ष्यमा मनाइने चाड भएकोले यसलाई ल्होसार भनिएको हो । ल्होसार मूलतः ३ प्रकारका छन् । पौष शुक्ल प्रतिप्रदादेखि मनाइने ल्होसार तोला/तमु ल्होसार हो भने माघ शुक्ल प्रतिप्रदादेखि मनाइने ल्होसार सोनाम ल्होसार हो र फाल्गुण शुक्ल प्रतिप्रदादेखि मनाइने ल्होसार ग्याल्बो ल्होसार हो ।

यी तीन प्रकारका ल्होसारमध्ये यस क्षेत्रका शेर्पाहरू ग्याल्बो ल्होसार मनाउने गर्दछन् । यो पर्व १५ दिनसम्म विभिन्न कार्यक्रम गरी धुमधामसँग मनाइन्छ । ल्होसार पर्व मनाइने विधि निम्नानुसार रहेको छ ।

× सर्बप्रथम नयाँ वर्ष सुरु हुनुभन्दा ७ दिन अगावै उपयुक्त भाँडोमा माटो हाली गहुँ, उवा वा जौ छरी अध्याँरो सुरक्षित ठाउँमा (जमरा)राखिन्छ ।

× त्यसपछि शिवरात्रीपछिको औँसी(जो पूरानो वर्षको अन्त्य र नयाँ वर्ष आरम्भको विन्दु हो)को दिनसम्ममा आफ्नो घर आँगन सरसफाइ तथा रङरोगन गर्ने र सोही बेलुकी नौ थरी अन्न मिलाई पकाइएको विशेष परिकार 'गुथुक' पूरानो वर्षको विदाई स्वरूप खाइन्छ । 'गुथुक' खाँदा अचम्मको खेल तथा भाग्य परीक्षण खेल कार्यक्रम पनि गरिन्छ । यसका लागि खानाको परिकारमा मिसाइएको गहुँको आँटाको स-साना रोटीमा चक्लेट, मासु, लगायतका खानेकुरादेखि कपास, कोइला जस्ता वस्तुहरू पोको पारी पकाउने र खाने बेलामा कसको भाग्यमा के पर्छ हेर्ने र रमाइलो गर्ने गरिन्छ । बेलुका खाप्सा(रोटी) पकाउने, पूजा गरेर छ्योमी(घिउको दीप) बाल्ने लगायतका काम गरिन्छ ।

× फाल्गुण शुक्ल प्रतिप्रदादेखि नयाँ वर्ष सुरु हुने भएकोले त्यस दिन सबेरै उठी पानी देवताको पूजा गरिन्छ । त्यसका लागि धारा वा कुवा जे छ त्यहाँ गई सरसफाइ गरी ढुङ्गाको चाङ बनाई घिउको कर्केन (टीका) लगाई धूप बालेर धारामा खादाक चढाई

सफा पानी (सकेसम्म चरा, मुसा, मानिस आदि केही कसैले नछोएको) ल्याएर घरको पूजा मण्डपमा चढाइन्छ । पानी भरेको भाँडो 'तिङ'(दिनजर)मा तीन ठाउँमा घिउको कर्केन लगाइन्छ र धूप बाली जल अभिषेक गरी बुद्धदेव तथा ठूला लामा आदिको मूर्ति वा तस्बिरलाई ढोग(स्यावा) गरिन्छ । यसै दिन नयाँ वर्ष आरम्भको अवसरमा घर अगाडि आँगनमा दुईचार हाँगा भएको टुप्पो सहितको (गोब्रे/ठिङ्रे) सल्लाको लिङ्गोमा आधा मीटर जति लामो सेतो ध्वजा घिउको कर्केन राखी धूप गरी उत्तोलन् गरिन्छ । परिवारका सबै सदस्य जम्मा भई छिमार, खाप्सा, छयाङ लगायतका मिठा मिठा खानेकुराहरू खाने गरिन्छ । नयाँ वर्ष सुरु भएको उपलक्ष्यमा प्रसाद स्वरूप देवतालाई चढाए पछिको छिमार सबैभन्दा पहिला खाइन्छ र त्यसपछि अरु खानेकुरा खाने गरिन्छ । दोस्रो दिन पनि परिवारका सबै सदस्यहरू एक आपसमा खुशी साटासाट गर्दै घरैमा बसी खाने र सुखदुःखका कुराकानी गर्दै दिन बिताउछन् ।

ल्होसारको छेवा सुम(तेस्रो दिन)मा ल्हप्सो मनाइन्छ । तर यो छेवा सुममा नै मनाउनु पर्छ भन्ने छैन । यस क्रममा गाउँका सबै मानिसहरू घर भन्दा केही माथि डिलपरेको चोखो वा निर्धारित ठाउँमा जम्मा हुन्छन् । ल्हप्सोको दिन सामूहिक धार्मिक पाठ पूजा गरिन्छ । त्यसैले उक्त दिन उपलब्ध भएसम्म धेरै लामा गुरुहरूलाई विशेष अनुरोधमा उपस्थित गराइन्छ र लामा गुरुबाट त्यस गाउँमा सुरु भएको नयाँ वर्षले सबैलाई सुख शान्ति र सफलता दिलाओस्, कसैमा रोग, व्याधि, दैवी प्रकोप आदि नलागोस्, झै झगडा नहोस्, देवीदेवता नरिसाउन् भनी पुकार गर्दै बौद्ध परम्परा अनुसारको धार्मिक पूजापाठ गरिन्छ । ल्हप्सो गर्नका लागि गाउँका मानिसहरूले प्रत्येक घरबाट ल्याइएको बौद्ध मन्त्र तथा १२ लोकोर चिन्ह र मन्त्र सहित छापिएको पञ्चरङ्गी वा सेतो वा कुनै एक रङ्गी लुङ्दर(नीलो, पहेँलो, सेतो, हरियो रातो) ध्वजा लामाद्वारा पूजा (रम्ने) गरी उत्तोलन गरिन्छ । यही तिथिमा घर आँगनमा पनि लुङ्दर राखिन्छ । यस दिन टाढा-टाढाका आफन्तहरू र छिमेकीहरू सबैलाई आमन्त्रण गरिन्छ । ल्हप्सोमा पूजामण्डप बनाई छ्योमी, धूप बाल्ने, छिमार बनाउने जस्ता कार्य हुन्छ भने खाप्सा, विभिन्न प्रकारका फलफूल, मिठाइ तथा स्थानीय खानेकुरा आदि पूजामण्डपमा पूजा प्रसादको रूपमा चढाइन्छ । निम्तालुहरू समेतलाई खुवाउने गरी छयाङ, रक्सी, मासु लगायतका खानाको परिकारको तयारी गरिन्छ । लामाले पूजाविधि समाप्त गरेपछि 'लुङ्दर' ध्वजा साङधूप बालेर उत्तोलन गरी 'टसी' गर्ने र छ्योन्डिल (गहुँ मकै अन्नादि आदि) छर्दै धार्मिक विधि पूरा गरी कम्तिमा ३ पटक दाहिने पारी परिक्रमा गर्दै ढोग गर्ने गरिन्छ । यस क्रममा गीत गाउँदै शेर्पा नाँच पनि नाँचिन्छ । त्यसपछि 'छिमार' तथा 'सेर्डिम' प्रसाद सबैलाई नछुटाई बाँडिन्छ र छ्याङ, रक्सी लगायत खाना/खाजाका परिकारद्वारा सन्तुष्ट बनाइन्छ । शेर्पा बोलीमा ल्होसार सम्बन्धी र सुख सम्बृद्धि तथा भेटघाट र जीवन सम्बन्धी भावका विभिन्न गीत गाउँदै 'लुङ्दर'को परिक्रमा गर्दै मौलिक नाँच नाँचेर रमाइलो गर्ने र खुशी साटासाट गर्ने गरिन्छ ।

कार्यक्रममा उपस्थित लामा गुरुहरूलाई कृतज्ञता ज्ञापन गर्दै आवश्यक कुयाङ (दक्षिणा) चढाई 'यिटु' गरेर सम्मान गरी खादाग चढाइन्छ र पूजा प्रसाद खाइसकेपछि अर्को वर्षको ल्हाप्सो कार्यक्रमका लागि गाउँका सदस्यहरूमध्ये कसको पालो हो छलफल गरी उसलाई जिम्मा लगाइन्छ । जसले जिम्मेवारी लिने हो उसलाई 'फेमार' को कोल्य (डल्ला) र रक्सी कम्तीमा १ पाथी सौगात स्वरूप दिइन्छ । भने कयुमा मीठो रक्सी राखी यिटु गरी खान दिएर खादाग लगाइदिएपछि ल्हप्सो कार्यक्रम पूरा हुन्छ । समय भए नाँचगान गर्छन् र सबै आ-आफ्नो घरतिर लाग्छन् । नजिकका छिमेकीहरू र टाढाका पाहुनाहरू भने ल्हप्सो जिन्दागको घरमा रातभर जसो खाने, पिउने र नाँचगान गर्दछन् ।

त्यसपछिका छेवा डा(पाँचौ दिन) वा छेवा दुन(सातौं दिन) वा ल्हप्सोकै दिन कुन उपयुक्त छ साइत हेरी आफन्त मान्यजनबाट नौनी  घिउको केर्केन (टीका) र जमरा ग्रहण गरी छिमार खाई आर्शिवाद लिने गरिन्छ । यो क्रम टाढाका आफन्तका निम्ति १५ दिनसम्म चल्छ । ल्हप्सो सकिएपछिका दिनहरूमा गाउँ टोलका छिमेकीहरू आलोपालो गर्दै एक अर्काको घरमा गई छयाङ् तथा भोज खाने र नाँचगान गरेर रमाइलो गर्दछन् । टाढा पुगेका छोरीबेटी माइत आउने गर्दछन् भने दाइजो आदि दिने कार्यक्रम पनि यस बेला गरिन्छ । ल्होसारपछि यहाँका शेर्पाहरू ङिउने, यार्ज्याङ तथा टुक्पा छेची तथा सकदका (दुम्जी) जस्ता पर्वहरूमा पनि सहभागी हुने गर्दछन् । पूर्व अर्थात सोलु तथा खिम्ती(श्यामा) क्षेत्रबाट आएका र मूल बस्ती वा कुलकुटुम्ब र आफन्तहरू समेत जिरी, श्यामा, तथा रामेछाप ओखलढुङ्गा र सोलुका पश्चिमी भेगमा रहेको यहाँका शेर्पाहरू ङिउने, टुक्पाछेची, डुम्जी, मनिरिम्दु जस्ता पर्व तथा उत्सवहरू मनाउन जिरी, श्यामा, माली, सेटेबगन्चे, किम्बुरदिङ्ग तथा काठमान्डौका गुम्बाहरूसम्म पुग्ने गर्दछन् । जहाँ उनीहरू प्रचलित बौद्ध परम्परा अनुसार शेर्पा जातीय मौलिकताका साथ यी पर्वहरू मनाउने गर्दछन् ।

यसका साथै यहाँका शेर्पाहरू साउने सक्रान्तिलाई पनि सहकाल निम्त्याउने पर्वको संज्ञा दिँदै विशेष रूपमा मनाउने गर्दछन् । यस सक्रान्तिमा शेर्पाहरू छ्याङ, तथा मीठो खानाका परिकारहरू खाने गर्दछन् भने सङ्क्रान्तिको बेलुका सबै घरका मानिसहरू (पुरुष महिला) जम्मा भई प्रत्येक घरघर डुल्दै विभिन्न कलात्मक औजार (वस्तुहरू) लिएर उपियाँ धपाउने भनी गीत गाउँने नाँच्ने गर्दछन् । प्रत्येक घरबाट फोहोर, धुलोमैलो थोत्रो लुगा आदि जम्मा गरी राँको बालेर नजिकको दोबाटोसम्म पुर्‍याई बिसर्जन गर्ने गर्दछन् । प्रत्येक घरमा खाएको छ्याङ रक्सीमा लठ्ठ भएर रमाइलो गर्दै रात बिताउँछन् । यस क्रममा अनिकाल जाऊ, उपियाँ जाऊ, सहकाल आऊ भन्ने जस्ता नाराहरू लगाउने र  गीतहरू गाउने गर्दछन् ।

त्यसै गरी माघे सङ्क्रान्ति, तिहार तथा दशैं जस्ता राष्ट्रिय पर्वहरू आफ्नो धार्मिक एवं जातीय परम्परामा नभएता पनि अन्य जातजातिका छरछिमेकीसँगको सदभाव, सहिष्णुता तथा राष्ट्रिय भावनाबाट प्रेरित भई मीठा मीठा खानपान गर्दै रमाइलोका निम्ति मनाउने परम्परा यहाँ देखिन्छ ।

दशैंमा जमरा, दुर्गा आदि पूजा गर्दैनन् भने मारकाट तथा टीका पनि हुँदैन तर अरुले बनाएका मासु लगायत छ्याङ र मीठा खानेकुरा परिवारका सबै जम्मा भएर खाने चलन छ । त्यस्तै तिहारमा पनि यम पञ्चकलाई विधिपूर्वक मनाउदैनन् तर दिदीबहिनी तथा दाजुभाइको भेटघाटमा भेटी दक्षिणा दिने र रमाइलो गर्ने गर्दछन् ।

ल्होसार पर्वमा गाउने गीतको उदाहरण यस प्रकार रहेको छ ।

ला याँ डो सि वा ला आ आ सौँ
तलु लो ल्याँ ग्यासुँ ला नि
साङ्बु ला दिलो ग्याँ स्यो
ला याँ डो सि वा ला आ आ सौँ
दि लो ग्या तङ ग्या ला ला नि
छेला ला पार् च्या माँ तौँ

ला याँ डो सि वा ला आ आ सौँ
ना ठु जाङ बी युङ् मा ला नि
बोम्ठा ला मे चे खाँ चे
ला याँ डो सि वा ला आ आ सौँ
फ मा चि कि पे चा ला नि
सेम्बा ला मे चे खाँ चे

(स्रोत : लमी शेर्पा, वर्ष-७२, जुँगु- ९, दोलखा)

शेर्पा नारी पुरुषहरूले शुभकामना व्यक्त गर्दै गाउने यस गीतको मूल भाव यो नववर्ष सुखद भएर उदाएको छ । यो वर्ष पूरै सफल र सुखद रहोस् अर्को वर्ष पनि यसै गरी उदाओस् । त्यसै गरी एकै कोखमा जन्मिएका दाजुभाइ दिदीबहिनी टाढा हुनुपर्दा नरमाइलो थियो, सबै भेट हुँदा धेरै रमाइलो छ । यो वर्षभरिमा कसैलाई केही नहोस् भन्ने हो ।

यसरी यस क्षेत्रका शेर्पाहरू अधिकतम् आफ्नो धार्मिक एवम् जातीय परम्परा अनुसारका चाडपर्व तथा उत्सव मनाउने गर्दछन् भने नेपाली राष्ट्रियता र अन्य जातिको परम्परा प्रति सदभाव राख्न समेत पछि परेको देखिँदैन ।

## परिच्छेद - ४

## दोलखाको अन्य ठाउँमा बसोबास गर्ने शेर्पा संस्कृतिको तुलनात्मक अध्ययन :

### ४.१ विषय प्रवेश :

शेर्पा नेपालको उत्तरी हिमाली क्षेत्रमा छरिएर रहेको एक प्रमुख जाति हो । यस जातिको फैलावट नेपालको हिमाली क्षेत्रमा मात्र नभई भारतको दार्जिलिङ, सिक्किमसम्म पुगेको छ । तिब्बतको खाम हुँदै नेपालको खुम्बु क्षेत्रमा प्रवेस गरेका शेर्पाहरूको बसोबासको मूल थलो सोलुखुम्बु नै हो भने त्यस क्षेत्रबाट जीवन यापनका क्रममा बसाइँ सरी नेपालका विभिन्न हिमाली भेगमा तथा सदरमुकाम र राजधानी शहरमा समेत छरिन पुगेका छन् । यसै क्रममा दोलखा जिल्लाको विभिन्न उच्च पहाडी तथा हिमाली भेग र सदरमुकाममा समेत शेर्पाहरूको बासोबास हुन पुगेको देखिन्छ ।

### ४.२ दोलखामा शेर्पाहरूको स्थितिः

दोलखा जिल्ला नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गतको एक उत्तरी सीमानामा रहेको हिमाली जिल्ला हो । रोल्वालिङ हिमश्रृङ्खला अन्तर्गतको गौरीशङ्कर तथा मेलुङ्से लगायतका हिमशिखर तथा विश्वकै उच्च स्थानमा रहेको सबै भन्दा ठूलो च्छोरोल्पा हिमताल र सबैभन्दा बढी सगरमाथ आरोहण गर्ने सहासी व्यक्तिहरूको गाउँ बेदिङ र अपार जलसम्पदा तामाकोशी नदीको उद्‌गमस्थलको रूपमा परिचित यस दोलखा जिल्लामा एक नगरपालिका र एकाउन्न गाविस रहेको छ । ५१ गाविसमध्ये तामाकोशी पूर्व २३ वटा र पश्चिम (पारि)का ५ गरी जम्मा २८ गाविस निर्वाचन क्षेत्र नं. १ मा पर्दछ भने तामाकोशी (पारि) पश्चिमका २३ वटा गाविस र १ नगरपालिका निर्वाचन क्षेत्र नं. २ मा पर्दछ ।

दोलखा जिल्ला अन्तर्गतका १ नगरपालिका र ५१ गाविसमध्ये जिल्लाको सदरमुकाम वा नगरपालिकामा पनि विभिन्न क्षेत्रबाट आएका शेर्पाहरूको बसोबास रहेको छ । त्यसै गरी जिल्लाको पूर्वी भेगको श्यामा, माली लगायत जिरी, काब्रे, जुँगु, भ्याँकु, चङखु, मार्बु, खारे, गौरीशङ्कर, लामाबगर, चिलङ्खा, आलम्पु, बिगु, खोपाचागु, बाबरे, लापिलाङ, सुस्पाक्षमवती र लाकुरीडाँडा गाविसको उच्च/माथिल्लो भू-भागमा छरिएर रहेको बस्तीमा शेर्पाहरू रहेका छन् । जनगणना २०५८ को तथ्याङ्क अनुसार यस जिल्लामा शेर्पाहरूको करिब २३०० घरधुरी र १२५०० जनसंख्या रहेको देखिन्छ । (स्रोत :जनगणना तथ्याङ्क पुस्तक २०५८, दोलखा)

यसरी शेर्पाहरू एउटै जातीय मूल र थलोबाट विकसित भई विस्तार हुँदै दोलखा जिल्लामा पनि नगरपालिका र २५ वटा भन्दा बढी गाविस क्षेत्रमा छरिएर रहेको अवस्थामा उनीहरूको लोकसंस्कार र मौलिकतामा केही पृथकपनको विकास हुँदै जानु स्वाभाविकै देखिन्छ । छरिएर रहेको पातलो बस्ती र गैर शेर्पाहरूसँगको बाक्लो उपस्थिति, उठबस र बोलचालको प्रभावले समेत त्यसमा असर पारेको देखिन्छ । तसर्थ यहाँ दोलखा जिल्लाको जुँगु र काब्रे क्षेत्रको शेर्पाहरूको संस्कृतिसँग यस जिल्लाका अन्य ठाउँमा बसोबास गर्ने शेर्पाहरूको संस्कृतिको

तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ । यसले समग्र दोलखाली शेर्पाहरूको संस्कृतिको मोटामोटी जानकारी गराउने छ ।

## ४.३ श्यामा, माली र जिरी क्षेत्रका शेर्पाहरूको संस्कृतिः

दोलखा जिल्लाको पूर्वी भेग रामेछाप जिल्लाको सीमा क्षेत्रमा पर्ने श्यामा र माली गाविस र मालीसँगै सीमा जोडिएको नेपालकै स्वीजरल्याण्डका रूपमा चिनिने नगरोन्मुख गाविस जिरीको विभिन्न भागमा शेर्पाहरूको बसोबास रहेको छ । श्यामा र माली गाविस अन्तर्गत अधिकांश वडामा शेर्पाहरूको बसोबास रहेको छ ।

त्यसै गरी जिरी गाविसमा पनि बजार क्षेत्र लगायतका अधिकांश वडामा शेर्पाहरूको बसोबास रहेको देखिन्छ । यस गाविस अन्तरगत जिरी ढुङ्गेबजार, हाटडाँडाबजार तथा बुल्डाँडा क्षेत्रमा बस्ने शेर्पाहरूको लोकपरम्परा र संस्कृति जुँगु र काब्रे क्षेत्रसँग हुबहु समान रहेको देखिन्छ । तर खुँदुर्के तथा हिले क्षेत्रका शेर्पा संस्कृतिमा भने सामान्य भिन्नता रहेको देखिन्छ । यसरी जुँगु र काब्रे क्षेत्रको शेर्पा संस्कृति र श्यामा, माली र जिरीको शेर्पा संस्कृतिको बारेमा तुलनात्मक अध्ययन गर्दा खासै भिन्नता देखिँदैन ।

दोलखा जिल्लाको जुँगु गाविसको हुक्पा क्षेत्र र काब्रे गाविसको ठूलो वन क्षेत्रमा बसोबास गर्ने शेर्पाहरू सोलुखुम्बुबाट श्यामा/खिम्ती हुँदै बसाइँ सरी आएको देखिन्छ । तसर्थ जुँगु र काब्रे क्षेत्रका शेर्पाहरूको संस्कृतिसँग पूर्वी भाग श्यामा, माली र जिरी क्षेत्रका शेर्पाहरूको संस्कृतिको तुलनात्मक अध्ययन गर्दा जन्मदेखि लिएर विवाह तथा मृत्यु संस्कारसम्मका सम्पूर्ण कुराहरूमा समानता रहेको देखिन्छ भने माली गाविसको एलुङ क्षेत्रका शेर्पाहरूका संस्कारमा भने सामान्य भिन्नता रहेको देखिन्छ । तर बाक्लो शेर्पा बस्ती र लामो बसोबासको इतिहास भएको कारण श्यामा, माली र जिरी क्षेत्रका शेर्पाहरू विभिन्न गुम्बाहरू तथा चैत्यहरू, छ्योर्तेन, माने जस्ता धार्मिक, सांस्कृतिक सम्पदाले धनी देखिन्छ ।

## ४.४ चङ्खु, मार्बु, सिक्पासुर र खारे क्षेत्रका शेर्पाहरूको संस्कृतिः

दोलखा जिल्लाको उत्तरी भेगमा रहेको चङ्खु, मार्बु,(सिक्पासुर) तथा खारे गाविस क्षेत्रमा पनि शेर्पाहरूको बसोबास रहेको छ । यस क्षेत्र अर्न्तगत चङ्खुमा २०/२२ धुरी र हुलाकमा ५५/६० घर जति शेर्पाहरू छन् । त्यसै गरी मार्बु गाविसमा ८५ घर जति र खारे गाविस क्षेत्रमा ८/१० घर शेर्पाहरू रहेका छन् । (स्रोत : भिलेज प्रोफाइल२०६६) यस क्षेत्रका शेर्पाहरू आजभन्दा झण्डै १० पुस्ता अघिदेखि सोलु लगायत विभिन्न भागबाट आई यहाँ बसोबास गरी आएको स्थानीय छोङ्ली शेर्पा बताउछन् । यस क्षेत्रमा मुख्यतया लामा शरपा, लामा गोन्बा, सलका, टाक्तो, गोले, च्यावा, खम्बचे, गर्चा आदि थरका शेर्पाहरू छन् । हावापानी अनुसारको खेतीपाती गर्नु, चौंरीपालन, व्यापार, पर्यटन व्यवसाय र वैदेशिक रोजगारी यहाँका शेर्पाहरूको व्यवसाय रहेको देखिन्छ । यस क्षेत्रका शेर्पाहरू धर्मका कट्टर छन् र बौद्ध धर्म मान्दछन् ।

दोलखाको जुँगु र काब्रे क्षेत्रको शेर्पा संस्कृतिसँग चङ्खु, मार्बु र सिक्पासुर क्षेत्रको शेर्पाहरूको संस्कृतिको तुलनात्मक अध्ययन गर्दा यस क्षेत्रका शेर्पाहरूको चालचलन, भाषा तथा भेषभूषामा खासै अन्तर रहेको देखिँदैन । तर बसोबासका दृष्टिले चङ्खु, मार्बु सिक्पासुर क्षेत्रमा शेर्पाहरूको सङ्ख्या बाक्लो देखिन्छ । त्यसै गरी विवाह, मृत्यु संस्कार तथा चाडपर्व मनाउने

सन्दर्भमा भने सामान्य भिन्नता रहेको देखिन्छ । चङ्खुका सर्की शेपा र मार्बु सिक्पासुरका छोङली शेर्पाका अनुसार जन्म संस्कारमा खासै अन्तर देखिँदैन । विवाह संस्कारमा देम्छ्याङ विधिमा १ पाथी रक्सी केही चिनी र ८ पाथी अन्न र १६ पाथी कोदाको सेजो (जाँड) लैजानुपर्छ । यो ठेकीको रूपमा मानिने र विवाह हुन नसकेमा देम्छ्याङमा लगिएको सबै फिर्ता गरिनु पर्दछ ।

त्यसै गरी विवाहको बेलामा तोर्मा (पूजा मण्डल) बनाउन सोल्बा स्वरूप ४ माना सातु पिठो लैजानु पर्दछ भने २२ पाथी चामल, राँगाको मासु डाँडी फ्याक, ३ मुरी कोदो, ५ पाथी मकै (यावी) र ६० गोटा मर्चा लैजानुपर्छ । त्यसैगरी मक्पी केका स्वरूपको कोसेलीमा १ पाथी रक्सी र फेमार लगिन्छ । दुलहीको घरमा पुगेपछि चामल छरेर जन्ती पर्साउने चलन छ । तर हाल मासु डाँडीफ्याक लैजाने र जन्ती पर्साउने चलन भने हट्दै गएको छ । बौद्ध परम्परा अनुसार नै विवाह विधि अघि बढ्छ र टीकाटालाका क्रममा माइती पक्षले मोला गर्नु पर्दछ । त्यसै गरी दुलही अन्माउने बेलामा सानो पिठोको तोर्मा बनाई डबकामा राखिन्छ । आमाले एक हातमा तोर्मा र एक हातमा सगुन राख्नु पर्छ । त्यसरी राखिएको सगुन र तोर्माको टुप्पो बेहुलीलाई खान दिनु पर्छ । यसो गर्नुको अर्थ नयाँ घर जाने छोरीलाई आमाको दूध छुटाउनु भन्ने हुन्छ । त्यसै गरी दुरान फिर्दा १ पाथी रक्सी र राँगा आदिको फिला(साँप्रा) १, रक्सी २ पाथी र छ्याङ ४ पाथी अनि चामल ४ पाथी कोसेली लैजानु पर्दछ ।

त्यसै गरी मृत्यु संस्कारमा पनि जुँगु र काब्रे क्षेत्रको जस्तै बौद्ध परम्परा अनुसार लामागुरुको विधि अपनाइन्छ तर अन्त्येष्टि गरिँदा पुर्खाहरूकै घाटमा पुऱ्याउनु पर्ने, घाटमा लक्पर्चे(नगद) नलगिने र ज्वाइँ तथा मलामीहरूलाई बाँडनु नपर्ने र ज्वाइँलाई सुम्बा नलाग्ने चलन रहेको देखिन्छ । त्यस्तै तेन राख्ने चलन पनि त्यति रहेको पाइँदैन भने दाहसंस्कारपछि तुरुन्त कालो घ्येवा(न्यापोर) गर्ने चलन रहेको छ ।

चाडपर्वको कुरा गर्दा यस क्षेत्रका शेर्पाहरू शेर्पा परम्पराको ल्होसार लगायतका चाडपर्व मनाउनका साथै दसैं तिहारलाई पनि विशेष महत्त्व दिई मनाउने गर्दछन् तर दुर्गा पूजा र मारकाट गर्दैनन् भने चाड पनि आफ्नै किसिमले मान्दछन् । सांस्कृतिक सम्पदाको विषयमा अध्ययन गर्दा यस क्षेत्रमा धार्मिक, सामाजिक कार्य गर्नका लागि गुम्बाहरू बनाइएको देखिन्छ । माघ महिनामा छ्योकोर पर्व मनाइन्छ । यो दुई दिनसम्म चल्छ भने माघ शुक्ल पूर्णिमाका दिन समाप्त हुन्छ । यस दिन गुम्बामा राखिएको देवता(चेरेन्जी)को मुर्ति बाहिर निकाली पूजापाठ गरिन्छ । यसो गर्नाले समयमै पानी पर्छ भन्ने विश्वास मान्ने चलन छ । यस पर्वका लागि केही मानिसले जिम्मेवारी(लावा) लिने गर्दछन् र यो बर्सेनी आलोपालोमा हुन्छ र पर्व शेर्पा नाँचगानका साथ बडो उत्साहपूर्वक मनाइन्छ ।

यसरी मार्बु, सिक्पासुर, खारे र चङ्खु क्षेत्रको शेर्पा संस्कृतिको तुलनात्मक अध्ययन गर्दा फरक देखिएका कुराहरूलाई उल्लेख गरिएको छ ।

## ४.५ झ्याँकु क्षेत्रका शेर्पाहरूको संस्कृति :

दोलखा जिल्लाका विभिन्न गाविसमध्ये झ्याँकु पनि एक हो । यो जुँगुको उत्तर पूर्वी सीमानामा रहेको छ । यस गाविसमा बाहुन, क्षेत्री, तामाङ, शेर्पा, कामी, दमाई आदिको बसोबास रहेको देखिन्छ । झ्याँकुमा शेर्पाहरूको बसोबास जुँगु र काब्रेको भन्दा बाक्लो रहेको छ

। यस क्षेत्रका शेर्पाहरू आज भन्दा करिब आठ पुस्ता अघि पूर्वी नेपालबाट बसाइँ सरी आएको स्थानीय बासी पासाङ शेर्पा बताउछन् । भौगोलिक भिन्नता एवम् वातावरणीय प्रभाव आदिका कारण यस क्षेत्रका शेर्पाहरूको सस्कृतिको तुलनात्मक रूपमा जुँगु र काब्रेको भन्दा केही फरक देखिन्छ । भिन्न देखिएका संस्कारको मात्र यहाँ उल्लेख गरिएको छ ।

### ४.५.१ न्वारान :

झ्याँकु क्षेत्रका शेर्पा समुदायको जन्म संस्कार बौद्ध परम्परा अनुसार सम्पन्न गरिन्छ । नवजात शिशु जन्मिएको तिनदेखि नौ दिन भित्रमा लामा विधि अनुसार न्वारान गरिन्छ । बच्चा जमिन्एको ३, ५, ७ वा ९ दिनमा अर्थात् बिजोर दिन पारेर लामा ल्याई न्वारान गर्ने र नाम राख्ने चलन यहाँ देखिन्छ ।

### ४.५.२ विवाह :

यस क्षेत्रका शेर्पा समुदायको विवाह संस्कार पनि जुँगु र काब्रेको भन्दा केही फरक रहेको छ । यहाँका शेर्पाहरूको विवाह शेर्पा परम्परा अनुसार बौद्ध धर्मका आधारमा सम्पन्न गरिन्छ :

**(क) टिछ्याङ :**

यहाँका शेर्पाहरूको टिछ्याङ विधिमा केटी माग्न जाँदा चार माना जति छ्याङ वा रक्सी लगिन्छ । केटीको घरमा पुगेर कुराकानी गरिसकेपछि केटी पक्षकाले छोरी दिने भए मात्र टिछ्याङ लिन्छन् । टिछ्याङ खाइसकेपछि छोरी दिनैपर्ने चलन रहेको छ । यदि छोरी दिन मन्जुर नभएमा टिछ्याङ जस्ताको तस्तै फिर्ता गर्ने चलन छ । केटालाई केटी साह्रै मन परेको छ भने टिछ्याङ पोङ(रक्सी) केटीको घरमा नै झुन्ड्याएर राख्ने गर्दछन् र फेरि पटक पटक माग्न आउँछन् । अन्तमा केटी नदिने नै भयो भने टिछ्याङ फिर्ता लानको विकल्प हुँदैन । कुरा मिलेमा चाँहि विवाह कार्य के-कसरी अघि बढाउने भन्ने बारेमा केटी पक्षले केही सर्तहरू राख्न सक्छ । त्यसपछि आपसी सल्लाह अनुसार विवाह विधि अघि बढ्छ र देम्छ्याङको प्रक्रिया सुरु हुन्छ ।

**(ख) देम्छ्याङ :**

यहाँको चलन अनुसार पहिलो सगुन वा टिछ्याङ खाइसकेपछि थप दुई पटक १२ माना र ३ पाथी सगुन(रक्सी) मागिन्छ । यसैलाई देम्छ्याङ मान्ने चलन छ । यदि विभिन्न कारणले विवाह ढिला हुने भएमा देम्छ्याङकै बेला केटालाई पनि लगेर ढोगभेट गराइन्छ । त्यसपछि ज्वाइँ भावी ससुराली घरमा आवतजावत गर्न र केटीसँग बस्न सक्छ तर घर चाँहि पठाइँदैन ।

**(ग) बेहुली लिन जाने:**

शेर्पा परम्परा अनुसार सम्पूर्ण विधि पूरा गरी निर्धारित साइत र सल्लाह बमोजिम दुलहीको घरमा बिहे लाने तयारी गरिन्छ । माइतीलाई बुझाउनु पर्ने सबै दस्तुर(छ्याइ) आदि पनि जन्तीसँगै लगिन्छ । छ्याइ स्वरूप बुझाउने दस्तुर माइती पक्षले बिहेको स्तर हेरी एकदेखि पाँच मुरीसम्म कोदो माग्छ । सोही अनुसार बिहेको छ्याङ पकाउनेलाई भनी कति मान्छे लाग्ने हो त्यही अनुसार चामल, पिठो आदि खाना खाजाका लागि मागिन्छ । यदि केटी पक्षमा काम

गर्ने मान्छे नभएमा केटाको घरमा नै कोदो पकाई सेजो नै भर्ने चलन छ । यसरी सेजो भर्दा चार पाथी बराबर एक डालोको दरले ७, ९, वा १२ डालोसम्म माग्ने गरिन्छ । त्यसै गरी बेहुलाको गच्छे अनुसार बेहुलीलाई विभिन्न लत्ताकपडा र गहनाहरू मागिन्छ भने कसैले माइ( तीबाट पनि आधा बेहोर्ने गर्दछ  र कसैले पुरै माइतीबाट नै दिने चलन रहेको छ । यदि चोरी विवाह भएमा केटा पक्षकाले चोरसिङ बापत केही बढी दस्तुर बुझाउनु पर्दछ भने माइती पक्ष( ाबाट बेहुलीलाई कुनै किसिमको गरगहना तथा लुगाफाटो दिइँदैन । त्यसै गरी जारी बिहे भएमा पुरानो केटाले सक्दो बढी जारी लिन सक्छ भने नयाँ केटा केटीको पनि सामाजिक रीति अनुसार बिहे गर्नु पर्दछ । यदि केटा र केटीको मेल भई सँगै जीवन बिताइरहेको अवस्थामा विवाह नभई मृत्यु भएमा केटाले केटीको लाससँग भए पनि विवाह विधि पूरा गरेर मात्र लास चलाउनु पर्छ । विवाह नभएसम्म छोरीको लास र दाहसंस्कारको जिम्मा माइतीको नै हुने चलन रहेको छ ।

जन्ती बेहुलीको घर पुगेपछि स्वागत द्वार बाहिरसम्म केटा पक्षकाहरू लिन जान्छन् र आँगन वा उपयुक्त ठाउँ हेरी विवाह मण्डप बनाई स-सम्मान राखिन्छ तर चोरी विवाहमा भने मण्डप नबनाई घरैमा राखिन्छ वा सानोतिनो प्रक्रियामा नै विवाह सीमित हुन्छ । शेर्पा परम्परा अनुसार स्वागत सत्कार पश्चात सर्वप्रथम सम्धी लगाउने विधि सम्पन्न गरिन्छ र बेहुलाले ढोगभेट गर्नु पर्छ । खानपान सँगै विवाहको प्रक्रिया अघि बढ्छ । आफन्तहरूबाट राखिने सरायको काम भोलिपल्ट बिहान मात्र हुन्छ तर हतार भएकाहरूले आफ्नो अनुकूल समयमा दिँदै हिड्ने चलन पनि छ । छोरीलाई आमाले घरभित्रै विदाइ गर्ने भएकाले बाहिर सगुन लिएर जानु पर्दैन । त्यसपछि बेहुली अन्माउनेदेखि घर पुऱ्याउने आदि सम्पूर्ण कार्य शेर्पा परम्परा अनुसार सम्पन्न गरिन्छ । यहाँको शेर्पा समुदायमा विवाहको तीन, पाँच, वा सात दिनमा दुलही फर्कने चलन छ । यस बेला आवश्यक सगुन, कोसेली सहित विवाहका लमी र २/३ जना मान्यजनका साथ दुलाह दुलही जानुपर्छ । यो बेला लगिने छ्याङलाई केछ्याङ भनिन्छ । यसरी यहाँका शेर्पाहरूको विवाह संस्कार पूरा हुन्छ ।

### ४.५.३.मृत्यु संस्कारः

बौद्ध धर्मावलम्बी भएकाले यहाँका शेर्पाहरूको मृत्यु संस्कार पनि लामा विधि अनुसार नै सम्पन्न गरिन्छ । मृत्यु संस्कारमा शव निकालिँदा साइत हेर्नु पर्दछ भने घरबाट निकाल्दा जसले बोकेको हो घाटमा पनि उसैले पुऱ्याउनु पर्छ तर बीचमा अरुले सहयोग गर्न पनि पाउँछन् । लास निकाल्न ढिला हुने भए वा साइत ननिस्किएमा लास नजलाई नै कालो घेवा गरिन्छ । यदि कालो घेवा पछि गर्नु पर्ने भएमा तेन(मृतकको प्रतिरूप) राखिन्छ । शव निकाल्दा सँगै निकालिएको लक्पर्चे रकम मध्ये सिङ्बा(दाउरे) र रोबा(शव बोक्ने)लाई आधा दिनु पर्छ र ज्वाइँलाई अरु थपेर त्यसको दोब्बर दिनु पर्छ । मृत्यु भएको ४९ दिन भित्र सेतो घेवा गरिन्छ । यदि ४९ दिनमा पनि अन्तिम संस्कार पूरा हुन नसकेमा ङ्वा(चोखिने कार्य) गरी घरमा लुङ्दर हालिन्छ र क्रिया चाँहि पछि गरिन्छ । यसरी यस क्षेत्रका शेर्पाहरूको मृत्यु संस्कार पूरा गरिन्छ ।

### ४.५.४.चाडपर्व तथा उत्सवहरूः

यस क्षेत्रका शेर्पाहरू बौद्ध परम्परा अनुसार कै चाडपर्वहरू मनाउँछन् । ल्होसार( ग्याल्बो),ल्हप्सु, सकदका, ङ्युने आदि यहाँका मुख्य पर्वहरू हुन् । ङ्युने पर्वमा निराहार बसी गुफा बस्ने चलन रहेको छ । यहाँका शेर्पाहरूले हिन्दु राज्यको प्रभाव र सरसङ्गतका कारण दसैं, तिहार पनि मनाउने गरेको देखिन्छ तर हिजोआज यो चलन हट्दै गएको पाइन्छ । यसका

साथै साउने सङ्क्रान्ति र माघे सङ्क्रान्ति पनि विशेष रूपमा मनाउँछन् । यसरी यस क्षेत्रका शेर्पाहरू आफ्नो परम्परा अनुसारका पर्वहरू मनाउछन् ।

## ४.६ बिगु, आलम्पु ,चिलङ्खा,खोपाचागु तथा सुस्पा क्षेत्रका शेर्पाहरूको संस्कृतिः

दोलखा जिल्लको निर्वाचन क्षेत्र नं. २ तामाकोसी नदीदेखि पश्चिमी भागमा पर्दछ । यस क्षेत्रमा एक नगरपालिका र २३ गाविस रहेको छ । त्यस मध्ये बिगु, आलम्पु, चिलङ्खा, खोपाचागु, सुस्पा लगायतका विभिन्न गाविसमा शेर्पाहरूको बसोबास रहेको छ । त्यसै गरी सदरमुकाम चरिकोटमा पनि विभिन्न क्षेत्रबाट आएका शेर्पाहरू बस्ने गर्दछन् । विशेष गरेर तामाकोशी पश्चिमका यस क्षेत्रका शेर्पा समुदायको लोकसंस्कार तथा परम्परा प्रायः समान रहेको देखिन्छ । बिगु गाविसमा प्रायः सबै वडामा शेर्पाहरूको बसोबास रहेको छ । त्यसै गरी आलम्पुमा करिब १० घर, चिलङ्खामा ६० घर, खोपाचागुमा ३५ घर, र सुस्पा क्षेत्रमा ६५ घरजति शेर्पाहरू रहेका छन् । (स्रोत : भिलेज प्रोफाइल-२०६६) पूर्वी नेपालबाट बसाइँ सरी विभिन्न समयदेखि यस क्षेत्रमा बसोबास गर्दै आएका शेर्पा समुदायको लोकजीवन तथा चालचलन पनि बौद्ध परम्परामा नै आधारित रहेको देखिन्छ । शेर्पा परम्परा अनुसारको पोसाक लगाउनु , अतिथिहरूको सम्मान गर्नु, गुम्बा तथा स्तूपाहरूमा गई धार्मिक पूजापाठ गर्नु यस क्षेत्रका शेर्पाहरूको विशेषता रहेको छ । त्यसै गरी चौंरी तथा पशुपालन, कृषि, व्यापार तथा वैदेशिक रोजगार आदि यस क्षेत्रका शेर्पाहरूको पेसा रहेको छ । यस क्षेत्रका शेर्पाहरूको संस्कृतिको तुलनात्मक अध्ययन गर्दा जुँगु र काब्रेको तुलनामा केही कुरामा सामान्य भिन्नता देखिन्छ ।

### ४.६.१. न्वारानः

यस क्षेत्रका शेर्पाहरूको जन्मसंस्कार बौद्ध धर्म परम्पराका आधारमा लामा विधिबाट नै सम्पन्न गरिन्छ । जन्मिएको बालकको ३ देखि ११ दिनसम्ममा न्वारान गरिन्छ । छोरी जन्मिएमा ५ दिनमा र छोरा जन्मिएमा ११ दिनमा लामा ल्याई न्वारान गर्ने र नाम राख्ने चलन छ ।

### ४.६.२. विवाह संस्कारः

बौद्ध परम्परा अनुसार नै विवाह संस्कार पूरा गरिने भएता पनि यस क्षेत्रका शेर्पा समुदायको विवाह विधिमा केही भिन्नता रहेको देखिन्छ । जुन यस प्रकार रहेको छ ।

#### (क) टिछ्याङः

मागी विवाह, चोरी विवाह, प्रेम विवाहमध्ये मागी विवाह गर्दा सर्वप्रथम केटी माग्न जाँदा ४ माना रक्सी वा छ्याङ सगुन लगिन्छ । यस क्षेत्रका शेर्पाहरू विवाहका बेला केटीको आमा, मामा र काकाको विशेष महत्त्व राख्छन् । तसर्थ टिछ्याङ स्वरूप लगिएको सगुन खुवाउदा आमा, मामा र काकाको उपस्थिति चाँहिन्छ वा सहमति चाँहिन्छ । सगुन खाएपछि यदि केटीले असहमति जनाए वा बिहे हुन नसकेमा सगुन फिर्ता गर्नु पर्छ ।

#### (ख) देम्छ्याङः

यस क्षेत्रका शेर्पा संस्कारमा विवाहको दोस्रो चरणमा सम्पन्न गरिने देम्छ्याङ विधिमा आमालाई एक टिन रक्सी, मामालाई १२ माना निगार र काकालाई पनि रक्सीको भाग लानु पर्छ । निगार र रक्सीको साथमा प्रत्येकलाई खिर र गसक(मासुको चटनी) थाल वा डबकामा चुली पारेर लैजानु पर्दछ । देम्छ्याङ विधि पूरा भएपछि लगन हेरी बिहेको टुङ्गो गर्न फेरि सगुन र खाताक लगिन्छ । त्यसपछि आपसी सल्लाह अनुसार विवाह प्रक्रिया अघि बढाइन्छ ।

### (ग) बेहुली लिन जानेः

यस क्षेत्रका शेर्पाहरूको परम्परा अनुसार बेहुली लिन जाँदा जन्तीसँगै आवश्यक कोसेली र दस्तुर वापत रक्सीको टिन, खिर र गसक आमा, मामा र काकालाई छुट्टा-छुट्टै भाग लगिन्छ । जन्ती दुलहीको घरमा पुग्दा आँगनमा लम्ज्याङ भनेर सगुन राखिन्छ । सगुन खाएपछि जन्ती बस्नका लागि बनाइएको मण्डपमा आराम गर्दछन् । त्सपछि सम्मानका साथ कोसेलीपात आदि माइतीलाई बुझाइन्छ र विवाहको प्रक्रिया क्रमशः अघि बढ्छ । विवाहका बेला ठूलो काठको भाँडो वा बाल्टीमा तोङ्बा भरेर केटा पक्षका मान्यजनहरूलाई एकै ठाउँमा खान दिइन्छ जुन प्राय सबैले पालो-पालो गरेर खान्छन् । विवाहको बेला देखाइने वीरताको नाँच(सिली) नाँच्दा एउटै व्यक्तिले एक हातमा तरबार र एक हातमा चमर अनिवार्य लिनु पर्दछ ।

त्यसै गरी विवाहको तीन दिनपछि रक्सी, खिर, गसक आदि कोसेली सहित दुलही फर्कनु पर्छ । यदि चोरी बिहे भएमा विवाह पूर्व केटा पक्षले ठेगाने पोङ(रक्सी) र खादाक लानु पर्छ यस्तो बिहे गरिँदा छोरीलाई माइती घरबाट नअन्माई बेहुलाको घर नजिकै बेहुली घर बनाई माइतीहरूलाई समेत त्यहीँ उपस्थित गराई बिहे सम्पन्न गरिन्छ । यस्तो बिहेमा केटा पक्षकाले माइतीलाई बढी नै सम्मान सत्कार गर्ने चलन रहेको छ । मागी बिहे हुँदा केटा पक्षकालाई विभिन्न गरगहना तथा कपडा ल्याउनु पर्छ भनी केटीतर्फबाट माग गर्न सक्छ र माइतीले पनि कपडा तथा गहनापात दिने गर्दछन् । चोरी बिहेमा भने सबै केटा पक्षले बेहोर्नु पर्छ र माइतीले कुनै प्रकारको खानपान, गरगहना तथा कपडा दिनु पर्दैन । चोरी बिहेमा बिहे नसकुन्जेल माइतीलाई मीठो-मीठो खाना दिएर पाल्नु पर्दछ । विवाहमा आएका आफन्तहरूबाट सराय रकम उठाउने बेलामा गीत गाउँने र नाँच्ने चलन हुँदैन भने पैसा राख्नेले पैसा राखेको अनुपातमा आ-अफ्नो भागमा आउने रक्सी थाप्छन् । यसरी लिएको रक्सी घर लैजाने वा त्यहीँ बाँडीचुडी खाने गर्छन् । बिहे भएको तिन वर्ष अर्थात् तिन ल्होसार पछि छोरीलाई दाइजो दिइन्छ । यसरी यस क्षेत्रका शेर्पाहरूको विवाह कार्य सम्पन्न गरिन्छ ।

### ४.६.३.मृत्यु संस्कारः

यस क्षेत्रका शेर्पाहरू बौद्ध धर्मावलम्बी नै भएकाले मृत्यु संस्कारमा बौद्ध धर्म अनुसार लामा विधि नै अपनाउँछन् । त्यसैले तुनात्मक रूपमा जुँगु र काब्रेकोसँग धेरै समानता रहेको देखिन्छ तर दाहसंस्कारको बेला घाटमा लगिँदा लक्पर्चे(घाटखर्च) लानु पर्दैन । त्यसै गरी शवमा दागबत्ती दिँदा लामा र छोराले सुरु गरेपछि अन्य चार रु(थर)का शेर्पाबाट चार सुरमा एकैपटक आगो लगाउने चलन छ । अन्तिम दाहसंस्कार पछि एक हप्ताभित्रमा कालो घेवा(न्यापोर) गरिन्छ । बाँकी सबै कार्य लामा विधि अनुसार पुरा गरिन्छ ।

### ४.६.४.चडपर्व तथा उत्सवहरूः

यस क्षेत्रका शेर्पाहरू बौद्ध तथा शेर्पा परम्परा अनुसारकै पर्वहरू मनाउँछन् । ल्होसार, ङिउने, बुद्धजयन्ती, साउने तथा माघे सङ्क्रान्ति आदि पर्वहरू प्रमुख रूपमा यहाँ मनाउछन् तर यस क्षेत्रका शेर्पाहरू तोला ल्होसार मनाउँछन् र ल्होसारमा देउसीभैलो पनि खेल्छन् तर हिजोआज कसैले सोनाम ल्होसार र कसैले ग्याल्बो ल्होसार पनि मनाउन थालेको देखिन्छ । यस क्षेत्रमा सुस्पा, बिगु, खोपाचागु र  चिलङ्खामा एक-एक वटा गुम्बा रहेको छ । जसमध्ये बिगुको गुम्बा पुरातात्त्विक एवम् ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । बिगु गुम्बामा आनी( भिक्षुणी)हरूले मात्र अध्ययन तथा पाठपूजा गर्ने भएकाले पनि यसको छुट्टै पहिचान रहेको देखिन्छ । यसरी यस क्षेत्रका शेर्पाहरूको संस्कृतिको तुलनात्मक अध्ययन गरिएको छ ।

**निष्कर्षः**

यसरी दोलखाका विभिन्न क्षेत्रमा बसोबास गर्ने शेर्पाहरूको संस्कार बौद्ध परम्परामा नै आधारित देखिन्छ तापनि भौगोलिक भिन्नता एवं वातावरणीय प्रभावका कारण जुँगु र काब्रेको तुलनामा अन्य क्षेत्रका शेर्पाहरूको संस्कृति केही फरक रहेको देखिन्छ । खास गरी न्वारान, विवाह तथा मृत्य संस्कार र चाडपर्व मनाउने विधिमा सामान्य अन्तर देखिन्छ । जे होस् सांस्कृतिक व्यवहारमा सामान्य फरकपन देखिए तापनि सम्पूर्ण शेर्पाहरूको मूल जाति तथा संस्कृति चाँहि एउटै हो भन्ने कुरा स्पष्ट छ । शेर्पा जातिले आफ्नो जातीय तथा धार्मिक परम्पराका आधारमा मूल व्यवहार गरे पनि आफ्नो छुट्टै पहिचान समेत कायम राखेको देखिन्छ ।

# परिच्छेद - ५

**उपसंहार :**

दोलखा जिल्ला जनकपुर अञ्चलको ६ जिल्लामध्ये हिमाली र पहाडी दुईवटै प्रदेशसँग जोडिएको एक जिल्ला हो । यहाँ विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको छ । राजधानीको नजिकै रहेको जिल्ला भए तापनि बत्तीमुनिको अँध्यारो जिल्ला भन्दा फरक नपर्ने यस जिल्लामा ग्रामीण क्षेत्र बढी भएको हुँदा विकासको दृष्टिले अलि पछाडि नै परेको देखिन्छ । प्राकृतिक दृष्टिले मनोरम विभिन्न धार्मिक स्थल तथा गौरीशङ्कर हिमशिखरले यस जिल्लाको गरिमालाई उच्च राखेको देखिन्छ ।

सामाजिक कोणबाट हेर्दा दोलखा जिल्लामा विभिन्न जातजातिको बसोबास रहेको देखिन्छ । विशेष गरी यहाँ ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, शेर्पा, थामी, सार्की, कामी, दमाई आदिको बसोबास रहेको छ । धार्मिक दृष्टिकोणले यहाँ बौद्ध, हिन्दु, क्रिश्चियन धर्मावलम्बीहरू रहेका छन् तापनि हिन्दु धर्मावलम्बीहरूको नै बाहुल्यता रहेको देखिन्छ । विभिन्न जातजातिमा जन्मदेखि मृत्युसम्मका आ-आफ्नै संस्कार, धर्म, रीतिरिवाज, चाडपर्व एवम् मूलयमान्यता रहेको छ । यहाँको समाजमा मुख्य रूपमा दसैं, तिहार, ल्होसार, माघे तथा साउने सङ्क्रान्ति, तीज, जनैपूर्णिमा, बुद्धजयन्ती (सकदका),डुम्जी, छ्योकोर, टुक्पाछेजी जस्ता प्रमुख चाड मान्ने गरिन्छ भने विवाह, व्रतबन्ध, पास्नी, न्वारान, चौरासी र काजक्रिया जस्ता संस्कार गर्दछन् । यस्ता चाडपर्व र संस्कारहरूमा नाँचगान गरेर मनोरञ्जन पनि लिने गरिन्छ । यहाँका मानिसहरूको मुख्य पेसा कृषि भए पनि नोकरी, व्यापार र पशुपालन गर्नेको सङ्ख्या पनि रहेको छ । प्रशस्त हिमाली र पहाडी ठाँउ भएकाले र चेतनाको कमीले गर्दा केही ठाँउमा विद्यालय भए पनि विद्यार्थी पढ्न आएको देखिँदैन् । यस जिल्लामा प्रशस्त नदीनाला भए पनि उचित सदुपयोग भएको देखिँदैन । हालै माथिल्लो तामाकोशी, तामाकोशी-२, तामाकोशी-३ जस्ता जलविद्युत परियोजना सञ्चालन हुन लागेकाले गौरीशङ्करको फेदी लामाबगरसम्म सडक बिस्तार भइरहेको छ भने जिल्लाका विभिन्न क्षेत्रमा सडक बिस्तार हुन लागेबाट यस जिल्लामा विकासको सम्भावना बढेर गएको देखिन्छ ।

संस्कृति परम्परादेखि चलिआएको र नयाँ पुस्तामा क्रमशः हस्तान्तरण हुँदै सामाजिक परिवर्तन र विकास अनुसार केही परिमार्जन तथा बिस्तार हुँदै आएको देखिन्छ । संस्कृति, मानव जीवनको संस्कार वा व्यवहार भएकाले यसले लोकसमाजको विविध पक्षलाई समेटेको पाइन्छ । दोलखा जिल्लाको विभिन्न क्षेत्रमा प्रचलित शेर्पा संस्कृतिमा यस क्षेत्रका शेर्पा जनजीवनको यथ( ार्थ चित्रण पाइन्छ । यहाँका मानिसका जीवन भोगाइका अनुभवहरू उनीहरूको संस्कृतिमा प्रतिबिम्बित भएको देखिन्छ ।

निष्कर्षमा भन्नु पर्दा यस अध्ययनमा दोलखा जिल्लाको जुँगु र काब्रे क्षेत्रमा प्रचलित शेर्पा संस्कृति(चालचलन) तथा संस्कार गीतलाई समेट्ने प्रयास भएको छ । उक्त संस्कृति तथा संस्कार गीतको विश्लेषणको माध्यमबाट यहाँको शेर्पा जातिहरूको संस्कृति र संस्कार गीत सम्बन्धी मौलिकताको पहिचान हुन गएको छ । प्रस्तुत अध्ययन पत्रमा दोलखा जिल्लाको जुँगु र काब्रे क्षेत्रमा प्रचलित शेर्पा संस्कृति र संस्कार गीतका साथै जिल्लाभित्रका विभिन्न क्षेत्रमा रहेका शेर्पा संस्कृतिको तुलनात्मक अध्ययनलाई समेत समेटिएको छ । यसले आगामी दिनहरूमा दोलखाको जुगुँ र काब्रे क्षेत्रमा प्रचलित शेर्पा संस्कृति र संस्कार गीतको अध्ययन गर्न चाहने सबैको लागि र शोध गर्न चाहने अन्य शोधार्थीहरूलाई पनि सहयोग पुग्नेछ भन्ने आशा गर्न सकिन्छ ।

## सन्दर्भ ग्रन्थसूची


अ. टाकथोवा शेरपा, गेसेस् संर्ग्यस् तेन्जीन(२०५०) मोला, काठ्माण्डौः नेपाल प्रिन्टिङ्गप्रेस, असन ।

आ. विष्ट, डोरबहादुर(२०३०) सबैजातका फुलबारी, ललितपुरः साझा प्रकाशन पुल्चोक ।

इ. शेर्पा, दावा(२०५८) शेर्पा भाषा एक अध्ययन, काठ्माण्डौः इमेज कम्प्युटर लिङ्क,बौद्ध ।

ई. शेर्पा, फुरी(२०६२) शेर्पा रीतिथिति र भाषा शिक्षा, काठ्माण्डौः इमेज कम्प्युटर लिङ्क,बौद्ध ।

उ. श्रेष्ठ, तेजप्रकाश(२०६०) नेपाली लोकसंस्कृति केही सम्पदा, केही परम्परा, ललितपुरः साझा प्रकाशनः पुल्चोक ।

ऊ. जिल्ला सूचना केन्द्र(२०५८) दोलखा जिल्ला पार्श्वचित्र, प्रकाशन : जिविस दोलखा ।

ए. दोलखा स्मारिका (२०६३) प्रकाशनः कर्मचारी मिलन केन्द्र, चरिकोट दोलखा ।

# परिशिष्टः

शब्दार्थ

शेर्पा　　　　　नेपाली

आङ्गी - महिलाले लगाउने बक्खु
कर्छ्याङ - दुलाहा चिनाउदा खुवाइने छ्याङ, सगुन
केम्छ्याङ - शव अगाडि अर्पण गरिने जाँड, रक्सी, दूध आदि
केल्छ्याङ - लामा विदाइका बेला खुवाइने छ्याङ
खाम - जन्मदाको लेखान्त
खेन्पो लामा - आचार्य लामा गुरु
गेलिङ - सहनाइ जस्तो एक प्रकारको शेर्पा बाजा
ग्याप्टिल - शेर्पा नारीले कम्मरमुनि पछाडिपट्टि लगाउने बाक्लो कपडा
ग्यिङ नृत्य - शव निकालिँदा लामाले नाँच्ने एक प्रकारको नाँच
घेवा - काजक्रिया
चमर्ग्यान - पिठोको चाँद वा टीका
चि बुलु - हिसाब बुझाउनु
छिमार - घिउ, मह र पिठो मिलाई बनाइएको प्रसाद
छेद - पितार्ने वा अर्पण गर्ने कार्य
टसी - मन्त्रोच्चारण सहित शुद्ध गर्ने कार्य
देम्छ्याङ - बाचा बन्धनका लागि दिइने जाँड
परतु - मध्य भाग, शून्यता
पाङ्देन - शेर्पा नारीले कम्मरमुनि अगाडिपट्टि लगाउने एक प्रकारको कपडा
पारेम - बेहुला बेहुलीको विशेष सहयोगी
पेछ्याङ - समापनको छ्याङ
फिज्याल - दण्ड, जरिवाना
फे - पिठो
फेमार - घिउ, मह र सातु पिठो मिलाई बनाइएको परिकार
मार्ग्यन - घिउको टीका वा चाँद
मोला - बोल कबोल, बाचा
यावी - छ्याङमा मर्चा मोल्दा हालिने पिठो
लङ्छ्याङ - उठ्ने बेलाको जाँड
लम्छ्याङ - बाटाको लागि छ्याङ
लुङ्दर - धार्मिक मन्त्र लेखिएको ध्वजा
साङ्दुङ - कर्नाल जस्तो एक प्रकारको शेर्पा बाजा
सिल्छ्याङ - समापनको छ्याङ
सुम्बा - निकटतम नाता सम्बन्ध
सेर्डिम - प्रसाद स्वरूप चढाइएको छ्याङ, रक्सी
सेरुगेकु - एक प्रकारको शेर्पा नाँच
स्यालक्पा - बिहेमा बेहुलीले माइतबाट ल्याएको कोसेली